स्थानीय पाठ्यक्रम
आधारभूत तह (कक्षा १-८)

# हाम्रो गैडहवा हाम्रो पहिचान






**गैडहवा गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही, २०८१

सर्वाधिकार प्रकाशकमा

**प्रमुख सल्लाहकार**

| | |
|---|---|
| श्री सुरेन्द्र पौड्याल | अध्यक्ष |
| श्री माधुरी जैसवाल | उपाध्यक्ष |

**प्राविधिक सहयोग**

श्री युवराज अधिकारी, शैक्षिक गुणस्तर परीक्षण केन्द्र

**पाठ्यक्रम निर्माण तथा लेखन समिति**

| | |
|---|---|
| श्री श्रीप्रसाद गौतम | संयोजक |
| श्री रामजी आचार्य | सदस्य |
| श्री बाबुराम बरई | सदस्य |
| श्री गुलाब चन्द चमार | सदस्य |
| श्री शिवचन्द्र बरुण | सदस्य |
| श्री रमेश कुमार नाउँ | सदस्य |
| श्री राजेश्वर निसाद | सदस्य |
| श्री अमरजीत यादव | सदस्य |
| श्री संजय कुमार यादव | सदस्य |
| श्री सुशिला चौधरी | सदस्य |
| श्री हरिश चन्द कोहार | सदस्य |
| श्री बालिका गौडेल | सदस्य |
| श्री माधवराज पौडेल | सदस्य - सचिव |

**सल्लाहकार**

| | |
|---|---|
| श्री प्रदीपकुमार चौधरी | : वडा नं १, अध्यक्ष |
| श्री सराजुद्दीन धुनिया | : वडा नं २, अध्यक्ष |
| श्री रामअजोर यादव | : वडा नं ३, अध्यक्ष |
| श्री सुरेन्द्रसिंह कुर्मी | : वडा नं ४, अध्यक्ष |
| श्री विजयकुमार शर्मा | : वडा नं ५, अध्यक्ष |
| श्री राजकुमार लोध | : वडा नं ६, अध्यक्ष |
| श्री लालबहादुर केवट | : वडा नं ७, अध्यक्ष |
| श्री भुवनसिंह राना | : वडा नं ८, अध्यक्ष |
| श्री मिना क्षेत्री | : वडा नं ९, अध्यक्ष |

**प्रकाशक : गैडहवा गाउँपालिका, रुपन्देही**
**सर्वाधिकार प्रकाशकमा**
**प्रथम संस्करण : २०८१**

# भूमिका

नेपाल भौगोलिक, जातीय, धार्मिक, सांस्कृतिक, सामाजिक रितीरिवाजको दृष्टिले विविधतायुक्त देश हो । यी सबै किसिमका विविधता सम्बोधन गरी व्यावहारिक ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन केल राष्ट्रिय पाठ्यक्रमले मात्र सम्भव हुँदैन । यो राष्ट्रिय पाठ्यक्रमको परिधिभित्र रहेर स्थानीय सन्दर्भ, भाषा, संस्कृति, परम्परा, र भौगोलिक अवस्थालाई ध्यानमा राखी पाठ्यक्रम तयार पार्ने प्रक्रिया हो । देशको भौगोलिक, सामाजिक, सांस्कृतिक, जातीय, व्यावसायिक, भाषिक र पेसागत रुपमा देखा परेको विविधताले राष्ट्रिय र स्थानीय तथा क्षेत्रगत पाठ्यक्रमको आवश्यकताको प्रतिबिम्बित गर्दछ । राष्ट्रिय पाठ्यक्रमको विकास गर्दा अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय परिवेश तथा आवश्यकतालाई ध्यान दिने गरिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार स्थानीय पाठ्यक्रमको कार्यान्वयन स्थानीय तहबाटै हुने भएकाले सोअनुरुप क्षमता विकास गरी सबै विद्यालयमा मातृभाषा र स्थानीय विषयको पठनपाठन सुनिश्चित गर्ने दायित्व पनि स्थानीय तहमै रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसारको संरचनामा स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउँदा स्थानीय आवश्यकता पूर्ति हुनाका साथै सिकाइप्रतिको अपनत्वसमेत विकास हुन्छ । यही आवश्यकतालाई दृष्टिगत गरी स्थानीय तहमा स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रम विकास गरिएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले कक्षा १ देखि ८ सम्म नै पठनपाठन हुने गरी स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय सरोकारवालाहरुको सहभागिता र विज्ञहरुको सहभागिता तथा स्थानीय तहको सहयोग र समन्वयमा मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय पाठ्यक्रम कार्यान्वयनले स्थानीय सम्पदा, भूगोल, हावापानी, स्थानी पेसा, व्यवसाय, प्रविधि, मूल्य, मान्यता, भाषा, कला र संस्कृतिको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याएको हुन्छ । स्थानीय विशेषताको एकीकृत स्वरूपले राष्ट्रिय पहिचानको समेत प्रतिनिधित्व गरेको हुन्छ ।

विद्यालय शिक्षाको मुख्य दस्तावेज राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले गरेको प्रावधानअनुसार **"हाम्रो गैडहवा हाम्रो पहिचान"** नामक स्थानीय पाठ्यक्रम विकास गरिएको छ । पाठ्यक्रम निर्माणका लागि गाउँ शिक्षा समितिबाट पाठ्यक्रम निर्माण तथा लेखन समिति र सल्लाहकार समिति गठन गरिएको थियो । गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको सक्रियतामा गैडहवा गाउँपालिकाका सरोकारवालाहरूको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माणको लागि आवश्यकता पहिचान गरी पाठ्यक्रम विज्ञ र स्थानीय विज्ञको सहभागितामा विषयवस्तुको प्राथमिकीकरण गरिएको थियो । पाठ्यक्रम निर्माण तथा लेखन समितिले पाठ्यक्रम विज्ञद्वारा तयार गरिएको पाठ्यक्रम विकासको ढाँचाबमोजिम पाठ्यक्रमको मस्यौदा तयार गरेको थियो भने त्यसलाई पाठ्यक्रमको चरण तथा प्रक्रियाअनुरुप अन्तिमीकरण गर्ने कार्य पाठ्यक्रम विज्ञहरुद्धारा गरिएको थियो ।

विकास गरिएको स्थानीय पाठ्यक्रम शैक्षिक सत्र २०८१ देखि गाउँपालिका भित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरूमा एकै साथ लागु गरिनेछ । यस पाठ्यक्रमले स्थानीय आवश्यकतामा आधारित व्यावहारिक विषयवस्तुहरू समावेश गरेको छ भने सिकाइ सहजीकरण प्रक्रियासमेतलाई प्रयोगात्मक तथा परियोजनामा आधारित सिकाइ विधिको अवलम्बन गर्नुपर्ने कुरामा जोड दिएको छ । यस पाठ्यक्रमको कार्यान्वयनले गैडहवा गाउँपालिकाको विविध पक्ष ( गैडहवाको परिचय, गैडहवाका सम्पदाहरु, गैडहवाका पेसा, व्यवसाय र प्रविधि, वातावरण, असल आचरण, नैतिकता र जीवनोपयोगी सिप, दुर्घटना तथा विपत् व्यवस्थापन, व्यक्ति र संस्थाको योगदान) लगायतका विषयवस्तुहरूको बारेमा विद्यार्थीहरूमा ज्ञान, सिप, अभिवृत्ति तथा मूल्य र कार्य गर्ने तत्परताको विकास गरी उनीहरूमा श्रमप्रति सम्मान तथा आधारभूत सिपको विकास गरी गाउँपालिकाको समग्र विकासमा सहयोग पुग्ने अपेक्षा लिइएको छ । स्थानीय पाठ्यक्रम निर्माणमा खट्ने कार्यदलका सदस्यहरू, रचनात्मक तथा अमूल्य राय सुझाव दिई पाठ्यक्रमलाई अन्तिम रुप प्रदान गर्नुहुने पाठ्यक्रम विज्ञहरु तथा अन्तरक्रिया कार्यक्रममा सक्रिय सहभागी हुने जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक, समाजसेवी, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी सबैमा धन्यवाद दिन चाहन्छौं । अन्त्यमा, स्थानीय पाठ्यक्रम निर्माणको यो पहिलो प्रयासमा सबै विषय क्षेत्रहरू नसमेटिएको हुन सक्छ । पाठ्यक्रम जीवन्त र गतिशील दस्तावेज भएकोले आवश्यक रुपमा यसलाई तदारुकताका साथ अद्यावधिक तथा परिमार्जन गर्दै लगिनेछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई परिमार्जन र सुधारका लागि रचनात्मक सुझाव तथा पृष्ठपोषण प्रदान गर्नको लागि सम्बन्धित सबै सरोकारवालाहरूमा अनुरोध गर्दछौं ।

**उपाध्यक्ष**
श्री माधुरी जैसवाल

**अध्यक्ष**
श्री सुरेन्द्र पौड्याल

## विषयसूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. तहगत सक्षमता | ३ |
| ३. कक्षागत सिकाइ उपलब्धि | ४ |
| ४. विषयवस्तुको क्षेत्र र क्रम | १३ |
| ५ विषयवस्तुको विस्तृतीकरण र सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | २५ |
| ६. सम्भावित परियोजना तथा प्रयोगात्मक क्रियाकलापहरू | ८७ |
| ७. सिकाइ सहजीकरण विधि र प्रक्रिया | ९५ |
| ८. विद्यार्थी मूल्याङ्कन | |
| (क) कक्षा १–३ को मूल्याङ्कन प्रक्रिया | ९९ |
| (ख) कक्षा ४–८ को मूल्याङ्कन प्रक्रिया | ११४ |
| ९. विषयवस्तुको क्षेत्र/एकाइ र अनुमानित कार्यघण्टा | ११६ |


**अनसूचीहरू**


अनसूची १ : कक्षा १ को मूल्याङ्कन अभिलेखीकरण फाराम

अनसूची २ : कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम

अनुसूची ३ : कक्षा ३ को मूल्याङ्कन अभिलेखीकरण फाराम

अनुसूची ४ : विशिष्टीकरण तालिका कक्षा ६–८

## १. परिचय

विद्यार्थीको सर्वाङ्गीन पक्षको विकासको लागि सिकाइको मेरुदण्डको रुपमा पाठ्यक्रमलाई लिने गरिन्छ । पाठ्यक्रममा सम्बन्धित विषयको सक्षमता, अपेक्षित उपलब्धि, विषयवस्तु, सिकाउने तरिका, उपलब्धि हासिल भए नभएको मूल्याङ्कन जस्ता पक्षहरु समावेश गरिएको हुन्छ । पाठ्यक्रम विकासमा सिकारु, समकालीन समाजको आवश्यकताका साथै भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । पाठ्यक्रममा विषय तथा विषयवस्तुको छनोट गर्दा विशेष गरेर अन्तर्राष्ट्रिय रूपमा व्यापकता पाएका विषय र राष्ट्रिय आवश्यकताका विषयलाई मुख्य विषयको रूपमा लिइएको हुन्छ । राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देशभित्रका फरक फरक स्थानका फरक फरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नुपर्दछ । यसका लागि राष्ट्रियस्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयको रूपमा पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको छ । नेपालको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरिने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न नसक्ने अवस्था भएकाले सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मर्मअनुसार स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन आवश्यक छ । यसका लागि स्थानीय सरोकारवालालाई संलग्न गराई सिकाइ सहजीकरण प्रक्रियामा स्थानीय स्रोत र विज्ञतालाई उपयोग गर्नुपर्दछ ।

नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताले धनी देश हो । सामाजिक चालचलन, रितीरिवाज, धर्म, संस्कृति, पेसा, व्यवसाय, परम्परागत ज्ञान, सिप र प्रविधि, हावापानी, वातावरण, भूबनोट, वन सम्पदा, जलसम्पदा, कृषियोग्य जमिन र उत्पादन हुने बालीनाली, तरकारी खेती, जडीबुटी खेती आदिका दृष्टिले प्रचूर मात्रामा विविधता छ । राष्ट्रिय पाठ्यक्रमले देशका सबै ठाउँको विविधतालाई समेटेर पाठ्यक्रम बनाउन सक्दैन । तसर्थ स्थानमा आधारित तथा सामाजिक परिवेशमा आधारित भई आ आफ्नो स्थानमा नै पाठ्यक्रम बनाउने गरी एउटा विषयको पाठ्यक्रम बनाउने जिम्मा स्थानीय तहलाई दिइएको छ ।

स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय विषयवस्तु, स्थानीय आवश्यकता र स्थानीय सरोकारवालाहरुको सहभागिता र विज्ञताको प्रयोग गरी स्थानीय स्तरमा निर्माण र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम रुपमा परिभाषित गर्न सकिन्छ । स्थान वा क्षेत्रमा आधारित स्थानीय पाठ्यक्रम विकास गर्दा राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय पेशा, व्यवसाय, प्रविधि, सम्पदा, कला संस्कृति, वातावरण संरक्षण र विकास, स्थानीयस्तरमा आइपर्ने विपद् व्यवस्थापन जस्ता पक्षलाई सम्बोधन गरी स्थानीय ज्ञान, सिप, सिर्जनाहरूको पहिचान, विकास, संरक्षण, व्यवस्थापन, संवर्धन र प्रवर्धन गर्ने आधारभूत तहको एउटा विषयको रुपमा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तह तथा विद्यालयलाई दिइएको छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । यी विविध पक्षहरुको आधारमा स्थानीयस्तरमा पाठ्यक्रम विकास गर्दा स्थानीय विषयवस्तु, स्थानीय आवश्यकता र स्थानीय विज्ञहरुको सहभागितामा पाठ्यक्रम विकास गर्नको लागि पाठ्यक्रम विकास गर्ने चरणहरु अवलम्बन गरी गैडहवा गाउँपालिकाको सहयोग र समन्वयमा पाठ्यक्रम निर्माण समिति र पाठ्यक्रम विज्ञको सहयोगमा यो पाठ्यक्रम विकास गरिएको हो ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मागदर्शन, २०७६ ले निर्दिष्ट गरेका प्रावधानहरुको आधारमा स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गर्ने गरी यो पाठ्यक्रम विकास गरिएको छ । यो पाठ्यक्रम निर्माण गर्नुको मुख्य उद्देश्य स्थानीय विषयवस्तु, स्थानीय आवश्यकताहरू पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नतामा पाठ्यक्रम विकास गर्ने र विद्यार्थीहरूमा स्थानीय ज्ञान, सिप, अभिवृत्तिको विकास गर्ने, श्रमको सम्मान गर्ने भावनाको विकासको साथै स्थानीय पेसा, व्यवसाय, प्रविधि, मूल्य मान्यता, वातावरण संरक्षण तथा प्रवर्धन गर्ने रहेको छ । यस पाठ्यक्रममा विशेषतः गैडहवाको परिचय, गैडहवाका सम्पदाहरु, गैडहवाका पेसा, व्यवसाय र प्रविधि, गैडहवाको वातावरण, असल आचरण, नैतिकता र जीवनोपयोगी सिप, दुर्घटना तथा विपत् व्यवस्थापन, व्यक्ति तथा संस्थाको योगदान जस्ता मुख्य विषय क्षेत्रहरु समावेश गरिएको छ । यस पाठ्यक्रमले स्थानीय ज्ञान, सिप, सिर्जना तथा मूल्य मान्यताको विकास गर्नको लागि अनुभव आदानप्रदान, परियोजना तथा प्रयोगात्मक क्रियाकलाप र सिकाइअनुभवहरूको प्रतिविम्बन जस्ता विधि र प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने पक्षलाई जोड दिइएको छ । विद्यार्थीहरूलाई उनीहरूले विभिन्न माध्यमबाट आर्जन र विकास गरेका ज्ञान, सिप र अभिवृत्तिलाई घर, विद्यालय तथा समुदायमा प्रयोग गर्ने खालका क्रियाकलापहरूलाई जोड दिई निर्माणात्मक (सिकाइका लागि मूल्याङ्कन) र निर्णयात्मक मूल्याङ्कनका साधनहरूको माध्यमबाट उनीहरूले सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गरी सिकाइ सुनिश्चित गरिने कुरालाई जोड दिइएको छ । आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम (एकीकृत पाठ्यक्रम) ले गरेको प्रावधानअन्तर्गत कक्षा १ देखि ३ सम्म सिकाइका लागि मूल्याङ्कन र कक्षा ४ देखि ८ सम्म आन्तरिक मूल्याङ्कनको लागि ५० प्रतिशत भार र बाह्य/अन्तिम मूल्याङ्कनको लागि ५० प्रतिशत भार कायम गरी विद्यार्थीहरुले हासिल गरेका समग्र उपलब्धिलाई निर्णयात्मक मूल्याङ्कनको रुपमा अभिलेख गरी लेटर ग्रेडिङ पद्धतिअनुसार विद्यार्थीले हासिल गरेको नतिजा प्रदान गरिने कुरालाई यस पाठ्यक्रमले समेटेको छ । सिकाइलाई बढी भन्दा बढी प्रयोगात्मक र सिपमूलक बनाई स्थानीय स्तरमा भएका विषयवस्तुसँग सान्दर्भिकृत गरी सहजीकरण गर्नुपर्ने कुरालाई यस पाठ्यक्रमले जोड दिएको छ । स्थानीय विषयवस्तुको सहजीकरणको लागि स्थानीय विषयवस्तुसँग सम्बन्धित स्थानीय स्रोत व्यक्तिको सहयोगमा प्रयोगात्मक र परियोजनामा आधारित सिकाइ क्रियाकलाप गराउने पक्षमा यस पाठ्यक्रमले जोड दिएको छ । सैद्धान्तिक ज्ञान भन्दा पनि दीर्घकालीन रुपमा गैडहवा गाउँपालिकामा प्रभाव पार्ने किसिमका प्रयोगात्मक विषयवस्तुलाई समेटिएको हुनाले पाठ्यक्रममा भएका विषयवस्तुलाई सहजीकरण गर्दा प्रयोगात्मक, परियोजना कार्य, समस्या समाधान, क्षेत्रभ्रमण, सर्वेक्षण, सोधखोज, प्रदर्शन, प्रश्नोत्तर, छलफल आदि विधिको प्रयोग गरी सिकाइलाई बढी सान्दर्भिक र व्यावहारिक बनाउने पक्षलाई पाठ्यक्रमले जोड दिएको छ ।

**२. तहगत सक्षमता**

**कक्षा १ -३ का सक्षमताहरु**

(क) गाउँटोल, वडा र गैडहवा गाउँपालिकाको सामान्य जानकारी

(ख) गैडहवाको जातजाति, भाषिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक र स्थानीय लोकसङ्गीतको पहिचान, सम्मान र सहभागिता

(घ) आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरुको पहिचान, महत्वबोध तथा बालबगैंचा निर्माण र वातावरणको सरसफाइमा सहयोग

(ङ) स्वस्थ र असल बानी व्यवहारहरुको पहिचान र अवलम्बन

(च) घर, विद्यालय तथा सडक दुर्घटना र यसबाट बच्ने उपायहरु पहिचान र सजगता अवलम्बन

**कक्षा ४-५ का सक्षमताहरु**

(क) गैडहवा गाउँपालिकाको भौगोलिक, हावापानी, जनसाङ्खिक, पूर्वाधार र प्राकृतिक अवस्था र अवस्थितिको जानकारी

(ख) गैडहवाको धार्मिक, सांस्कृतिक, सामाजिक, प्राकृतिक, ऐतिहासिक र लोकसङ्गीत र व्यक्तिगत दर्ता सम्बन्धी जानकारी र सहभागिता

(ग) हस्तकलाका सामग्री, बालीनाली, तरकारी तथा पशु तथा पंक्षीपालनको परिचय, महत्व बोध र खेती तथा पालनमा सहयोग

(घ) आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरुको महत्वबोध र उपयोग तथा वातावरण संरक्षण, र सरसफाइमा सहयोग

(ङ) स्थानीयस्तरमा आइपर्ने विपत् तथा दुर्घटनाबाट बच्ने उपायहरु पहिचान र अवलम्बन

(च) गैडहवाको शैक्षिक, सामाजिक तथा पूर्वाधारहरुको विकासमा योगदान पुऱ्याएका व्यक्ति तथा सामाजिक संस्थाको परिचय र योगदानको जानकारी

**कक्षा ६-८ का सक्षमताहरु**

(क) गैडहवा गाउँपालिका, रुपन्देही जिल्ला र लुम्बिनी प्रदेशको नक्साङ्कन सिप विकास, गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुको पहिचान र तिनको प्रभावकारीताका उपायहरुको खोजी

(ख) स्थानीय सरकारको परिचय, गठन तथा काम, कर्तव्य र अधिकारको जानकारी,

(ग) गैडहवाको धार्मिक, सांस्कृतिक, सार्वजनिक, पर्यटकीय अवस्थाको विश्लेषण र महत्वबोध तथा संरक्षण र विकासमा सहयोग

(घ) गैडहवामा उत्पादन गर्न सकिने तरकारी, फलफूल खेती, अन्नबाली, नगदेबाली, बमौसमी खेती, हस्तकलाका सामग्री निर्माण र प्रयोग

(ङ) आफ्नो वरपरको वातावरण, दिगो विकास र हरित विद्यालयको अवधारणाबोध, प्रयोग, संरक्षण र प्रवर्धन

(च) गैडहवामा घट्न सक्ने विपत्हरुको व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण तथा सुरक्षा व्यवस्थापन सम्बन्धी कानूनी प्रावधानको जानकारी र व्यवस्थापनमा व्यक्ति तथा विभिन्न निकायको भूमिका पहिचान र अवलम्बन

(च) गैडहवाको शैक्षिक, सामाजिक तथा पूर्वाधारहरुको विकासमा योगदान पुऱ्याएका व्यक्ति तथा सामाजिक संस्थाको परिचय र योगदानको जानकारी र सम्मान

## ३. कक्षागत सिकाइ उपलब्धि

| क्र.स. | थिम | विषयवस्तु | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | **गैडहवा गाउँपालिकाको परिचय** | • गाउँपालिकाको परिचय दिन<br>• गैडहवा गाउँपालिकालाई चित्रमा पहिचान गर्न<br>• गैडहवा गाउँपालिकाको सिमाना छुट्याउन<br>• वडा कार्यालयको चित्र पहिचान गर्न<br>• वडामा रहेका विद्यालय र स्वास्थ्य चौकी वा सेवा केन्द्रहरु पहिचान गर्न<br>• सफा पिउने पानी, बिजुली, यातायात र सञ्चारको पहिचान गर्न | • रुपन्देही जिल्लाको नक्सा अवलोकन गरी गैडहवा गाउँपालिका चिन्न<br>• जाडो हुने महिना र धेरै गर्मी हुने महिना बताउन<br>• वडा समितिका प्रतिनिधिहरु पहिचान गर्न<br>• पालिकाका नदी, खोला, बाटा, सडक जानकारी दिन<br>• आफु बसेको वडामा भएका विद्यालय, स्वास्थ्य सेवा केन्द्र र खानेपानी तथा सरसफाइको अवस्था बताउन<br>• बिजुली बत्ती, यातायात र सञ्चारका साधनको सामान्य परिचय दिन | • लुम्बिनी प्रदेशको नक्सा अवलोकन गरी रुपन्देही जिल्ला र गैडहवा गाउँपालिका चिन्न<br>• गैडहवाको मौसमी अवस्था बताउन<br>• वडाका प्रतिनिधिको कार्य बताउन<br>• वडामा हुने विकास निर्माणका कार्यहरु बताउन<br>• वडा कार्यालयमा जन्म, मृत्यु र विवाह दर्ता हुने जानकारी दिन<br>• वडाअन्तर्गतका विद्यालय, स्वास्थ्य केन्द्रमा उपलब्ध सेवाको जानकारी दिन<br>• विद्यालय, खानेपानी, बिजली, यातायात र सञ्चारको महत्व बताउन |
| २ | **गैडहवाका सम्पदाहरु** | • गैडहवा गाउँपालिकाको धार्मिक स्थलहरुको पहिचान गर्न<br>• आफूले बोल्ने भाषा र जात पहिचान गर्न<br>• स्थानीय गीत गाउने कार्यमा सहभागी हुन<br>• स्थानीय लोकगीतमा सामान्य नृत्य अभ्यास गर्न<br>• आफ्नो घर तथा छिमेकमा मनाइने चाडपर्वमा गरिने सामान्य क्रियाकलाप बताउन र सहभागी हुन | • गैडहवा गाउँपालिकाका धार्मिक स्थलहरुको परिचय दिन<br>• गैडहवा गाउँपालिकाको पुरानो र अहिलेको बजार स्थलको अवस्था बताउन<br>• गैडहवा गाउँपालिकामा बोलिने भाषाहरुको पहिचान गर्न<br>• स्थानीय गीत र नृत्य अभ्यासमा सहभागी हुन<br>• गैडहवा गाउँपालिकाका चाडपर्वहरुको पहिचान गर्न<br>• गैडहवा गाउँपालिकाका जातजातिको पहिचान गर्न र स्थानिय वेषभुषा बताउन | • गैडहवा गाउँपालिकाका धार्मिक स्थलको परिचय दिन<br>• गैडहवा गाउँपालिकाको पुरानो र अहिलेको बजारको भिन्नता छुट्याउन<br>• गैडहवा गाउँपालिकामा बोलिने भाषाहरु बोल्ने सामान्य अभ्यास गर्न<br>• स्थानीय गीत तथा नृत्य अभ्यास गर्न<br>• गैडहवा गाउँपालिकामा मनाइने चाडपर्वको नाम, समय र मुख्य क्रियाकलापहरु<br>• गैडहवा गाउँपालिकाका जातजातिको पहिचान गर्न र स्थानिय वेषभुषा बताउन |
| ३ | **गैडहवाका पेसा, व्यवसाय र प्रविधि** | • आफ्नो अभिभावकले गर्ने पेसा तथा व्यवसायको नाम बताउन<br>• आफ्नो घरमा वर्षभरिमा उत्पादन हुने बालीनालीको नाम बताउन | • गाउँटोलका मानिसले गर्ने पेसा र व्यवसायको सामान्य परिचय दिन<br>• स्थानीय पेशा तथा व्यवसायको परिचय दिन<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारीको | • आफ्नो वडा भित्रका मानिसले अपनाएका पेसा व्यवसायको परिचय दिन<br>• स्थानीय पेसा व्यवसायको सम्मान गर्न<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारीको परिचय दिन र महत्व बताउन |

| | | | | |
|---|---|---|---|---|
| | | • घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली, फलफूलको चिनारी दिन<br>• घरमा उत्पादित वस्तु बिक्री गर्ने स्थान<br>• आफ्नो घर र छरछिमेकमा प्रयोग हुने स्थानिय प्रविधिहरुको पहिचान गर्न | परिचय दिन र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबालीको परिचय दिन र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबालीको परिचय दिन र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल बालीको परिचय दिन र महत्व बताउन<br>• स्थानीयस्तरमा उत्पादन हुने दलहन बालीको परिचय दिन र महत्व बताउन<br>• खेतिपातीमा प्रयोग गरिने औजारहरू पहिचान गर्न<br>• स्थानिय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु पहिचान गर्न र परिचय दिन<br>• दैनिक किनमेल गर्ने स्थानको नाम र सामानहरुको विवरण बताउन | • स्थानीय स्तरमा उत्पादन हुने अन्नबालीको परिचय दिन र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबालीको परिचय दिन र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल बालीको परिचय दिन र महत्व बताउन<br>• स्थानीयस्तरमा उत्पादन हुने दलहन बालीको परिचय दिन र महत्व बताउन<br>• स्थानिय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु पहिचान गर्न र परिचय दिन |
| ४ | **स्वस्थ जीवन, नैतिकता र जीवनोपयोगी सिप** | • स्वस्थ जीवनको लागि पशुजन्य पोषणको पहिचान गर्न<br>• स्वस्थ जीवनको लागि स्थानीय अन्न/खाद्यको पहिचान गर्न<br>• स्थानीय खेलको पहिचान र अभ्यास गर्न<br>• व्यक्तिगत सरसफाइ गर्ने तरिका बताउन र सरसफाइ गर्न<br>• घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग गर्न<br>• घरायसी सामानको जतन गर्ने तरिका र उक्त कार्यमा सहभागी हुन<br>• ठिक तरिकाले उठ्ने, बस्ने र कुरा गर्ने तरिका अभ्यास गर्न<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको नाम बताउन<br>• आफ्ना दौतरीहरुसँग मिलिजुलि बस्ने | • पोषणको परिचय र महत्व बताउन<br>• स्वस्थ जीवनको लागि स्थानीय अन्न/खाद्यको परिचय दिन र महत्व बताउन<br>• स्थानीय खेलको पहिचान र अभ्यास गर्न<br>• आफुभन्दा ठुलालाई आदर सत्कार र सानालाई माया गर्न<br>• परिवारको सदस्यहरुलाई घरको काममा सहयोग गर्न<br>• घरायसी सामानहरुको उचित पहिचान र प्रयोग गर्न<br>• सरसफाइमा प्रयोग हुने सामानको पहिचान र प्रयोग गर्न<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागिता जनाउन<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको रेखदेख | • पोषणको परिचय दिन र महत्व बताउन<br>• स्वस्थ जीवनको लागि स्थानीय अन्न/खाद्यको परिचय दिन र महत्व बताउन<br>• स्थानीय खेलको पहिचान र अभ्यास गर्न<br>• मान्यजनहरु, नातागोता र पाहुनाको सम्मान र सत्कार गर्न<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको उचित तरिकाले प्रयोग गर्न<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय दिन र अभ्यास गर्न<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता जनाउन<br>• घरपरिवार, चर्पि, धारा, पाटीपौवा र वरपरको वातावरण सफा राख्ने बानीको विकास गर्न<br>• अपाङ्ग, दृष्टिविहिन, बुढा र असहाय व्यक्तिलाई सम्मान र सहयोग गर्न<br>• सञ्चारका माध्यम र साधनको चिनारी दिन |

| | | | | |
|---|---|---|---|---|
| | | अभ्यास गर्न<br>• राम्रो, नराम्रो, असल, खराब बानी व्यवहारहरु पहिचान गर्न<br>• आफु बस्ने ठाँउ तथा कोठाको सरसफाइ गर्न | • उपयुक्त किसिमले बोल्न, हिडडुल र सन्तुलित खाना खाने बानीको विकास गर्न<br>• छरछिमेकमा आफूले सक्ने काममा आपसी सहयोग गर्न | र उचित तरिकाले प्रयोग अभ्यास गर्न |
| **५** | **गैडहवाको वातावरण** | • घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू पहिचान गर्न<br>• घर तथा विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरूको चिनारी दिन<br>• स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको पहिचान गर्न<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग गर्न<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग गर्न<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह गर्ने कार्यमा सहयोग गर्न<br>• फोहोरमैलाको पहिचान र उचित ठाउँमा राख्ने अभ्यास गर्न | • स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको वर्गीकरण गर्न<br>स्थानीय बोटबिरुवाहरूको परिचय दिन<br>• बगैँचाको परिचय दिन<br>• घर र विद्यालयमा वृक्षरोपणमा सहयोग गर्न र सहभागी हुन<br>• बोटबिरुवाको संरक्षणमा सहयोग गर्न<br>• वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान गर्न<br>• फोहोरमैलाको परिचय दिन र प्रकार (कुहिने र नकुहिने) बताउन<br>• घर तथा विद्यालयमा हुने फोहोर व्यवस्थापनमा आफूले सकेको सहयोग गर्न | • गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको पहिचान गर्न<br>• स्थानीय बोटबिरुवाको महत्व र उपयोग बताउन<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन<br>• घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न<br>• फोहोरमैला व्यवस्थापनको परिचय दिन<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) मा सहयोग गर्न<br>• वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान गर्न र सरसफाइ कार्यमा सहभागी हुन |
| **६** | **दुर्घटना तथा विपद व्यवस्थापन** | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिका बताउन<br>• गाउँटोल वरपर घट्न सक्ने दुर्घटनाहरुको पहिचान गर्न<br>• सडकमा हुन सक्ने दुर्घटनाहरुको पहिचान गर्न र सजगता अपनाउन<br>• विद्यालयमा हुने दुर्घटनाहरुको पहिचान गर्न र सजगता अपनाउन | • आफु र आफ्नो सामानको सुरक्षा गर्न<br>• दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिकाहरुको पहिचान र अवलम्बन गर्न<br>• गैडहवा गाउपालिकामा हुन सक्ने दुर्घटना, प्रकोपहरु र महामारीको पहिचान गर्न<br>• घर, टोल वरपर, सडक र विद्यालयमा हुने दुर्घटनाप्रति सजगता अपनाउन<br>• घर तथा विद्यालयमा घट्न सक्ने विपद्को नाम बताउन | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीको सुरक्षित प्रयोग गरी यसबाट सुरक्षित रहन<br>• घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीहरुको जानकारी र अवलम्बन गर्न<br>• गैडहवा गाउपालिका हुन सक्ने दुर्घटना, प्रकोप र महामारीको सामान्य परिचय दिन<br>• दुर्घटना, प्रकोप र विपद्प्रति सजगता अपनाउन<br>• घर तथा विद्यालयमा आउन सक्ने विपदहरुको पहिचान र सुरक्षाका उपाय अवलम्बन गर्न |

## कक्षागत सिकाइ उपलब्धि (कक्षा ४–५)

| क्र. स. | एकाइ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | **गैडहवा गाउँपालिका को परिचय** | • गैडहवा नाम रहनुका कारणहरु र इतिहास वर्णन गर्न<br>• गैडहवा गाउँपालिकाको हावापानी, उचाइ र क्षेत्रफल बताउन<br>• आफु बस्ने वडामा रहेका स्वास्थ्य केन्द्र/अस्पतालको परिचय दिन<br>• आफु बसेको वडाका उपभोक्ताले उपभोग गर्ने पिउने पानीको उपलब्धताको अवस्था बताउन<br>• गैडहवा गाउँपालिकामा रहेका विभिन्न विकृतिहरु जस्तो धुम्रपान, मधपानको परिचय दिन<br>• सामाजिक कुरीतिको परिचय, कारण, असर र न्यूनीकरणका उपायहरु बताउन<br>• स्थानीय तहबाट प्रवाह हुने सेवाहरु (शिक्षा, स्वास्थ्य, सञ्चार, कृषि, खानेपानी, पशु आदि) को जानकारी दिन | • गैडहवा गाउँपालिकाको बनोट वर्णन गर्न<br>• गैडहवा गाउँपालिकाको नक्सांकन गर्न<br>• गैडहवा गाउँपालिकाको वडागत जनसंख्या र साक्षरता बताउन<br>• यातायात, विद्युत् र सञ्चार सेवाको विस्तार पहुँच भएका वडा र मुख्य ठाँउ र महत्व बताउन<br>• आफू बसोबास गरेको समुदायको विगत र वर्तमान अवस्था तुलना गर्न<br>• जातिय छुवाछुत र भेदभावले व्यक्तिगत तथा सामाजिक जीवनमा पार्ने प्रभावहरु पहिचान गर्न<br>• गैडहवा गाउँपालिकामा रहेका विभिन्न विकृतिहरु जस्तो धुम्रपान, मधपान र लागू पदार्थ सेवन गर्नुका कारण, असर र रोकथामका उपायहरु पहिचान गर्न<br>• सामाजिक कुरीतिको परिचय, कारण, असर र न्यूनीकरणका उपायहरु बताउन |
| २ | **गैडहवाका सम्पदाहरु** | • गैडहवा भएका पर्यटकीय स्थलको परिचय दिन र महत्व बताउन<br>• गैडहवा गाउँपालिकाका मानिसले लगाउने पहिरनको पहिचान गर्न र महत्व बताउन<br>• मानव निर्मित र प्राकृतिक सम्पदाको वर्गीकरण गर्न र महत्व बताउन<br>• गैडहवा गाउँपालिकामा बसोबास गर्ने जातजातिको पहिचान गर्न र बेषभुषा बताउन<br>• गैडहवाका विशेष परिकारको परिचय दिन र महत्व बताउन | • गैडहवामा भएका पर्यटकीय स्थलको परिचय दिन र महत्व बताउन<br>• जलसम्पदाको परिचय दिन र महत्व बताउन<br>• गैडहवा गाउँपालिका र छिमेकी गाउँपालिकामा हुने जात्राको परिचय दिन<br>• गैडहवा गाउँपालिकामा बसोबास गर्ने जातजातिको पहिचान गर्न र बेषभुषा बताउन<br>• गैडहवाका विशेष परिकारको परिचय दिन र महत्व बताउन |
| ३ | **गैडहवाका पेसा, व्यवसाय र प्रविधि** | • स्थानिय स्तरका व्यवसाय र हस्तकलाका सामग्रीहरु (नाम, आवश्यक सामग्री र प्रयोजन बताउन<br>• घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान गर्न र परिचय दिन तथा उक्त कार्यमा सहयोग गर्न<br>• फलफूल खेतीको परिचय दिन र महत्व बताउन<br>• पशुपन्छी पालन गर्ने तरिका र महत्व बताउन<br>• तरकारी तथा फलफूलमा पाइने पौष्टिक तत्वहरु पहिचान गर्न | • स्थानिय स्तरका व्यवसाय र निर्मित हस्तकलाका सामग्रीहरु (नाम, आवश्यक सामग्री र प्रयोजन बताउन<br>• गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रको पहिचान गर्न<br>• मौसमी तथा बेमौसमी तरकारी खेतीको परिचय र खेती कार्यमा सहयोग गर्न<br>• नगदेबालीको परिचय दिन र खेती कार्यमा सहयोग गर्न<br>• स्थानीय रैथाने बालीहरू खेती कार्यमा सहयोग गर्न |

| | | | |
|---|---|---|---|
| | | • घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरीका बताउन<br>• दैनिक जीवनमा प्रयोग गरिने वस्तुहरुको उपयोगमा मितव्ययिता अपनाउन | • व्यावसायिक कृषिबाट हुने आर्थिक महत्व बताउन<br>• गैडहवामा उत्पादन हुने वस्तुहरु, बिक्री गर्ने बजारको विवरण प्रस्तुत गर्न<br>• गैडहवामा उत्पादित र निर्मित वस्तुको उपयोग गर्नुपर्छ भन्ने कुरामा सचेततीकरण हुन र उपयोग गर्न |
| ४ | **गैडहवाको वातावरण** | • गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने पशुपन्छीको परिचय दिन र महत्व बताउन<br>• वडा क्षेत्रको वनमापाइने औषधिजन्य वनस्पतिहरू पहिचान गर्न<br>• विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुन<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न<br>• फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) र व्यवस्थापनमा सहयोग गर्न | • गाउँपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको उपयोग र महत्व बताउन<br>• विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहयोग गर्न<br>• गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका बताउन<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरू ( कम उपयोग, पुन प्रयोग र प्रशोधन) खोजी गर्न<br>• घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय  दिन |
| ५ | **दुर्घटना तथा विपत् व्यवस्थापन** | • दुर्घटना एवम प्राकृतिक र मानव सिर्जित विपत्को परिचय दिन<br>• मानव सिर्जित वा गैरप्राकृतिक विपत्को कारण र असर र न्यूनीकरण तथा बच्ने उपायहरु बताउन<br>• दैनिक रुपमा प्रयोग गरिने घरायसी र पेसागत सामग्रीको सुरक्षित तरिकाले प्रयोग गर्ने तरिका बताउन र नमुना अभ्यास गर्न<br>• यात्राको समयमा हुनसक्ने सम्भावित जोखिम पहिचान र बच्ने उपायहरु अवलम्बन गर्न<br>• सडक दुर्घटना हुने कारण, असर र रोकथामका उपायहरुको खोज र अवलम्बन गर्न | • दुर्घटना एवम प्राकृतिक र मानव निर्मित विपत्मा भिन्नता बताउन<br>• मानव सिर्जित वा गैरप्राकृतिक विपत्को कारण र असर र न्यूनीकरण तथा बच्ने उपायहरु बताउन<br>• प्राकृतिक विपत्को कारण र असर र न्यूनीकरण तथा बच्ने उपायहरु बताउन<br>• चाडपर्वको समयमा हुनसक्ने सम्भावित जोखिम पहिचान र न्यूनीकरणका उपायहरुको खोजी र अवलम्बन गर्न |
| ६ | **हाम्रा व्यक्तित्व र संघ संस्थाहरुको परिचय तथा योगदान** | • बचत संस्कृतिको विकासमा सहयोग गर्न<br>• वडा भित्र सञ्चालित शैक्षिक संस्थाहरुको परिचय दिन<br>• गाउँपालिका क्षेत्रभित्रका विशिष्ट योगदान पुर्‍याउने समाज सेवीहरुको परिचय दिन र योगदानको चर्चा गर्न<br>• समाजसेवीहरुले गरेका कार्यहरुको सम्मान र अनुकरणीय पक्षहरु पहिचान गर्न<br>• वडाभित्र सञ्चालित स्वास्थ्य संस्थाको परिचयदिन र सेवाहरुको जानकारी दिन | • बचत संस्कृतिको विकास (लघुवित्ता, जीवन वीमा बैंक र सहकारी संस्थाहरु, समूह बचत) मा सहभागी हुन<br>• गाउँपालिकाको नमुना विद्यालयको परिचय दिन<br>• वडा भित्र सामाजिक संघ संस्थाहरुद्धारा गरिएका कामहरु बताउन<br>• पालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवाहरुको जानकारी दिन<br>• स्थानीय क्षेत्रमा शिक्षामा योगदान गरेका व्यक्तिहरूको परिचय दिन र योगदानको सम्मान गर्न |

## कक्षागत सिकाइ उपलब्धि (कक्षा ६–८)

| क्र. स. | एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | **गैडहवा गाउँपालिकाको परिचय** | • गैडहवा गाउँपालिकाको नक्सामा महत्वपूर्ण ठाँउहरु संकेतन गर्न<br>• गैडहवा गाउँ कार्यपालिकाको गठन प्रक्रिया र कार्यहरु बताउन<br>• गैडहवा गाउँपालिकाको शिक्षा नीति र ऐन नियमको सामान्य विशेषताहरु बताउन<br>• गाउँपालिकाको बालबालिका, युवा र खेलकुद सम्बन्धी कार्यक्रम र सेवाहरुको जानकारी दिन<br>• आफु बसेको वडाका मुख्य विद्यालयको परिचय र सञ्चालित कक्षा र तह बताउन<br>• आफ्नो गाउँपालिका रहेका कलेज/क्याम्पसको परिचय दिन<br>• गाउँपालिकामा रहेका स्वास्थ्य केन्द्र तथा अस्पतालले दिने सेवाहरुको पहिचान र आवश्यकताअनुसार उपयोग गर्न<br>• जातिय भेदभाव र छुवाछुत जन्य व्यवहारका कारणहरु र न्यूनीकरणका उपायहरु बताउन | • रुपन्देही जिल्लाको नक्सांकन र गैडहवा गाउँपालिकालाई संकेतीकरण गर्न<br>• गैडहवा गाउँपालिकाका सिमाना र मुख्य नाकाको महत्व र विशेषता बताउन<br>• गाउँसभाको गठन प्रक्रिया र कार्य बताउन<br>• न्यायिक समितिको गठन र कार्य बताउन<br>• गाउँपालिकाका विभिन्न विषयगत शाखाको परिचय र कार्य बताउन<br>• गैडहवा गाउँपालिकाको स्वास्थ्य सम्बन्धी नीति तथा ऐनकानूनका सामान्य विशेषता बताउन<br>• गाउँपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रम र सेवाहरुको जानकारी दिन<br>• विद्युत् वितरणको अवस्था र वैकल्पिक ऊर्जाको सम्भावना खोजी गर्न<br>• छोराछोरीबिच देखिने लैङगिक विभेदका कारण उत्पन्न हुने समस्या र निराकरणको लागि सचेतनामूलक कार्यक्रम संचालन गर्न | • लुम्बिनी प्रदेशको नक्सांकन र रुपन्देही जिल्ला र गैडहवा गाउँपालिकालाई संकेतीकरण गर्न<br>• गाउँपालिकाको भौगोलिक र राजनीतिक विभाजनको परिचय दिन<br>• गाउँपालिका प्रमुख र उपप्रमुखको कार्यहरु बताउन<br>• गाउँपालिकाको विद्युत, यातायात, सिँचाइ, तथा प्राकृतिक सम्पदा सम्बन्धी कार्यक्रम र सेवाहरुको जानकारी दिन<br>• गैडहवा गाउँपालिकाको शिक्षा, स्वास्थ्य बाहेकका विकासका पूर्वाधार सम्बन्धी नीति, ऐनकानूनका सामान्य विशेषताहरु बताउन<br>• गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुलाई प्रभावकारी बनाउने उपायहरु बताउन<br>• गैडहवाका गर्व गर्न सकिने विषयहरुको जानकारी दिन<br>• स्थानीय तहमा सुशासनको अवधारणा, महत्व र सुशासन कायम गर्ने उपायहरु बताउन |
| २ | **गैडहवाका सम्पदाहरु** | • धार्मिक सम्पदाको ऐतिहासिक पृष्ठभूमि, महत्व तथा संरक्षण र प्रवर्धनका उपायहरु पहिचान गर्न अवलम्बन गर्न<br>• सार्वजनिक स्थल स्थापनाको पृष्ठभूमि, उद्धेश्य, महत्व र संरक्षण तथा विकासका उपायहरुको खोजी गर्न र संरक्षणमा सहभागी हुन<br>• पर्यटकीय स्थलको ऐतिहासिक पृष्ठभूमि, | • धार्मिक सम्पदाको ऐतिहासिक पृष्ठभूमि, महत्व तथा संरक्षण र प्रवर्धनका उपायहरु पहिचान गर्न अवलम्बन गर्न<br>• सार्वजनिक स्थल स्थापनाको पृष्ठभूमि, उद्धेश्य, महत्व र संरक्षण तथा विकासका उपायहरुको खोजी गर्न र संरक्षणमा सहभागी हुन<br>• पर्यटकीय स्थलको ऐतिहासिक पृष्ठभूमि, | • गैडहवा गाउँपालिकाका धार्मिक सम्पदा र पर्यटकिय, धार्मिक तथा सार्वजनिक स्थलहरुको संरक्षण, संवर्धन र प्रवर्धनमा व्यक्ति, परिवार र समुदायको भूमिका पहिचान गर्न<br>• हिन्द धर्म, क्रिस्चियन धर्म, वौद्ध, मुस्लिम धर्मको परिचय दिन र महत्व बताउन<br>• गैडहवा गाउँपालिकाका खोलानाला तथा जलाधार क्षेत्रको संरक्षण, सम्वर्धन तथा प्रवर्धनमा व्यक्ति, |

| | | | | |
|---|---|---|---|---|
| | | महत्व, संरक्षण र प्रवर्धनका उपायहरुको खोजी गर्न र सहभागी हुन<br>• गैडहवा गाउँपालिकाका चाडपर्वको महत्व, चाडपर्वमा सहभागिता र प्रतिवेदन लेखन गरी प्रस्तुती गर्न | महत्व, संरक्षण र प्रवर्धनका उपायहरुको खोजी गर्न र सहभागी हुन<br>• गैडहवा गाउँपालिकाका चाडपर्वको महत्व, चाडपर्वमा सहभागिता र प्रतिवेदन लेखन गरी प्रस्तुती गर्न | विद्यालय, समुदाय तथा स्थानिय तहको भूमिका बताउन<br>• गैडहवा गाउँपालिका र समग्र रुपन्देहीका चालचलन, चाडपर्व र रितीरिवाजहरुका सकारात्मक र नकारात्मक पक्षहरुको विश्लेषण गरी सकारात्मक पक्षको संरक्षण, विकास र अवलम्बन गर्न |
| ३ | **गैडहवाका पेसा, व्यवसाय र प्रविधि** | • कृषि र पशुपालनको परिचय दिन र महत्व बताउन<br>• पंक्षीपालनमा सहभागी हुन<br>• मौरीपालनमा सहभागी हुन<br>• माछापालनमा सहभागी हुन<br>• घर तथा विद्यालयमा कम्पोस्ट मल र करेसाबारीको निर्माणमा सहयोग गर्न<br>• अन्नबाली खेती, उपयोग र बजारीकरणमा सहभागी हुन<br>• दलहन बाली खेती, आवश्यकतानुसार उपयोग र बजारीकरणमा सहभागी हुन<br>• तरकारी खेती र आवश्यकताअनुसार उपयोग, बिक्री वितरण गर्न<br>• फलफूल खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरण गर्न<br>• आँप खेतीको लागि कोरिडोर र शितभण्डारको उपयोगिता बनाउन<br>• स्थानीय व्यवसाय तथा स्थानिय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माणमा सहयोग र प्रयोग गर्न<br>• गैडहवाका विशेष परिकार बनाउन, प्रयोग गर्न र आवश्यकताअनुसार बिक्री वितरण गर्न | • कृषि पेशा अवलम्बन गर्न चाहिने आधारभूत प्राविधिक ज्ञानको जानकारी दिन<br>• पशुपालनमा सहभागी हुन<br>• पंक्षीपालनमा सहभागी हुन<br>• कृषि उत्पादनमा मलखाद तथा सूक्ष्म खाद्य तत्वको परिचय दिन र आवश्यकता बताउन<br>• बेमौसी खेती गर्न (काँक्रा, करेला, टमाटर आदि)<br>• अन्नबाली खेती, उपयोग र बजारीकरण गर्न<br>• नगदेबाली खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरणमा सहयोग गर्न<br>• तरकारी खेती र आवश्यकताअनुसार उपयोग, बिक्री वितरणमा सहयोग गर्न<br>• फलफूल खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरणमा सहयोग गर्न<br>• स्थानिय व्यवसाय तथा परम्परागत हस्तकलाका सामग्रीहरु निर्माणमा सहयोग र प्रयोग गर्न<br>• गैडहवाका विशेष परिकार बनाउन, प्रयोग गर्न र आवश्यकताअनुसार बिक्री वितरण गर्न | • पशुपालनमा सहभागी हुन<br>• खेतिपातीमा प्रयोग गरिने विषादीको समुचित प्रयोगको तरिका पहिचान र प्रयोग गर्न<br>• जैविक खेती प्रणालीको महत्व र आवश्यकता बताउन<br>• जैविक विषादीको परिचय दिन र प्रयोग गर्न<br>• अन्नबाली खेती, उपयोग र बजारीकरणमा सहयोग गर्न<br>• नगदेबाली खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरणमा सहयोग गर्न<br>• तरकारी खेती र आवश्यकताअनुसार उपयोग, बिक्री वितरणमा सहयोग गर्न<br>• फलफूल खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरणमा सहयोग गर्न<br>• आधुनिक प्रविधिको महत्व र प्रयोग (ट्र्याक्टर, थ्रेसर) बताउन<br>• स्थानिय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माणमा सहयोग र प्रयोग गर्न<br>• स्थानीय कृषि बजारको परिचय र आवश्यकता बताउन<br>• उत्पादित वस्तुको उपभोग तथा बजारीकरणमा सहयोग गर्न<br>• गैडहवाका विशेष परिकार बनाउन, प्रयोग गर्न र आवश्यकताअनुसार बिक्री वितरण गर्न |
| ४ | **गैडहवाको** | • वडा क्षेत्रमा वृक्षारोपण, हरियाली प्रवर्धनको परिचय दिन, महत्व बताउन | • वडाभित्रका सामुदायिक वनहरुको परिचय, महत्व, फाइदा र संरक्षणका उपायहरु | • वडा क्षेत्रमा भएका वनहरूमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानूनी |

| | | | | |
|---|---|---|---|---|
| | वातावरण | तथा तरिका र सहभागी हुन<br>• हरित गृह/घरको अवधारणा/परिचय दिन<br>• विद्यालयमा करेसाबारीको निर्माणमा सहयोग गर्न<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण र जडीबुटी खेती गर्न र बजारीकरणमा सहयोग गर्न<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरू पहिचान गर्न<br>• गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरू (परम्परागतरुपमा उपयोग गरिने छान्ने, उमाल्ने, परम्परागत फिल्टर आदि) खोजी र अवलम्बन गर्न<br>• गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरूको जानकारी दिन<br>• गाउँपालिकाले स्वच्छ वातावरण निर्माणका लागि गरेका अभ्यासहरुको जानकारी दिन | बताउन<br>• वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानूनी व्यवस्थाको जानकारी दिन<br>• हरित गृह/घरको आवश्यकता तथा महत्व बताउन<br>• घर र विद्यालयमा करेसाबारी र फूलबारी/पुष्प बगैंचाको निर्माण, उत्पादन, बजारीकरण र आर्थिक फाइदा (स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरू र स्थानीय फूलहरूमा सहयोग गर्न<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण र जडीबुटी खेती र बजारीकरणमा सहयोग गर्न<br>• विद्यालय तथा घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन (सोकपिट, रिचार्ज पोखरी, करेसाबारीमा उपयोग) गर्न<br>• विद्यालय तथा घरायसी ठोस फोहोरको व्यवस्थापन (कम्पोष्टिङ -गँड्यौले मल बनाउने प्रक्रियाको अभ्यास) मा सहयोग गर्न<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध व्याख्या गर्न | व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका पहिचान गर्न<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण र जडीबुटी खेती र बजारीकरणमा सहयोग गर्न<br>• दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरू बताउन<br>• हरित गृह/घर निर्माणका लागि आवश्यक आधारभूत पक्षहरू र हरित गृह निर्माण योजना दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध प्रवर्धनका उपायहरुको प्रयोग गर्न<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरू खोजी गर्न र आकासे पानी सङ्कलन विधिको प्रयोग गर्न<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन (बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास) मा सहभागी हुन<br>• गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र गाउँपालिकाको भूमिका पहिचान गर्न<br>• दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयास (विद्यार्थी, विद्यालय र समुदायको भूमिका) को खोजी र अवलम्बन गर्न |
| ५ | विपत् व्यवस्थापन | • स्थानिय स्तरमा घट्न सक्ने सम्भावित प्राकृतिक र मानवीय क्रियाकलाप लगायतका कारणवाट हुन सक्ने विपद्हरुको पहिचान र सुरक्षित रहने उपायहरु खोजी तथा अवलम्बन गर्न<br>• अपाङ्ता भएका बालबालीकालाई विपत्बाट सुरक्षित राख्ने तरिका पहिचान गर्न<br>• विपत् व्यवस्थापनको परिचय दिन र विपद्को पूर्व अनुमान गर्न | • स्थानिय स्तरमा घट्न सक्ने सम्भावित प्राकृतिक र सबै प्रकारका विपद्बाट बच्न सक्ने उपायहरु अवलम्बन र समुदायका मानिसलाई सचेत गराउने कार्यमा सहभागी हुन<br>• विपद् सम्बन्धि पूर्व अनुमान र सुरक्षित रहने तरिका बताउन<br>• समदाय स्तरमा आइपरेका विपद् कार्यमा सहयोग गर्न<br>• विपद् न्यूनीकरण र सुरक्षित व्यवस्थापनमा | • स्थानिय स्तरमा सम्भावित सबै प्रकारका विपद्बाट बच्ने प्रभावकारी उपायहरुको खोजी र अवलम्बन गर्न<br>• समुदाय स्तरमा आइपरेका विपत कार्यमा सहयोग र समन्वय गर्न बालक्बले गर्ने भूमिका निर्वाह गर्न<br>• विभिन्न प्रकारले स्थानीयस्तरमा हुन सक्ने दुर्घटना न्यूनीकरणका उपायहरु खोजी र अवलम्बन गर्न<br>• स्थानीय स्तरमा घट्ना सक्ने विभिन्न प्रकारका महामारीका कारण, लक्षण र रोकथामका बारेमा जानकारी र सजगता अपनाउन<br>• विपद् व्यवस्थापन तथा महामारी रोकथाममा |

| | | | | |
|---|---|---|---|---|
| | | • समुदायमा विपत् व्यवस्थापन सम्बन्धि सचेतना कार्यक्रममा सहभागी हुन<br>• विपत् न्यूनीकरण र सुरक्षित मापदण्डको जानकारी दिन<br>• विभिन्न प्रकारका महामारी बारेमा सामान्य जानकारी र सुरक्षाका उपायहरु बताउन<br>• विपद्का कारण उत्पन्न जोखिमहरुको जानकारी दिन<br>• जोखिमबाट सुरक्षित रहने उपायहरु पहिचान र अवलम्बन गर्न | सहयोग गर्न<br>• विभिन्न प्रकारका महामारी (कोभिड लगायत) बारेमा जनचेतना तथा यसको रोकथामका सामान्य उपायहरु जानकारी र अवलम्बन गर्न<br>• विपद् व्यवस्थापनमा व्यक्ति, संघ सस्थाको भूमिका निर्वाह गर्न<br>• विपद् व्यवस्थापनका अभिभावक र समुदायको भूमिका पहिचान गर्न<br>• विपद्मा मनोपरामर्श गर्ने तरिका अवलम्बन गर्न | गाउँपालिकाले गरेका प्रयासहरुको जानकारी दिन<br>• विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण ऐन, २०७४ अनुसार विपद् व्यवस्थापनको लागि स्थानीय तह खेल्ने भूमिका वर्णन गर्न<br>• विपत्को समयमा सिकाइलाई निरन्तरता दिन अपनाउन सकिने उपायहरुको खोजी र अवलम्बन गर्न |
| ६ | **हाम्रा व्यक्तित्व र संघ संस्थाहरुको परिचय र योगदान** | • गाउँपालिकाका समाजसेवी, प्रेरणादायी व्यक्ति र रुपन्देहीको विकासमा योगदान गर्ने व्यक्तिहरुको परिचय दिन र योगदानको सम्मान गर्न<br>• बाल क्लबको परिचय दिन र कार्यहरु बताउन<br>• चरित्र निर्माण र असल मूल्य मान्यता स्थापना गर्ने कार्यमा बालक्लबको भूमिका पहिचान गर्न | • गैडहवा गाउँपालिकाका स्थानिय ख्याति प्राप्त व्यक्ति, समाजसेविका राम्रा कामहरुको पहिचान गरी सम्मान गर्न<br>• स्काउटको परिचय दिन र योगदानको सम्मान गर्न<br>• आफ्नो वडा भित्र रहेका आमा समूह र उपभोक्ता समितिका कार्यहरु बताउन | • गैडहवाका सहकारी संस्थाको परिचय दिन र समुदायमा पारेको प्रभाव व्याख्या गर्न<br>• जिल्ला भित्र रहेका विभिन्न सामाजिक संघ संस्थाहरुको परिचय दिन र तिनको योगदानको सम्मान गर्न<br>• जुनियर रेडक्रस सोसाइटीको परिचय दिन र कार्य बताउन<br>• इको क्लबको गठन, हरित विद्यालय निर्माणमा इको क्लवको भूमिका पहिचान गरी निर्वाह गर्न |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

| क्र.स. | थिम | विषयवस्तु |  |  | कार्य घन्टा |
|---|---|---|---|---|---|
|  |  | कक्षा १ | कक्षा २ | कक्षा ३ |  |
| १ | **गैडहवा गाउँपालिकाको परिचय** | • गाउँपालिकाको परिचय<br>• गैडहवा गाउँपालिकालाई नक्सामा पहिचान<br>• गैडहवा गाउँपालिकाको सिमाना (पूर्वमा शुद्धोदन गाउँपालिका र मायादेवी गाउँपालकि, उत्तरमा सैनामैना नगरपालिका र कञ्चन गाउँपालिका, पश्चिममा कञ्चन गाउँपालिका र कपिलवस्तु जिल्लाको शुद्धोदन गाउँपालिका, दक्षिणमा लुम्बिनी सांस्कृतिक नगरपालिका )<br>• वडा कार्यालयको चित्र पहिचान<br>• वडामा रहेका विद्यालय र स्वास्थ्य चौकी वा सेवा केन्द्रहरु पहिचान<br>• सफा पिउने पानी, बिजुली, यातायात र सञ्चारको पहिचान | • रुपन्देही जिल्लाको नक्सा अवलोकन र गैडहवा गाउँपालिका चिनारी<br>• जाडो हुने महिना र धेरै गर्मी हुने महिना<br>• वडा समितिका प्रतिनिधिहरुको चिनारी<br>• नदी, खोला, बाटा, सडक (नदी : कञ्चन नदी, दानव नदी, कोठी नदी, खोला : तेलार खोला, इडरिया खोला, सडक : रामापुर लुम्बिनी सडक, फर्सादिकर सूर्यपुरा सडक, लुम्बिनी फारलाइन सडक)<br>• आफु बसेको वडामा भएका विद्यालय, स्वास्थ्य सेवा केन्द्र र खानेपानी तथा सरसफाइको अवस्था<br>• बिजुली बत्ती, यातायात र सञ्चारका साधनको सामान्य परिचय | • लुम्बिनी प्रदेशको नक्सा अवलोकन र गैडहवा गाउँपालिका चिनारी<br>• गैडहवाको मौसमी अवस्था<br>• वडाका प्रतिनिधिको कार्य<br>• वडामा हुने विकास निर्माणका कार्यहरुको सामान्य परिचय<br>• वडा कार्यालयमा जन्म, मृत्यु र विवाह दर्ता हुने जानकारी<br>• वडाअन्तर्गतका विद्यालय, स्वास्थ्य केन्द्रमा उपलव्ध सेवा<br>• विद्यालय, खानेपानी, बिजली, यातायात र सञ्चारको महत्व | १५ |
| २ | **गैडहवाका सम्पदाहरु** | • आफ्नो वडाको धार्मिक स्थलहरु ( हनुमान मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, मस्जिद, मन्ठधारी बाबा मन्दिर, चन्चाई/चण्डी माई, भैसासुर थान, समयमाइ थान, कालीमाई थान, रामजानकी मन्दिर, जोगेश्वर महादेव मन्दिर, राधाकृष्ण मन्दिर, चर्च, मलवरदेवी थान, कोटहीमाइ थान, गणेश मन्दिर, कालिमाता मन्दिर, मणयै चौधरी मन्दिर) को पहिचान<br>• आफूले बोल्ने भाषा र जात पहिचान<br>• स्थानीय गीत (होली गीत, देउसी भैलो, नजम गीत गाउने कार्यमा | • गैडहवा गाउँपालिकाका धार्मिक स्थलहरु (हनुमान मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, मस्जिद, मन्ठधारी बाबा मन्दिर, गणेश मन्दिर, चन्चाई माई, भैसासुर थान, समयमाइ थान, चण्डीमाइ, डीउहार कावा) को परिचय<br>• गैडहवा गाउँपालिकाको पुरानो र अहिलेको बजार स्थल<br>• गैडहवा गाउँपालिकामा बोलिने भाषाहरु : अवधि, थारु, भोजपुरी, नेपाली, उर्दु आदिको पहिचान<br>• स्थानीय गीत (रोपाइ गीत, तीज गीत) गाउने अभ्यासमा सहभागिता<br>• स्थानीय लोकगीतमा सामान्य नृत्य ( | • गैडहवा गाउँपालिकाका धार्मिक स्थल ( कालीमाई थान, रामजानकी मन्दिर, जोगेश्वर महादेव मन्दिर, राधाकृष्ण मन्दिर, चर्च, मलवरदेवी थान, कोटहीमाइ थान, गणेश मन्दिर, कालिमाता मन्दिर, मणयै चौधरी, समयमाथान मन्दिर) को परिचय<br>• गैडहवा गाउँपालिकाको पुरानो र अहिलेको बजारको भिन्नता<br>• गैडहवा गाउँपालिकामा बोलिने भाषाहरु : अवधि, थारु, भोजपुरी, नेपाली, उर्दु आदि बोल्ने सामान्य अभ्यास<br>• स्थानीय गीत (विवाह गीत, पचरी/पतरी गीत, शयर, विराहा | ३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सहभागिता)<br>• स्थानीय लोकगीतमा सामान्य नृत्य ( भजनकीर्तन, होली नृत्य, देउसी भैलो नृत्य) अभ्यास<br>• आफ्नो घर तथा छिमेकमा मनाइने चाडपर्व र मेला (दशैं, तिहार, लक्ष्मी पूजा, फगुवा पर्व (होली) र सामान्य क्रियाकलाप | झुमरा, कहरवा नाँच, फरुवाही, चगेरा नृत्य) अभ्यास<br>• गैडहवा गाउँपालिकाका चाडपर्व र मेला (आफ्नो घर तथा छिमेकमा मनाइने चाडपर्व र मेला (तिला संक्रान्ति, कृष्ण जन्माष्टमी, रामनवमी, माघे संक्रान्ती, छैठ (छठ) पर्व, महाशिवरात्री, सोमबारी, ईद, बकरिद, बड्की आइतवार) र सामान्य क्रियाकलाप<br>• गैडहवा गाउँपालिकाका जातजाति : मगर, यादव, कुर्मी, चौधरी, थारु चौधरी, केवट, कोहार, कहार, ब्राह्मण (......पौडेल लगायत), क्षेत्री, चौहान, मुस्लिम, गुप्ता, पासी, लोध, हरिजन ( चमार) | गीत, सोहर गीत, जलसा गीत) गाउने अभ्यास<br>• स्थानीय लोकगीतमा सामान्य नृत्य ( .सोरठी, लठ्ठी नाँच, नौटङ्की नाँच, ~~आर्केष्ट्रा,~~ झुमडा नाच, पचरा, सालेजो नाँच) अभ्यास<br>• गैडहवा गाउँपालिकामा  मनाइने चाडपर्व र मेला (एकादशी, तिनछठ्ठी, करवा चौथ, एकादशी व्रत, मोहर्रम, छमेला, नागपञ्चमी, रक्षावन्धन, कार्तिक पूर्णिमा नाहनको मेला, रामलिला, दुर्गापुजा, देउराली भुमी पुजा, कुलान पुजा, तीजमेला, क्रिसमस डे, बौद्ध पूर्णिमा) को नाम, समय र मुख्य क्रियाकलापहरु<br>• गैडहवा गाउँपालिकाका जाताजाती : विश्वकर्मा, धोबी, चाई, नाउ, ढाडी, भर, माली, राजभर, थारु, कलवार, बरई, कुमाल, मुसहर, बढई, मुराउ, पाल, कोइरी, गुरुङ, थकाली, कामी, दमाइ, सार्की, भुज, मल्लाह, भर, लोनिया, धरिकार | |
| ३ | **गैडहवाका पेसा, व्यवसाय र प्रविधि** | • आफ्नो अभिभावकले गर्ने पेसा तथा व्यवसाय (कृषि, शिक्षण, व्यापार, स्वास्थ्य.....) को नाम<br>• आफ्नो घरमा वर्षभरिमा उत्पादन हुने बालीनालीको नाम<br>• घरमा प्रयोग हुने तरकारी (तोरी, करेला, फर्सी, आलु खेती, धनियाँ, बन्दागोबी, फूलगोबी, टमाटर, भन्टा, कर्कलो, रायोसाग, पर्बल, लौका, भिण्डी, परवर, खेक्सी, चिचिण्डो, तरोई, घुइया– बण्डा, पिँडालु, प्याज, लसुन, निउरो...) अन्नबाली (धान, मकै, गहुँ, जौ, | • गाउँ टोलका मानिसले गर्ने पेसा र व्यवसायको सामान्य परिचय<br>• स्थानीय पेशा तथा व्यवसायको परिचय<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारी ( तोरी, करेला, फर्सी, आलु खेती, धनियाँ, बन्दागोबी, फूलगोबी, टमाटर) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबाली (धान, मकै, गहुँ,) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबाली (अदुवा, बेसार, ऊखु खेती, तोरी, मसला, लसुन खेती, प्याज खेती, | • आफ्नो वडा भित्रका मानिसले अपनाएका पेसा व्यवसायको परिचय<br>• स्थानीय पेसा व्यवसायको सम्मान<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारी ( भन्टा, कर्कलो, रायोसाग, परवल, लौका, भिण्डी, परवर, खेक्सी, चिचिण्डो, तरोई, वन घुइया– बण्डा, पिँडालु, प्याज, लसुन, निउर, कोचिया) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबाली ( जौ, जुनेलो) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबाली (सजीवन खेती, खिरा खेती, कटहर, | ४० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सरसफाइको अवस्था बताउन<br>• बिजुली बत्ती, यातायात र सञ्चारका साधनको सामान्य परिचय दिन | लुम्बिनी फारलाइन सडक)<br>• आफु बसेको वडामा भएका विद्यालय, स्वास्थ्य सेवा केन्द्र र खानेपानी तथा सरसफाइको अवस्था<br>• बिजुली बत्ती, यातायात र सञ्चारका साधनको सामान्य परिचय | बताउने<br>• वडाभित्रका विद्यालयका चित्रसहित नामहरु उल्लेखित चार्ट प्रस्तुत गर्ने र विद्यालयको परिचय गराउने<br>• आफू बस्ने वडामा स्वास्थ्य सेवा केन्द्र, खानेपानी, सरसफाइको अवस्थाको बारेमा चित्र, भिडियो वा अवलोकनको माध्यमबाट जानकारी गराउने<br>• यातायातको विकास हुँदा के के फाइदाहरु हुन्छ, होला ? प्रश्नमा छलफल गराउने र फाइदाहरु बताइने (आधुनिक सामग्रीको उपलब्धता, यातायात सहज तरिकाले गर्न सकिने, किनमेल सहज हुने आदि)<br>• घरमा बिजुली बत्ती भए नभएको, बिजुली बत्तीको प्रयोग भएको क्षेत्रहरु आदिमा छलफल गराउने र उपयोगिता बताउने<br>• विद्यार्थीहरुलाई सूचना तथा सञ्चारका साधनहरु (मोबाइल, टेलिफोन, रेडियो, एफएम, टेलिभिजन, ल्यापटप, कम्प्युटर, इन्टरनेट आदि) को उपलब्धता र उपयोग सम्बन्धमा अनुभव आदान प्रदान गर्न लगाउने र थप जानकारी दिने | | |
| २ | **गैडहवाका सम्पदाहरु** | • गैडहवा गाउँपालिकाका धार्मिक स्थलहरुको परिचय दिन<br>• गैडहवा गाउँपालिकाको पुरानो र अहिलेको बजार स्थलको अवस्था बताउन<br>• गैडहवा गाउँपालिकामा बोलिने भाषाहरुको पहिचान गर्न<br>• स्थानीय गीत र नृत्य अभ्यासमा सहभागी हुन<br>• गैडहवा गाउँपालिकाका चाडपर्वहरुको | • गैडहवा गाउँपालिकाका धार्मिक स्थलहरु ( हनुमान मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, मस्जिद, मन्ठधारी बाबा मन्दिर, चन्चाई माई, भैसासुर थान, समयमाइ थान) को परिचय<br>• गैडहवा गाउँपालिकाको पुरानो र अहिलेको बजार स्थल<br>• गैडहवा गाउँपालिकामा बोलिने भाषाहरु : अवधि, थारु, भोजपुरी, नेपाली, आदिको पहिचान<br>• स्थानीय गीत (रोपाइ गीत, तीज गीत) गाउने अभ्यासमा | • विद्यार्थीहरुलाई उनीहरुले गैडहवा गाउँपालिकाका कुन कुन ठाउँमा भ्रमण गर्नु भएको छ ? प्रश्न सोध्ने र अनुभव बताउन लगाउने<br>• गैडहवा गाउँपालिकाका धार्मिक स्थलहरु जस्तै : हनुमान मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, मस्जिद, मन्ठधारी बाबा मन्दिर, चन्चाई माई, भैसासुर थान, समयमाइ थानको चित्र वा भिडियो देखाई पहिचान गर्न लगाउने र तिनको महत्व बताउने<br>• माथि उल्लिखित धार्मिक स्थलहरु मध्ये विद्यालयबाट नजिकको स्थलमा विद्याथीहरुलाई भ्रमण गराई आवश्यक जानकारी दिने । यसरी भ्रमण गराउँदा सावधानीहरु (हिड्दा, उक्लदा, ओर्लदा) समेत जानकारी गराउने<br>• गैडहवा गाउँपालिकाको पुरानो र अहिलेको बजारको चित्र वा भिडियो प्रदर्शन गरी भिन्नता छुट्याउन लगाउने<br>• गैडहवा गाउँपालिकाको अहिलेको बजार भ्रमण गराउने र बजारमा भएका मुख्य मुख्य वस्तु तथा सामानको जानकारी गराउने र बजारमा गरिने किनबेचका क्रियाकलापहरुको | • प्रश्नोत्तर<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पहिचान गर्न<br>• गैडहवा गाउँपालिकाका जातजातिको पहिचान गर्न र स्थानिय वेषभुषा बताउन | सहभागिता<br>• स्थानीय लोकगीतमा सामान्य नृत्य (झुमरा, कहरवा नाँच, फरुवाही, चगेरा नृत्य) अभ्यास<br>• गैडहवा गाउँपालिकाका चाडपर्व र मेला ( आफ्नो घर तथा छिमेकमा मनाइने चाडपर्व र मेला (तिला संक्रान्ति, कृष्ण जन्माष्टमी, रामनवमी, माघे संक्रान्ती, छैठ पर्व, सोमबारी, ईद, बकरिद, बड्की आइतवार) र सामान्य क्रियाकलाप<br>• गैडहवा गाउँपालिकाका जातजाति : मगर, यादव, कुर्मी, चौधरी, थारु चौधरी, केवट, कोहार, कहार, ब्राह्मण, क्षेत्री, मुस्लिम, गुप्ता, पासी, लोध, हरिजन (चमार) | जानकारी गराउने<br>• चित्र, शब्द, श्रव्यदृश्य सामग्रीको माध्यमबाट गैडहवा गाउँपालिकामा बोलिने भाषाहरु अवधि, थारु, भोजपुरी, नेपाली, आदिको पहिचान गराउने र बोल्ने अभ्यास गराउने<br>• स्थानीय लोकगीतमा सामान्य नृत्य (झुमरा, कहरवा नाँच, फरुवाही, चगेरा नृत्य) अभ्यास गराउने, यसरी नृत्य अभ्यास गराउँदा आफैं वा स्थानीय लोकगीतमा नृत्य गर्न जान्ने स्रोतव्यक्तिलाई आमन्त्रण गरी अभ्यास गराउने<br>• गैडहवा गाउँपालिकाका चाडपर्वहरु : तिला संक्रान्ति, कृष्ण जन्माष्टमी, रामनवमी, माघे संक्रान्ती, छैठ पर्व, सोमबारी, ईद, बकरिद, बड्की आइतवार सम्बन्धमा विद्यार्थीहरुलाई आफ्नो अनुभव बताउन लगाउने र चित्र वा श्रव्यदृश्यको माध्यमबाट आवश्यक जानकारी दिने<br>• गैडहवा गाउँपालिकाका जातजाति : मगर, यादव, कुर्मी, चौधरी, थारु चौधरी, केवट, कोहार, कहार, ब्राह्मण, क्षेत्री, मुस्लिम, गुप्ता, पासी, लोध, हरिजन (चमार)) र स्थानीय वेषबुषाको बारेमा चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी गराउने | | |
| ३ | **गैडहवाका पेसा व्यवसाय र प्रविधि** | • गाउँटोलका मानिसले गर्ने पेसा र व्यवसायको सामान्य परिचय दिन<br>• स्थानीय पेशा तथा व्यवसायको परिचय दिन<br>• स्थानीय स्तरमा | • गाउँ टोलका मानिसले गर्ने पेसा र व्यवसायको सामान्य परिचय<br>• स्थानीय पेशा तथा व्यवसायको परिचय<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारी (तोरी, करेला, फर्सी, आलु खेती, धनियाँ, | • गाउ टोलका मानिसले गर्ने पेशा र व्यवसायको अवलोकन गराइ नाम भन्न लगाउने<br>• स्थानीय पेशा तथा व्यवसायको परिचय दिई तिनको महत्व बताइदिने<br>• हामीले खाने खानेकुरा के के बाट प्राप्त हुन्छ भनि सोध्ने र कृषि जन्य स्रोत  पशुजन्य स्रोतबाट प्राप्त हुन्छ भनी बताउने<br>• विद्यार्थीहरुलाई आफ्नो घरमा कुन कुन तरकारी, अन्नबाली, नगदेबाली, फलफूल खेती, दलहन बालीको खेती गरिएको छ ? के कामका लागि प्रयोग गरिएको छ ? उपयोग गर्दा बढी भएको उत्पादित वस्तु के गर्ने गरिएको छ ? छलफल गर्न लगाउने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• अभिभावक प्रतिक्रिया | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उत्पादन हुने तरकारीको परिचय दिन र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबालीको परिचय दिन र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबालीको परिचय दिन र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल बालीको परिचय दिन र महत्व बताउन<br>• स्थानीयस्तरमा उत्पादन हुने दलहन बालीको परिचय दिन र महत्व बताउन<br>• खेतिपातीमा प्रयोग गरिने औजारहरू पहिचान गर्न<br>• स्थानिय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु पहिचान गर्न र परिचय दिन<br>• दैनिक किनमेल गर्ने स्थानको नाम र सामानहरुको विवरण | बन्दागोबी, फूलगोबी, टमाटर) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबाली (धान, मकै, गहुँ,) को परिचय र महत्व<br>• स्थानी य स्तरमा उत्पादन हुने नगदेबाली (अदुवा, बेसार, ऊखु खेती, तोरी, मसला, लसुन खेती, प्याज खेती, आदि) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल बाली (आँप खेती, अंगुर खेती, अनार खेती, केरा खेती, बयर, लिची, अम्बा, मेवा, कागती) को परिचय र महत्व<br>• स्थानीयस्तरमा उत्पादन हुने दलहन बाली (मुसरी, सिमी खेती, मटर, केराउ आदिको परिचय र महत्व<br>• खेतिपातीमा प्रयोग गरिने औजारहरू<br>• स्थानिय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको परिचय (कोदालो, खुर्पी, हँसुवा, खन्ती, खल, | • त्यस्तै घरमा बाहेक छिमेकीको घरमा वा वरपरको समुदायमा कुन कुन वस्तुको उत्पादन गरेको देख्नु भएको छ ? प्रश्नमा छलफल गराउने<br>• गैडहवाका विभिन्न वडामा खेती गरिने निम्न वस्तुको बारेमा चित्र, भिडियो वा सम्भव भएसम्म खेती गरिएको ठाउँमा विद्यार्थीहरुलाई भ्रमण गराई तिनको परिचय, महत्वको बारेमा जानकारी गराउन लगाउने, जानकारी गराउने<br>➢ तरकारी : तोरी, करेला, फर्सी, आलु खेती, धनियाँ, बन्दागोबी, फूलगोबी, टमाटर<br>➢ अन्नबाली : धान, मकै, गहुँ<br>➢ नगदेबाली : अदुवा, बेसार, ऊखु खेती, तोरी, मसला, लसुन खेती, प्याज खेती आदि<br>➢ फलफूल बाली : आँप खेती, अंगुर खेती, अनार खेती, केरा खेती, बयर, लिची, अम्बा, मेवा, कागती आदि ।<br>➢ दलहन बाली : मुसरी, सिमी खेती, मटर, केराउ<br>• खेतिपातीमा प्रयोग गरिने औजारहरुको चित्र वा श्रव्यदृश्य वा खेतीपाती गर्ने ठाउँमा विद्यार्थीलाई भ्रमण गराई ती औजारहरुको परिचय, काम र प्रयोग गर्ने तरिका बारेमा जानकारी गराउने<br>• स्थानिय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु पहिचान लगाउने र ती मध्ये विद्यार्थीलाई उनीहरुको घरमा कुन कुन वस्तु निर्माण गरिन्छ र त्यसको प्रयोग के कामका लागि गरिन्छ, अनुभव बताउन लगाउने<br>• गैडहवा गाउँपालिकाका विभिन्न वडामा निर्माण गरिने कोदालो, खुर्पी, हँसुवा, खन्ती, खल, कुटो कोदालो, चुलेसी, खुकुरी, लोहोरो सिलौटो, ढिकी जाँतो, खलो, ओखलको परिचय दिने र उक्त वस्तु निर्माण गर्ने स्थानीय स्रोत व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी प्रदर्शन गर्न लगाउने वा उक्त वस्तुहरु निर्माण गरिने स्थानमा विद्यार्थीहरुलाई भ्रमण गराई स्थानीय स्रोत व्यक्तिबाट जानकारी दिन लगाउने साथै तिनको प्रयोगको बारेमा समेत जानकारी दिने, दिन लगाउने<br>• विद्यार्थीहरुलाई दैनिक रुपमा किनमेल गरिने स्थानको बारेमा जानकारी दिन लगाउने र किनमेल गरेका वस्तुहरु र तिनको प्रयोगबारेमा समेत जानकारी दिन लगाउने र शिक्षकले थप जानकारी दिने<br>• दैनिक किनमेल गर्ने स्थानको नाम र सामानहरुको विवरणको | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बताउन | कुटो कोदालो, चुलेसी, खुकुरी, लोहोरो सिलौटो, ढिकी जाँतो, खलो, ओखल)<br>• दैनिक किनमेल गर्ने स्थानको नाम र सामानहरुको विवरण<br>• समुदायका मानिसले गर्ने आयआर्जनका स्रोतहरु | सूची तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने<br>• घरमा अभिभावकको आयआर्जनको बारेमा अनुभव बताउन लगाउने<br>• समुदायका मानिसले गर्ने आयआर्जनका स्रोतहरु पहिचान गर्न लगाउने<br>• समुदायका मानिसहरुको आयआर्जनको बारेमा थप जानकारी दिने | | |
| ४ | **स्वस्थ जीवन, नैतिकता र जीवनोपयोगी सिप** | • पोषणको परिचय र महत्व बताउन<br>• स्वस्थ जीवनको लागि स्थानीय अन्न/ खाद्यको परिचय दिन र महत्व बताउन<br>• स्थानीय खेलको पहिचान र अभ्यास गर्न<br>• आफुभन्दा ठुलालाई आदर सत्कार र सानालाई माया गर्न<br>• परिवारको सदस्यहरुलाई घरको काममा सहयोग गर्न<br>• घरायसी सामानहरुको उचित पहिचान र प्रयोग गर्न<br>• सरसफाइमा प्रयोग हुने सामानको पहिचान र प्रयोग गर्न | • पोषणको परिचय र महत्व (घिउ, दुध, दही, मही आदि)<br>• स्वस्थ जीवनको लागि स्थानीय अन्न/ खाद्यको परिचय र महत्व (चामल, दाल, रोटी, मकै आदि )<br>• स्थानीय खेलको पहिचान र अभ्यास<br>• आफुभन्दा ठुलालाई आदर सत्कार र सानालाई माया<br>• परिवारको सदस्यहरुलाई घरको काममा सहयोग<br>• घरायसी सामानहरुको उचित पहिचान र प्रयोग<br>• सरसफाइमा प्रयोग हुने सामानको पहिचान र प्रयोग<br>• व्यक्तिगत, घर, आँगन, | • विद्यार्थीहरुलाई घरमा खाइने खानाहरुको बारेमा बताउन लगाउने<br>• वास्तविक वस्तुहरु (घिउ, दुध, दही, मही आदि) देखाई पोषणको परिचय र महत्व बताउने<br>• स्वस्थ जीवनको लागि स्थानीय अन्न/ खाद्य (चामल, दाल, रोटी, मकै आदि )को परिचय र महत्व बताउने<br>• स्थानीय खेलको पहिचान गराउने जस्तै : ...............................आदिको अभ्यास गराउने<br>• सानालाई माया गर्ने र ठुलालाई आदर सत्कार गरेका चित्र वा भिडियो प्रदर्शन गरी तिनको बारेमा जानकारी दिन लगाउने<br>• सानालाई माया र ठुलालाई आदर सत्कार गर्ने सम्बन्धमा भूमिका अभिनय क्रियाकलाप गराउने<br>• असक्त तथा जेष्ठ नागरिकलाई सहयोग गर्नुपर्ने कुराको समेत जानकारी गराउने<br>• घरमा के के काम गर्नुहुन्छ ? प्रश्नमा छलफल गराउने र आफूले सक्ने काममा घर परिवारका सदस्यलाई सहयोग गर्नुपर्ने कुराको जानकारी गराउने । जस्तै : किचन सफा गर्ने, बाथरुम सफा गर्ने, बिरुवा रोप्ने, तरकारी रोप्ने, मल तथा पानी राख्ने, कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै राख्ने आदि ।<br>• घरायसी सामानहरुको पहिचान गर्न लगाई तिनको उचित तरिकाले प्रयोग गर्ने अभ्यास गराउने<br>• व्यक्तिगत सरसफाइ गर्दा ध्यान दिनुपर्ने कुराहरुको पुनरावलोकन गराउने र व्यक्तिगत सरसफाइ गरे गाउँको अवलोकन गर्ने र आवश्यक पृष्ठपोषण दिने | • प्रश्नोत्तर<br>• क्रियाकलापको अवलोकन<br>• व्यवहार परिवर्तनको अवलोकन<br>• लिखित परीक्षा<br>• अभिभावक प्रतिक्रिया<br>• सिकाइको प्रतिविम्बन | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागिता जनाउन<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको रेखदेख<br>• उपयुक्त किसिमले बोल्न, हिडडुल र सन्तुलित खाना खाने बानीको विकास गर्न<br>• छरछिमेकमा आफूले सक्ने काममा आपसी सहयोग गर्न | विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागिता<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको रेखदेख<br>• उपयुक्त किसिमले बोल्न, हिडडुल र सन्तुलित खाना खाने बानीको विकास<br>• छरछिमेकमा आफूले सक्ने काममा आपसी सहयोग | • स्वस्थताको लागि घर आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण बताउने र छलफल गर्ने<br>• घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा बताउने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावकसँग प्रतिक्रिया लिने<br>• विद्यालयको खेलमैदान, कक्षाकोठा, चर्पी आदिको सरसफाइ कार्यमा विद्यार्थीलाई सरिक गराउने र शिक्षकले समेत सरसफाइमा सहभागी हुने<br>• सरसफाइ पश्चात साबुनपानीले हातखुट्टा सफा गर्न लगाउने<br>• उपयुक्त तरिकाले बोल्ने, हिड्ने र सन्तुलित खाना खाने कुराको जानकारी गराउने र नमुना अभ्यास गराउने<br>• छरछिमेकमा आफूले सक्ने काममा आपसी सहयोग गर्नुपर्ने कुराको जानकारी दिने र सहयोग सम्बन्धी क्रियाकलापमा सहभागी गराउने | | |
| ५ | **गैडहवाको वातावरण** | • स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको वर्गीकरण गर्न स्थानीय बोटबिरुवाहरूको परिचय दिन<br>• बगैंचाको परिचय दिन<br>• घर र विद्यालयमा वृक्षरोपणमा सहयोग गर्न र सहभागी हुन<br>• बोटबिरुवाको संरक्षणमा सहयोग गर्न<br>• वरपरको वातावरण फोहोर हुने | • स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरू (भटकोईया, सेहुँड, घिउकुमारी, बोभ्mो, सिउँडी, चिचिहडा, मदार, अमर बेल, तितेपाती, धतुरो, अमरबेल, तेजपत्ता, कडीपत्ता, टोप्रेभ्mार, पुदिना, केराको बुंगो) को चिनारी) को वर्गीकरण स्थानीय बोटबिरुवाहरूको परिचय<br>• बगैंचाको परिचय<br>• घर र विद्यालयमा | • विद्यार्थीहरुलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोटबिरुवाहरुको नाम बताउन लगाउने<br>• विद्यालय वरपर भएका बोटबिरुवाहरु (भटकोईया, सेहुँड, घिउकुमारी, बोभ्mो, सिउँडी, चिचिहडा, मदार, अमर बेल, तितेपाती, धतुरो, अमरबेल, तेजपत्ता, कडीपत्ता, टोप्रेभ्mार, पुदिना, केराको बुंगा) को अवलोकन गराउने र तिनीहरुको सूची तयार गर्न लगाउने<br>• बोट बिरुवाहरुलाई भ्mार, बुट्यान र रुखमा वर्गीकरण गर्न लगाउने र सहजीकरण गर्ने<br>• घर वरपर भएका बोट बिरुवाहरुको अवलोकन गरी ती बोटबिरुवाहरुलाई वर्गीकरण गर्न ल्याउने परियोजना कार्य दिने<br>• बगैंचाको चित्र तथा भिडियो प्रदर्शन गर्ने र बँगैचाको परिचय दिने<br>• विद्यालयमा बगैंचा भए त्यसको अवलोकन गराउने<br>• घर तथा विद्यालयमा बगैंचा निर्माण गर्नुपर्ने र यसको महत्व सम्बन्धमा आवश्यक जानकारी दिने<br>• घरको बँगैचा वा खेतवारीको छेउछाउमा वृक्षरोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई अनुभव सुनाउन लगाउने र खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुरा बताउने<br>• घरमा वृक्षरोपण गर्ने कार्यमा आफूले सकेको कार्यमा सहयोग गर्नुपर्ने कुरा बताउने र अनुभव सुनाउन लगाउने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• अभिभावक प्रतिक्रिया<br>• रुब्रिक्स<br>• रुजुसूची<br>• श्रेणीमापन | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कारणहरू पहिचान गर्न<br>• फोहोरमैलाको परिचय दिन र प्रकार (कुहिने र नकुहिने) बताउन<br>• घर तथा विद्यालयमा हुने फोहोर व्यवस्थापनमा आफूले सकेको सहयोग गर्न | वृक्षरोपणमा सहयोग र सहभागी<br>• बोटबिरुवाको संरक्षणमा सहयोग<br>• वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान<br>• फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने)<br>• घर तथा विद्यालयमा हुने फोहोर व्यवस्थापनमा आफूले सकेको सहयोग | • विद्यालयको खाली ठाउँमा वृक्षरोपण कार्यमा सहभागी गराउने ( बेर्नहरु वृक्षरोपण गर्ने ठाउमा पुऱ्याउने, पानी सिँचाइ गर्ने आदि)<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाहरुको संरक्षण गर्नुपर्ने कुरा बताउने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने<br>• विद्यालय तथा घर वरपरको वातावरण फोहोर हुने कारणहरुलाई चित्र, भिडियो, अवलोकनबाट प्रष्ट पार्ने<br>• जथाभावी फोहोरहरु फाल्नु, फोहोरहरुको व्यवस्थापन नगर्नुलगायत कारणहरुले वरपरको वातावरण फोहोर हुने कारण बताउने र फोहोर गर्न नहुने कुराको जानकारी गराउने<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्धारा पहिचान गराउने<br>• घर तथा विद्यालयमा विभिन्न कार्यको लागि वस्तुहरु प्रयोग गर्दा निस्केका नचाहिने वस्तुहरुलाई फोहोरमैलाको रुपमा परिचय गराउने<br>• घर तथा विद्यालयबाट निस्कने यस्ता फोहोरहरुलाई कुहिने र नकुहिने वस्तुहरुमा वर्गीकरण गर्न सकिने कुराको जानकारी दिने<br>• विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने<br>• यसरी सरसफाइ गर्दा निस्केका वस्तुहरुलाई कुहिने र नकुहिने गरी दुई भागमा वर्गीकरण गर्न लगाउने र छुट्टाछुट्टै भाँडोमा ( डस्टविन) मा राख्ने/राख्न लगाउने र सरफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने<br>• घरमा विभिन्न कारणले निस्केका फोहारहरुलाई समेत कुहिने र नकुहिने गरी दुई डस्टविनमा राख्ने परियोजना कार्य दिने र कुहिने वस्तुबाट मल बनाउन सकिने कुराको जानकारी दिने | | |
| ६ | **दुर्घटना तथा विपत् व्यवस्थापन** | • आफु र आफ्नो सामानको सुरक्षा गर्न<br>• दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिकाहरुको पहिचान र अवलम्बन गर्न<br>• गैडहवा गाउपालिकामा हुन | • आफु र आफ्नो समानको सुरक्षा गर्न<br>• दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिकाहरुको पहिचान र अवलम्बन<br>• गैडहवा गाउपालिकामा हुन सक्ने दुर्घटना, प्रकोपहरु र महामारीको पहिचान<br>• घर, टोल वरपर, सडक | • सुरक्षित रहने उपायहरु सम्बन्धी चित्र वा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी जानकारी दिने<br>• सुरक्षित रहन गरिएका कार्यहरु बताउन लगाउने<br>• आफूले प्रयोग गर्ने सामानहरुको पहिचान गर्न लगाउने र ती सामानहरुको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराको जानकारी गराउने । जस्तै : सरसफाइका सामानहरु, पठनपाठनको सामग्रीहरु, खेलकुदका सामग्रीहरु आदि ।<br>• दैनिक रुपमा प्रयोग गरिने घरायसी सामग्रीहरु (भान्साका सामानहरु समेत) बाट सुरक्षित रहने उपायहरु र दुर्घटना हुँदा गर्नुपर्ने प्राथमिक उपचारका उपायहरुको समेत जानकारी गराउने<br>• घर बाहिर हुँदा हावा हुरी लागेमा के गर्नुहुन्छ भनी सोध्ने र चित्र | • प्रश्नोत्तर<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• सिकाइको प्रतिविम्बन<br>• रुजुसूची<br>• श्रेणीमापन | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सक्ने दुर्घटना, प्रकोपहरु र महामारीको पहिचान गर्न<br>• घर, टोल वरपर, सडक र विद्यालयमा हुने दुर्घटनाप्रति सजगता अपनाउन<br>• घर तथा विद्यालयमा घट्न सक्ने विपद्को नाम बताउन | र विद्यालयमा हुने दुर्घटनाप्रति सजगता<br>• घर तथा विद्यालयमा घट्न सक्ने विपद्को नाम | देखाएर हावाहुरी लाग्दा पर्ने असर र बच्ने उपायका बारेमा प्रष्ट पार्ने<br>• हावा हुरी लागेको बेला आफु र आफ्नो समानको सुरक्षा कसरी गर्नु पर्छ भनी छलफलबाट प्रष्ट पारिदिने<br>• आफ्नो वरपर घट्न सक्ने दुर्घटनाको चित्र अवलोकन गर्न लगाइ पहिचान गर्न लगाउने (पहिरो, हुरीबतास, आगलागी...सर्पको टोकाइ सडक दुर्घटना, नदिले बगाउनु, रुख तथा भिरबाट लड्नु)<br>• घर, टोल वरपर र विद्यालयमा हुने दुर्घटनाप्रति सजग रहन अपनाउने उपायका बारेमा छलफल गरी लगाउने सजग रहन उत्प्रेरित गर्ने<br>• घर तथा विद्यालयमा घट्न सक्ने विपत्बाट बच्ने उपायसम्बन्धी भूमिका अभिनय गराउने | | |

**कक्षा ३**

| **क्र. स.** | **क्षेत्र/थिम** | **सिकाइ उपलब्धि** | **विषयवस्तु र विस्तृतीकरण** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
|---|---|---|---|---|---|---|
| १ | **गैडहवा गाउँपालिकाको परिचय** | • लुम्बिनी प्रदेशको नक्सा अवलोकन गरी रुपन्देही जिल्ला र गैडहवा गाउँपालिका चिन्न<br>• गैडहवाको मौसमी अवस्था बताउन<br>• वडाका प्रतिनिधिको कार्य बताउन<br>• वडामा हुने विकास निर्माणका कार्यहरु बताउन<br>• वडा कार्यालयमा जन्म, मृत्यु र विवाह दर्ता हुने | • लुम्बिनी प्रदेशको नक्सा अवलोकन र गैडहवा गाउँपालिका चिनारी<br>• गैडहवाको मौसमी अवस्था<br>• वडाका प्रतिनिधिको कार्य<br>• वडामा हुने विकास निर्माणका कार्यहरुको सामान्य परिचय<br>• वडा कार्यालयमा जन्म, मृत्यु र विवाह दर्ता हुने जानकारी<br>• वडाअन्तर्गतका | • गैडहवा गाउँपालिकाको नक्सा प्रदर्शन गरी अवलोकन गर्न लगाउने र भौगोलिक अवस्थाको पहिचान गर्न लगाउने<br>• लुम्बिनी प्रदेशको नक्सा प्रस्तुत गरी गैडहवा गाउँपालिका र रुपन्देही जिल्लाको पहिचान गर्न लगाउने<br>• विद्यार्थीहरुलाई बाह्र महिनाको जानकारी गराउँदै कुन कुन महिनामा धेरै चिसो, कुन कुन महिनामा धेरै गर्मी र कुन कुन महिनामा ठिकको मौसमी अवस्थाको जानकारी दिने, साथै छिनछिनमा परिवर्तन हुने मौसमी अवस्था जस्तै : बादल लाग्ने, घाम लाग्ने, पानी पार्ने, असिना पर्ने, हुस्सु लाग्ने अवस्थाको समेत जानकारी दिने<br>• चित्र वा श्रव्यदृश्यको माध्यमबाट गैडहवाको मौसमी अवस्थाको जानकारी दिने, मौसमअनुसारको लुगा लगाउनुपर्ने कुराको जानकारी गराउने<br>• वडा अध्यक्ष र सदस्यहरुको फोटा देखाउने वा आमन्त्रण गरेर परिचयात्मक कार्यक्रम गराउने र कामको विवरणको जानकारी | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जानकारी दिन<br>• वडाअन्तर्गतका विद्यालय, स्वास्थ्य केन्द्रमा उपलब्ध सेवाको जानकारी दिन<br>• विद्यालय, खानेपानी, बिजली, यातायात र सञ्चारको महत्व बताउन | विद्यालय, स्वास्थ्य केन्द्रमा उपलब्ध सेवा<br>• विद्यालय, खानेपानी, बिजली, यातायात र सञ्चारको महत्व | दिन लगाउने तथा वडामा हुने विकास निर्माणका कार्यहरुको बारेमा जानकारी दिन लगाउने<br>• वडा कार्यालयबाट गराउनुपर्ने जन्मदर्ता, मृत्यु र विवाह दर्ताको बारेमा जानकारी गराउन लगाउने वा जानकारी गराउने<br>• वडा भित्रका स्वास्थ्य प्रदायक संस्थाको भ्रमण गराउने, नाम र ठेगाना टिपोट गर्न लगाउने र प्राप्त गर्न सकिने सेवाको जानकारी प्राप्त गर्न सहयोग गर्ने<br>• वडाअन्तर्गतका वडाहरुको संख्या र आफू बस्ने वडा बताउन लगाउने, वडामा रहेका विद्यालयहरुको जानकारी गराउने<br>• वडामा रहेका स्वास्थ्य केन्द्रको जानकारी गराउने वा स्वास्थ्य केन्द्रको प्रतिनिधिलाई विद्यालयमा आमन्त्रण गरी उक्त केन्द्रबाट उपलब्ध हुने सेवाहरुको बारेमा जानकारी दिन लगाउने वा विद्यार्थीहरुलाई वडाको स्वास्थ्य संस्थामा भ्रमण गराई उक्त संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुको बारेमा जानकारी दिन लगाउने<br>• विद्यालय, खानेपानी, बिजुली, यातायातको परिचय र महत्व बताउने | | |
| २ | **गैडहवाका सम्पदाहरु** | • गैडहवा गाउँपालिकाका धार्मिक स्थलको परिचय दिन<br>• गैडहवा गाउँपालिकाको पुरानो र अहिलेको बजारको भिन्नता छुट्याउन<br>• गैडहवा गाउँपालिकामा बोलिने भाषाहरु बोल्ने सामान्य अभ्यास गर्न<br>• स्थानीय गीत तथा नृत्य अभ्यास गर्न<br>• गैडहवा गाउँपालिकामा | • गैडहवा गाउँपालिकाका धार्मिक स्थल (कालीमाई थान, रामजानकी मन्दिर, जोगेश्वर महादेव मन्दिर, राधाकृष्ण मन्दिर, चर्च, मलवरदेवी थान, कोटहीमाइ थान, गणेश मन्दिर, कालिमाता मन्दिर, मणयै चौधरी मन्दि) को परिचय<br>• गैडहवा गाउँपालिकाको पुरानो र अहिलेको बजारको भिन्नता<br>• गैडहवा गाउँपालिकामा बोलिने भाषाहरु : अवधि, थारु, भोजपुरी, नेपाली आदि बोल्ने सामान्य अभ्यास<br>• स्थानीय गीत (विवाह गीत, विराहा गीत, सोहर | • गैडहवा गाउँपालिकाका धार्मिक स्थलहरु : कालीमाई थान, रामजानकी मन्दिर, जोगेश्वर महादेव मन्दिर, राधाकृष्ण मन्दिर, चर्च, मलवरदेवी थान, कोटहीमाइ थान, गणेश मन्दिर, कालिमाता मन्दिर, मणयै चौधरी मन्दिको चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट चिनारी गराउने<br>• उक्त स्थलहरु मध्ये विद्यालयबाट नजिकको स्थलको भ्रमण गराई आवश्यक जानकारी दिने<br>• गैडहवा गाउँपालिकाको पुरानो र अहिलेको बजारको चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट बजार देखाई भिन्नता छुट्याउन लगाउने<br>• विद्यालयबाट नजिकको गैडहवाको बजारमा विद्यार्थीहरुलाई भ्रमण गराई बजारका क्रियाकलाप, सामग्रीको बारेमा जानकारी गराउने<br>• विद्यार्थीहरुलाई आफूले घरमा बोल्ने भाषामा कुराकानी गर्न लगाउने र विभिन्न वस्तुहरु, चित्र वा श्रव्यदृश्यको माध्यमबाट आफ्नो विद्यालयमा विभिन्न मातृभाषा ( अवधि, थारु, भोजपुरी, नेपाली) आदिमा बोल्ने भाषामा अभ्यास गराउने<br>• बालगीत र स्थानिय लोकगीत (विवाह गीत, विराहा गीत, सोहर | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मनाइने चाडपर्वको नाम, समय र मुख्य क्रियाकलापहरु<br>• गैडहवा गाउँपालिकाका जातजातिको पहिचान गर्न र स्थानिय वेषभुषा बताउन | गीत, जलसा गीत) गाउने अभ्यास<br>• स्थानीय लोकगीतमा सामान्य नृत्य (.सोरठी, लठ्ठी नाँच, नौटङ्की नाँच, आर्केष्टा, पचरा, सालेजो नाँच) अभ्यास<br>•गैडहवा गाउँपालिकामा मनाइने चाडपर्व र मेला ( एकादशी, तिनछठ्ठी, करवा चौथ, एकादशी व्रत, मोहर्रम, नागपञ्चमी, रक्षावन्धन, कार्तिक पूर्णिमा नाहनको मेला, रामलिला, दुर्गापुजा, देउराली भुमी पुजा, कुलान पुजा, तीजमेला, क्रिसमस डे, बौद्ध पूर्णिमा) को नाम, समय र मुख्य क्रियाकलापहरु<br>•गैडहवा गाउँपालिकामा बसोबास गर्ने जातजातिहरु :विश्वकर्मा, धोबी, चाई, नाउ, ढाडी, भर, माली, रजभर, थारु, कलवार, बरई, कुमाल, मुसहर, बढई, मुराउ, पाल, कोइरी, गुरुङ, थकाली, कामी, दमाइ, सार्की, भुज, मल्लाह | गीत, जलसा गीत) गाउने अभ्यास गराउने<br>• स्थानीय लोकगीतमा सामान्य नृत्य (सोरठी, लठ्ठी नाँच, नौटङ्की नाँच, आर्केष्टा, पचरा, सालेजो नाँच) अभ्यास गराउने, आवश्यकताअनुसार स्थानीय नृत्य गर्न जान्ने व्यक्तिलाई स्रोत व्यक्तिको रुपमा आमन्त्रण गरी नृत्य अभ्यास गराउने<br>• गैडहवा गाउँपालिकामा मनाइने चाडपर्वहरु एकादशी, तिनछठ्ठी, करवा चौथ, एकादशी व्रत, मोहर्रम, नागपञ्चमी, रक्षावन्धन, कार्तिक पूर्णिमा नाहनको मेला, रामलिला, दुर्गापुजा, देउराली भुमी पुजा, कुलान पुजा, तीजमेला, क्रिसमस डे, बौद्ध पूर्णिमा आदिमा गरिने क्रियाकलापहरु बताउन लगाउने र थप जानकारी दिने<br>• गैडहवा गाउँपालिकामा बसोबास गर्ने जातजातिहरु : विश्वकर्मा, धोबी, चाई, नाउ, ढाडी, भर, माली, रजभर, थारु, कलवार, बरई, कुमाल, मुसहर, बढई, मुराउ, पाल, कोइरी, गुरुङ, थकाली, कामी, दमाइ, सार्की, भुज, मल्लाहको पेसा र उक्त पेसा तथा व्यवसाय र वेषभुषाको विशेषता र महत्वको बारेमा चित्र, वृत्तचित्र, फोटो आदिको बारेमा जानकारी दिने | | |
| ३ | **गैडहवाका स्थानीय पेसा, व्यवसाय र प्रविधि** | • आफ्नो वडा भित्रका मानिसले अपनाएका पेसा व्यवसायको परिचय दिन<br>• स्थानीय पेसा व्यवसायको सम्मान | • आफ्नो वडा भित्रका मानिसले अपनाएका पेसा व्यवसायको परिचय<br>• स्थानीय पेसा व्यवसायको सम्मान<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारी (स्थानीय | • शिक्षकले स्थानीयस्तरमा गरिने विभिन्न किसिमका पेसा व्यवसायहरुको बारेमा चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी दिने<br>• ती पेसा व्यवसायहरु मध्ये आफ्नो घर तथा वडाभित्रका मानिसले अपनाएका पेसा र व्यवसायहरुको बारेमा जानकारी दिने र पेसा तथा व्यवसायको सम्मान गर्नुपर्ने कुराको जानकारी गराउने | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्न<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारीको परिचय दिन र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबालीको परिचय दिन र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबालीको परिचय दिन र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल बालीको परिचय दिन र महत्व बताउन<br>• स्थानीयस्तरमा उत्पादन हुने दलहन बालीको परिचय दिन र महत्व बताउन<br>• स्थानिय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु पहिचान गर्न र परिचय दिन | स्तरमा उत्पादन हुने तरकारी (भन्टा, कर्कलो, रायोसाग, पर्बल, लौका, भिण्डी, परवर, खेक्सी, चिचिण्डो, तरोई, घुइया– बण्डा, पिँडालु, प्याज, लसुन, निउर) को परिचय र महत्व) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबाली (जौ, जुनेलो) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबाली (सजीवन खेती, खिरा खेती, कटहर, भिण्डी, खुर्सानी, आदि) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल बाली ( कटहर, अमला, सलगम, काँक्रा, खरबुजा/तरबुजा, जामुन, कागती, भोगटे, गाजर, चुकन्दर, कदम, बेल, डयागन, कुसुम, आतँ, बडहर, महुँवा, तरुल, सखरखण्ड आदि) को परिचय र महत्व<br>• स्थानीयस्तरमा उत्पादन हुने दलहन बाली (बदाम (मुमफली) मटर, केराउ, तोरी, बाक्ला, अरहर, लतरा, राज्मा, चना) को परिचय र महत्व<br>• स्थानिय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु | • गैडहवा गाउँपालिकाका विभिन्न वडा तथा स्थानमा उत्पादन हुने तरकारी जस्तै : स्थानीय स्तरमा उत्पादन हुने तरकारी ( भन्टा, कर्कलो, रायोसाग, पर्बल, लौका, भिण्डी, परवर, खेक्सी, चिचिण्डो, तरोई, घुइया– बण्डा, पिँडालु, प्याज, लसुन, निउरो) को चिनारी गराउने र तिनको महत्व सम्बन्धमा छलफल गराउने<br>• उल्लिखित तरकारीहरु मध्ये आफ्नो घरमा कुन कुन तरकारी उत्पादन हुन्छन् र तिनको प्रयोग के के कामको लागि गरिन्छ बताउन लगाउने<br>• तरकारी खेती गरिएको स्थानमा भ्रमण गराई तरकारी खेती गर्ने तरिका, ध्यान दिनुपर्ने पक्षहरु र हुने फाइदाहरुको बारेमा तरकारी खेती व्यक्तिबाट जानकारी दिन लगाउने<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबाली जस्तै : जौ, जुनेलो) को परिचय दिने र महत्व बताइ दिने र उक्त खेती गरिएको स्थानमा विद्यार्थीलाई भ्रमण गराई थप जानकारी दिन लगाउने<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबाली : (सजीवन खेती, खिरा खेती, कटहर, भिण्डी, खुर्सानी, आदि) को परिचय दिन लगाउने र महत्व बताउने<br>• उल्लिखित नगदेबाली खेती गरिएको स्थानमा भ्रमण गराई थप जानकारी दिन लगाउने<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल बाली जस्तै : कटहर, अमला, सलगम, काँक्रा, खरबुजा/तरबुजा, जामुन, कागती, भोगटे, गाजर, चुकन्दर, कदम, बेल, डयागन, कुसुम, आतँ, बडहर, महुँवा, तरुल, सखरखण्ड आदि) को परिचय र महत्व बताइदिने<br>• उक्त फलफूल गरिएको स्थानमा विद्यार्थीलाई भ्रमण गराई फलफूल खेती गर्ने व्यक्तिबाट आवश्यक जानकारी दिन लगाउने<br>• स्थानीयस्तरमा उत्पादन हुने दलहन बाली जस्तै : स्थानीयस्तरमा उत्पादन हुने दलहन बाली (बदाम (मुमफली) मटर, केराउ, तोरी, बाक्ला, अरहर, लतरा, राज्मा, चना) को परिचय दिने र महत्व बताउने<br>• उक्त दलहन बाली खेती गरिएको स्थानमा विद्यार्थीहरुलाई भ्रमण गराई थप जानकारी दिने, दिन लगाउने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | परिचय (आरी, बञ्चरो, बसुला, हथौडा, कर्नी, फरुही, रुखान, दबिया, हाते बर्मा, गणासा, बेल्चा, मदानी, ठेकी, खुर्पी, किलो दाम्लो, डोण, टाटनो, चक्कु, छुरी, सुपा, चालनी, ढिकी, पिर्का लोहोरी, डेलिया, हेलुका आदि) | • स्थानिय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु जस्तै : आरी, बञ्चरो, बसुला, हथौडा, कर्नी, फरुही, रुखान, दबिया, हाते बर्मा, गणासा, बेल्चा, मदानी, ठेकी, खुर्पी, किलो दाम्लो, डोण, टाटनो, चक्कु, छुरी, सुपा, चालनी, ढिकी, पिर्का लोहोरी, डेलिया, हेलुका आदिलाई चित्र वा वास्तविक सामग्री प्रदर्शन वा उक्त घरेलु सामग्री भएको स्थानमा विद्यार्थीलाई भ्रमण गराई तिनको परिचय, महत्व, बनोट र प्रयोग गर्ने तरिकाको बारेमा जानकारी दिन लगाउने वा जानकारी दिने | | |
| ४ | **स्वस्थ जीवन, नैतिकता र जीवनोपयोगी सिप** | • पोषणको परिचय दिन र महत्व बताउन<br>• स्वस्थ जीवनको लागि स्थानीय अन्न/खाद्यको परिचय दिन र महत्व बताउन<br>• स्थानीय खेलको पहिचान र अभ्यास गर्न<br>• मान्यजनहरु, नातागोता र पाहुनाको सम्मान र सत्कार गर्न<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको उचित तरिकाले प्रयोग गर्न<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय दिन र अभ्यास गर्न<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता जनाउन<br>• घरपरिवार, चर्पि, धारा, पाटीपौवा र | • पोषणको परिचय र महत्व (माछा, मासु, मखन, गंगटो, अण्डा आदि)<br>• स्वस्थ जीवनको लागि स्थानीय अन्न/ खाद्यको परिचय र महत्व (बदाम, केराउ, लहरी, गहुँ, जौ, फापर, कोदो, तोरी, सर्सो आदि )<br>• स्थानीय खेलको पहिचान र अभ्यास<br>• मान्यजनहरु, नातागोता र पाहुनाको सम्मान र सत्कार<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको उचित तरिकाले प्रयोग<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता<br>• घरपरिवार, चर्पि, धारा, पाटीपौवा र वरपरको वातावरण सफा राख्ने | • चित्र, चार्ट, भिडियोको माध्यमबाट पोषणको परिचय र महत्व बताउने र माछा, मासु, मखन, गंगटो, अण्डा आदि आदिको महत्व र आवश्यकता पर्नुको कारण बताउने<br>• स्वस्थ जीवनको लागि स्थानीय अन्न/खाद्यको प्रयोग गर्नुपर्ने कुराको जानकारी दिदै तिनको महत्व बताउने । यसको लागि बदाम, केराउ, लहरी, गहुँ, जौ, फापर, कोदो, तोरी, सर्सो आदिको प्रयोग गर्नुपर्ने कुराको जानकारी दिने<br>• स्थानीय खेलको पहिचान गराउँदै कवडी, कुश्ती, चोर पुलिस, मार्शल आर्ट आदिको सामान्य अभ्यास गराउने<br>• आफ्ना मान्यजन, नातागोता र पाहुनाको सम्मान र सत्कार गर्ने तरिका सम्बन्धमा विद्यार्थीहरुका अनुभवहरु बताउन लगाउने<br>• सम्मान र सत्कार गर्ने तरिका बताउने र अभिनयात्मक क्रियाकलाप संचालन गर्ने<br>• घर तथा विद्यालयमा दैनिक जीवनमा प्रयोग हुने सामानहरु जस्तै : किताब, कलम, झोला, कपी, किचनका सामानहरु, सरसफाइका सामानहरु आदिको उचित तरिकाले प्रयोग गर्ने, हिफाजत गर्ने तरिकाको जानकारी दिने<br>• व्यक्तिगतरुपमा प्रयोग गरिने सामग्रीको हिफाजत र सरसफाइ गर्ने तरिकाको नमुना अभ्यास गराउने र अवलोकन गर्ने<br>• व्यक्ति, घर परिवार, विद्यालय तथा वातावरण स्वस्थ राख्नको लागि गरिने कार्यहरुको रुपमा सरसफाइलाई परिचित गराउने<br>• घर, विद्यालयबाट निस्कने फोहोरलाई सही तरिकाले विसर्जन र व्यवस्थापन गर्न गर्ने कार्यहरु नै फोहोरमैलाको व्यवस्थापनमा पर्ने कुरा बताउने | • प्रश्नोत्तर<br>• क्रियाकलापको अवलोकन<br>• व्यवहार परिवर्तनको अवलोकन<br>• लिखित परीक्षा<br>• अभिभावक प्रतिक्रिया<br>• सिकाइको प्रतिविम्बन | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वरपरको वातावरण सफा राख्ने बानीको विकास गर्न<br>• अपाङ्ग, दृष्टिविहिन, बुढा र असहाय व्यक्तिलाई सम्मान र सहयोग गर्न<br>• सञ्चारका माध्यम र साधनको चिनारी दिन र उचित तरिकाले प्रयोग अभ्यास गर्न | बानी<br>• अपाङ्ग, दृष्टिविहिन, बुढा र असहाय व्यक्तिलाई सम्मान र सहयोग<br>• सञ्चारका माध्यम र साधन (टेलिफोन, मोबाइल, टेलिभिजन आदि) को चिनारी र उचित तरिकाले प्रयोग अभ्यास | • घरपरिवार, चर्पि, धारा, पाटीपौवा र वरपरको वातावरण सफा राख्ने तरिका, सफा राख्दा हुने फाइदाको बारेमा जानकारी दिने<br>• सरसफाइ गर्ने तरिका नमुना अभ्यास गराउने<br>• अपाङ्ग, दृष्टिविहिन, बुढा र असहाय व्यक्तिलाई सम्मान र सहयोग गर्नुपर्ने कुराको जानकारी दिने<br>• मानवीय मूल्यहरु जस्तै : सत्य, सदव्यवहार, शान्ति, अहिंसा, मायाको बारेमा जानकारी दिने<br>• सञ्चारका माध्यम र साधनको सामान्य परिचय दिने र प्रयोग गर्ने तरिका बताउने र प्रयोग गर्न लगाउने तथा ध्यान दिनुपर्ने कुराहरु बताउने | | |
| ५ | **गैडहवाको वातावरण** | • गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको पहिचान गर्न<br>• स्थानीय बोटबिरुवाको महत्व र उपयोग बताउन<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन<br>• घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न<br>• फोहोरमैला व्यवस्थापनको परिचय दिन<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, | • गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको पहिचान (बाँदर, निलगाइ, बँदेल, सुँगा, स्याल, गिद्ध, लोखर्के, चमेरा, किलहट, ढुकुर, सेतीबिलार, सुनचरी, खरायो, न्याउरी मुसो, बँदेल, चितुवा, धनेस, चिल, भँगेरा, मैना, बकुला, लोखर्के, उल्लु)<br>• स्थानीय बोटबिरुवाको महत्व तथा उपयोग<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व<br>• घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह<br>• फोहोरमैला व्यवस्थापनको परिचय<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, | • आफूले देखेका वन्यजन्तु तथा चराहरुको नाम बताउन लगाउने<br>• आफ्नो वडा तथा गाउँपालिका भित्रका वनहरुमा आफूले थाहा पाएका वन्य जन्तु तथा चराहरुको नाम बताउन लगाउने<br>• गाउपालिका भित्र वन क्षेत्रमा हुने वन्यजन्तु तथा चराहरु बाँदर, निलगाइ, बँदेल, सुँगा, स्याल, गिद्ध, लोखर्के, चमेरा, किलहट, ढुकुर, सेतीबिलार, सुनचरी, खरायो, न्याउरी मुसो, बँदेल, चितुवा, धनेस, चिल, भँगेरा, मैना, बकुला, लोखर्के, उल्लुको बारेमा अवलोकन/ चित्र/ भिडियो सामग्रीको माध्यमबाट पहिचान गर्न लगाउने र यस कार्यमा आवश्यक सहयोग गर्ने<br>• उक्त क्षेत्रमा पाइने अन्य वन्यजन्तु तथा चराहरुको बारेमा सोधखोज गरी बताउने परियोजना कार्य दिने<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोटबिरुवाहरुको परिचय दिन लगाउने (नाम, पाइने स्थान, महत्व, उपयोग, वर्गीकरण)<br>• विद्यालय वरपर भएका बोटबिरुवाहरुको अवलोकन गराउने र तिनीहरुको सूची तयार गरी परिचय दिने/दिन लगाउने<br>• विद्यालयमा बाल बगैंचा निर्माणको महत्व र आवश्यकतामा छलफल गराउने (वातावरण स्वस्थ राख्न, सौन्दर्य, अध्ययन, जडीबुटी आदि)<br>• विद्यालयमा बाल बगैंचा निर्माण गर्ने तरिकाको जानकारी दिई बगैंचा निर्माणमा सहभागी गराउने<br>• सम्भव भए सम्म घरमा बगैंचा निमाण गर्ने परियोजना कार्य दिने र घरको अभिभावकलाई समेत यसको जानकारी दिई सहयोग गर्न लगाउने<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना आदिबाट निस्कने फोहोरहरु ठोस (कुहिने र नकुहिने) तथा तरल फोहोर हुने र यी फोहोरहरुलाई व्यवस्थापन गर्नको लागि सही ठाउमा विसर्जन गर्ने, | • प्रश्नोत्तर<br>• क्रियाकलापको अवलोकन<br>• व्यवहार परिवर्तनको अवलोकन<br>• लिखित परीक्षा<br>• अभिभावक प्रतिक्रिया<br>• सिकाइको प्रतिविम्बन | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नकुहिने र तरल) मा सहयोग गर्न<br>• वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान गर्न र सरसफाइ कार्यमा सहभागी हुन | नकुहिने र तरल)<br>• वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान र सरसफाइ कार्यमा सहभागी | मल बनाउने, प्रशोधन गर्ने आदि जस्ता उपायहरु अपनाउनुपर्ने कुराहरुमा छलफल गराउने<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायस्तरमा सरसफाइ गर्दा नै वातावरण स्वस्थ हुने र यस कार्यले गर्दा रोगहरु नलाग्ने जस्ता फाइदाहरु हुने कुरा बताउने र छलफल गराउने<br>• घर वरपर, विद्यालय, छरछिमेक, समुदायको वातावरण सफा राख्ने उपायहरुमा छलफल गराउने र सरसफाइमा सहभागी गराउने र आफूले पनि सरसफाइमा सहभागी हुने<br>• घरवरपर, समुदाय तथा विद्यालयमा सरसफाइ गरेको असल अभ्यासहरु श्रव्यदृश्य तथा चित्रको माध्यमबाट प्रष्ट पार्ने | | |
| ६ | **दुर्घटना तथा विपत् व्यवस्थापन** | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीको सुरक्षित प्रयोग गरी यसबाट सुरक्षित रहन<br>• घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीहरुको जानकारी र अवलम्बन गर्न<br>• गैडहवा गाउपालिका हुन सक्ने दुर्घटना, प्रकोप र महामारीको सामान्य परिचय दिन<br>• दुर्घटना, प्रकोप र विपद्प्रति सजगता अपनाउन<br>• घर तथा विद्यालयमा आउन सक्ने विपदहरुको पहिचान र सुरक्षाका उपाय अवलम्बन गर्न | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीको सुरक्षित प्रयोग गरी यसबाट सुरक्षित रहन<br>• घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीहरुको जानकारी र अवलम्बन<br>• गैडहवा गाउपालिका हुन सक्ने दुर्घटना, प्रकोप र महामारीको सामान्य परिचय<br>• दुर्घटना, प्रकोप र विपद्प्रति सजगता<br>• घर तथा विद्यालयमा आउन सक्ने विपदहरुको पहिचान र सुरक्षाका उपाय अवलम्बन | • विद्यार्थीहरुलाई घर वा विद्यालयमा कसैलाई चोट पटक लागेको छ वा छैन पालैपालो भन्न लगाउने<br>• चोटपटक लागेमा के के गरिएको छ ? जानकारी दिन लगाउने<br>• घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाहरु के के हुन्छन भन्न लगाउने<br>• घर, घर वरपर बाटोमा घट्ने घटनाको बारेमा चित्र अवलोकन गराउने, श्रव्यदृश्य सामग्रीको माध्यमबाट घर, विद्यालय, बाटोमा, सडकमा हुने दुर्घटना र तिनबाट बच्ने उपायहरु सम्बन्धमा छलफल गराउने<br>• गैडहवा गाउँपालिकाका विभिन्न स्थानमा घट्न सक्ने (घर, विद्यालय, बाटो वा सडकमा हुने) दुर्घटनाहरु तथा प्रकोप जस्तै : हुरीबतास, आगलागी...सर्पको टोकाई, सडक दुर्घटना, पोखरीमा डुब्नु, भिरबाट लड्नु.आदिको बारेमा जानकारी दिइ बच्ने उपायहरुमा छलफल गराउने<br>• सम्भावित दुर्घटना बच्न अपनाउनुपर्ने सावधानीहरुको (हुरी बतास लागेको समयमा घर बाहिर नजाने, बर्षा वा गर्मीको समयमा बाहिर निस्कदा बाटो हेरेर हिड्ने, घर वा विद्यालयमा भएका प्वालमा हात नराख्ने राख्न परेमा राम्रोसँग हेरेर मात्र राख्ने आदि सम्बन्धमा जानकारी गराउने<br>• गाडी, हिड्ने बाटोमा सर्तक भएर हिड्नुपर्छ भनी जानकारी गराउने<br>• घर तथा विद्यालयमा आउन सक्ने विपदहरुको पहिचान गराउने र सुरक्षाका उपायको जानकारी दिने र अवलम्बन गर्नुपर्ने कुराको जानकारी दिने | • प्रश्नोत्तर<br>• लिखित परीक्षा<br>• अभिभावक प्रतिक्रिया<br>• सिकाइको प्रतिविम्बन | २० |

## कक्षा ४

| क्र. स. | एकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|---|
| १ | **गैडहवा गाउँपालिका को परिचय** | • गैडहवा नाम रहनुका कारणहरु र इतिहास वर्णन गर्न<br>• गैडहवा गाउँपालिकाको हावापानी, उचाइ र क्षेत्रफल बताउन<br>• आफु बस्ने वडामा रहेका स्वास्थ्य केन्द्र/अस्पतालको परिचय दिन<br>• आफु बसेको वडाका उपभोक्ताले उपभोग गर्ने पिउने पानीको उपलब्धताको अवस्था बताउन<br>• गैडहवा गाउँपालिकामा रहेका विभिन्न विकृतिहरुको परिचय दिन<br>• सामाजिक कुरीतिको परिचय, कारण, असर र न्यूनीकरणका उपायहरु बताउन<br>• स्थानीय तहबाट प्रवाह हुने सेवाहरुको जानकारी दिन | • गैडहवा नाम रहनुका कारणहरु र इतिहास<br>• गैडहवा गाउँपालिकाको हावापानी, उचाइ र क्षेत्रफल<br>• आफु बस्ने वडामा रहेका स्वास्थ्य केन्द्र/अस्पतालको परिचय<br>• आफु बसेको वडाका उपभोक्ताले उपभोग गर्ने पिउने पानीको उपलब्धता<br>• गैडहवा गाउँपालिकामा रहेका विभिन्न विकृतिहरु जस्तो धुम्रपान, मधपानको परिचय र सजगता<br>• सामाजिक कुरीतिको परिचय, कारण, असर र न्यूनीकरणका उपायहरु (बाल विवाह, छुवाछुत, बोक्सी, डायन, सोखइती (झारफुक) तामा तुलसी, आदि) | • गैडहवाको पृष्ठभूमि, इतिहासको घटना सुनाउँदै चित्र वा श्रव्यदृश्य सामग्रको माध्यमबाट गैडहवा नाम रहनुको कारणहरुको जानकारी दिने<br>• श्रव्यदृश्य सामग्री वा चित्रको माध्यमबाट गैडहवा गाउँपालिकाको भौगोलिक अवस्था पहिचान गर्न लगाउने र आवश्यक जानकारी गराउने<br>• रुपन्देही जिल्लाको नक्सा देखाउँदै गैडहवा गाउँपालिकाको हावापानी, उचाइ, क्षेत्रफलको जानकारी दिने<br>• विद्यार्थीहरुलाई घरको सदस्य वा आफू वा छिमेकी बिरामी हुँदा कहाँ गएर उपचार गराउने गरिएको छ ? बताउन लगाउने । कस्ता कस्ता बिरामीको उपचार वडामा रहेका स्वास्थ्य संस्था वा अस्पतालमा हुने गरेको छ ? बताउन लगाउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट आफु बस्ने वडामा रहेका स्वास्थ्य केन्द्र/अस्पतालको परिचय दिने<br>• वडामा रहेका स्वास्थ्य संस्थाका प्रतिनिधिलाई विद्यालयमा आमन्त्रण गरी वा विद्यार्थीलाई उक्त स्वास्थ्य संस्थामा भ्रमण गराई उक्त संस्था वा अस्पतालबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी दिन लगाउने<br>• पानीको स्रोत, पानीको उपयोग र महत्व सम्बन्धमा मस्तिष्क मन्थन गराउने र आफु बसेको वडाका उपभोक्ताले उपभोग गर्ने पिउने पानीको उपलब्धता बारे बताउन लगाउने र आवश्यक जानकारी दिने<br>• गैडहवा गाउँपालिकामा रहेका विभिन्न विकृतिहरु जस्तो धुम्रपान, मधपानको जानकारी दिने र त्यस्ता विकृतिहरु हटाउन गर्नुपर्ने कार्यहरुको बारेमा जानकारी दिने<br>• गैडहवामा भएका सामाजिक कुरीतिहरु : बाल बिवाह, छुवाछुत, बोक्सी, डायन, सोखइती (झारफुक) तामा तुलसी, आदिको परिचय, कारण, असर र न्यूनीकरणका उपायहरुमा छलफल गराउने र आवश्यक जानकारी दिने<br>• घर तथा छिमेकमा भएको झैझगडा सम्बन्धमा छलफल गराउने र | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • स्थानीय तहबाट प्रवाह हुने सेवाहरु (शिक्षा, स्वास्थ्य, सञ्चार, कृषि, खानेपानी, पशु आदि) | महिला हिंसा सम्बन्धी उदाहरणहरु देखाउँदै महिला हिंसाको परिचय र कारणहरुको जानकारी दिने<br>• स्थानीय तहबाट नै सम्बन्धित प्रतिनिधिलाई आमन्त्रण गरी स्थानीय तहबाट प्रवाह हुने सेवाहरु (शिक्षा, स्वास्थ्य, सञ्चार, कृषि, खानेपानी, पशु आदि) को जानकारी दिने | | |
| २ | **गैडहवाका सम्पदाहरु** | • गैडहवा भएका पर्यटकीय स्थलको परिचय दिन र महत्व बताउन<br>• गैडहवा गाउँपालिकाका मानिसले लगाउने पहिरनको पहिचान गर्न र महत्व बताउन<br>• मानव निर्मित र प्राकृतिक सम्पदाको वर्गीकरण गर्न र महत्व बताउन<br>• गैडहवा गाउँपालिकामा बसोबास गर्ने जातजातिको पहिचान गर्न र बेषभुषा बताउन<br>• गैडहवाका विशेष परिकारको परिचय दिन र महत्व बताउन | • गैडहवा भएका पर्यटकीय स्थल (गैडाताल, यशोधरा पार्क, सगरहवा ताल, तुलसीहवा ताल) को परिचय र महत्व<br>• गैडहवा गाउँपालिकाका मानिसले लगाउने पहिरन (सारी, धोती, गम्छा, पगडी, कुर्ता, पाईजामा, सलबार कुर्ता, सर्ट, पैन्ट, दौरा सुरुवाल, कोट, चौबन्दी, बुर्का (हिजाफा) मगर पोसाक, गुनिउ, चोली, घघरा चोली, ढाँका टोपी) को पहिचान, प्रदर्शन र महत्व<br>• मानव निर्मित र प्राकृतिक सम्पदाको वर्गीकरण र महत्व<br>• गैडहवा गाउँपालिकामा बसोबास गर्ने जातजाति (मगर, | • विद्यार्थीहरुलाई कुन कुन गैडहवाका कुन कुन मन्दिरमा भ्रमण गर्नुभएको छ ? उक्त मन्दिर के को लागि प्रख्यात छ ? महत्व के छ ? जस्ता प्रश्नमा छलफल गर्ने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट गैडहवामा भएका पर्यटकीय स्थलहरु : गैडाताल, यशोधरा पार्क, सगरहवा ताल, तुलसीहवा ताल देखाउँदै यी मध्य कुन कुनको भ्रमण गर्नुभएको छ ? बताउन लगाउने<br>• उल्लिखित पर्यटकीय स्थलमध्ये विद्यालयबाट नजिकको स्थलको भ्रमण गराई उक्त उक्त स्थलका विशेषता, महत्व, विकास, संरक्षणका उपायहरु सम्बन्धमा प्रस्तुत गर्ने परियोजना कार्य दिने र मूल्यांकन गर्ने<br>• चित्रको माध्यमबाट गैडहवा गाउँपालिकाका मानिसले लगाउने पहिरन प्रदर्शन गर्ने र ती पहिरनको पहिचान गर्न लगाउने ।<br>• चित्रको माध्यमबाट (सारी, धोती, गम्छा, पगडी, कुर्ता, पाईजामा, सलबार कुर्ता, सर्ट, पैन्ट, दौरा सुरुवाल, कोट, चौबन्दी, बुर्का (हिजाफा) मगर पोसाक, गुनिउ, चोली, घघरा चोली, ढाँका टोपी को चिनारी गराउने र तिनको महत्व सम्बन्धी जानकारी दिने<br>• उल्लिखित पहिरनहरु मध्ये हप्ताको कुनै एक दिन लगाएर विद्यालयमा आउन अनुरोध गर्ने र पहिरनले गैडहवाको पहिचान गराउने भएकोले यसको महत्व भएको कुरा उल्लेख गर्ने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट सार्वजनिक स्थलको परिचय दिने र संरक्षण गर्नुपर्ने कुराको जानकारी गराउने । ती मध्ये मन्दिर, चर्च र गुम्बा, पाटीपौवा, चौतारा जस्ता सार्वजनिक स्थलको चिनारी गराउने<br>• विद्यालयबाट नजिकका सार्वजनिक स्थलको भ्रमण गराइ तिनको परिचय, महत्व, संरक्षण गर्ने तरिका सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्ने र मूल्यांकन गर्ने<br>• गैडहवामा भएका विभिन्न सम्पदाहरुको सूची तयार गर्न लगाई ती सम्पदालाई मानव निर्मित र प्राकृतिक सम्पदाको वर्गीकरण गर्न | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन<br>• परियोजना कार्यको प्रतिवेदनको मूल्यांकन | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | यादव, कुर्मी, चौधरी, थारु चौधरी, केवट, कोहार, कहार, ब्राह्मण, क्षेत्री) को पहिचान र बेषभुषा<br>• गैडहवाका विशेष परिकार : अचार, मुरब्बा, ढिकरी (फारा), ठेकुवा, सेलो, गोभिया, दालही रोटी | लगाउने र महत्व बताउने<br>• जलसम्पदाहरु जस्तै : पोखरी, कुवा, धाराको परिचय दिने र महत्व बताउने<br>• गैडहवा गाउँपालिकाका जातजाती (मगर, यादव, कुर्मी, चौधरी, थारु चौधरी, केवट, कोहार, कहार, ब्राह्मण, क्षेत्री) को चित्र, श्रव्यदृश्य सामग्रीको माध्यमाबाट चिनारी गराउने र वेषभुषाको जानकारी गराउने<br>• गैडहवाका विशेष परिकार : अचार, मुरब्बा, ढिकरी (फारा), ठेकुवा, सेलो, गोभिया, दालही रोटी मध्ये को कसको घरमा के के परिकार बनाई खाने गरिएको छ ? अनुभव आदानप्रदान गर्न लगाउने<br>• यी परिकारमध्ये हप्ताको एकदिन कुनै एक वा दुई परिकार बनाउने अभ्यास गराउने र परिकार खाने र खान लगाउने । यसरी परिकार बनाउँदा स्वास्थ्यको लागि हुने फाइदाहरु ब्ताउने र जंकफुड खानु हुँदैन भनी आफैंले बनाएको खानुपर्नेमा जोड दिने | | |
| ३ | **गैडहवाका पेसा, व्यवसाय र प्रविधि** | • स्थानिय स्तरका व्यवसाय र हस्तकलाका सामग्रीहरु (नाम, आवश्यक सामग्री र प्रयोजन बताउन<br>• घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान गर्न र परिचय दिन तथा उक्त कार्यमा सहयोग गर्न<br>• फलफूल खेतीको परिचय दिन र महत्व बताउन<br>• पशुपन्छी पालन गर्ने तरिका र महत्व बताउन<br>• तरकारी तथा फलफूलमा पाइने | • स्थानिय स्तरका व्यवसाय र हस्तकलाका सामग्रीहरु (नाम, आवश्यक सामग्री र प्रयोजन : कोदालो, खुर्पी, हँसुवा, खन्ती, खल, कुटो कोदालो, चुलेसी, खुकुरी, लोहोरो सिलौटो, ढिकी जाँतो, खलो, ओखल<br>• घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान र परिचय तथा उक्त कार्यमा सहयोग<br>• फलफूल खेतीको परिचय र महत्व | • स्थानिय स्तरमा निर्मित हस्तकलाका सामग्रीहरु के के सामग्रीहरु छन् ? बताउन लगाउने<br>• ती मध्ये कोदालो, खुर्पी, हँसुवा, खन्ती, खल, कुटो कोदालो, चुलेसी, खुकुरी, लोहोरो सिलौटो, ढिकी जाँतो, खलो, ओखल आदि देखाई तिनको नाम, निर्माण गर्दा आवश्यक सामग्री र प्रयोगको बारेमा बताउन लगाउने<br>• माथि उल्लिखित सिप जान्ने स्थानीय व्यक्ति (शिक्षक आफैले) लाई विद्यालयमा आमन्त्रण गरी उक्त वस्तु निर्माण गर्न लगाउने र सोही कार्यमा अभ्याससमेत गराउने<br>• गैडहवा गाउँपालिकाका विभिन्न क्षेत्रमा विभिन्न प्रयोजनले प्रयोगमा ल्याइएको आधुनिक प्रविधिको जानकारी गराउने र तिनको महत्व बताउन लगाउने<br>• यस्ता आधुनिक प्रविधिहरु मध्ये राइसमिल, तोरी मिलको अवलोकनको लागि व्यवस्थापन गरी विद्यार्थीहरुलाई भ्रमण गराई उक्त प्रविधिहरुले गर्ने कार्य प्रक्रिया र कार्यमा हुने सरलता र सहजता सम्बन्धी प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्न लगाउन<br>• घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादन बताउन लगाउने र तिनको परिचय दिन लगाउने । जस्तै : टमाटर, आलु, काउली, बन्दा, कागती, गोलभेडा आदि)<br>• कृषि सम्बन्धी व्यवसायिक पेशाहरू गोलभेडा, काउली, आलु, च्याउ, धान, मकै मध्ये कुन कुन आफ्नो घरमा उत्पादन हुन्छ ? | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पौष्टिक तत्वहरु पहिचान गर्न<br>• घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरीका बताउन<br>• दैनिक जीवनमा प्रयोग गरिने वस्तुहरुको उपयोगमा मितव्ययिता अपनाउन | • पशुपन्छी पालन गर्ने तरिका र महत्व<br>• तरकारी तथा फलफूलमा पाइने पौष्टिक तत्वहरु पहिचान<br>• घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरीका<br>• दैनिक जीवनमा प्रयोग गरिने वस्तुहरुको उपयोगमा मितव्ययिता | विद्यार्थीहरुलाई अनुभव बताउन लगाउने<br>• ती व्यवसायिक पेसाहरुको परिचय दिने र महत्व बताउने<br>• उल्लिखित व्यवसाय गर्ने कार्यमा विद्यालय तथा घरमा सहयोग गर्न लगाउने<br>• विद्यार्थीहरुलाई आफ्नो घरमा गरिने फलफूल खेतीको बारेमा जानकारी दिन लगाउने<br>• गैडहवा गाउँपालिकाका विभिन्न स्थानमा गरिने फलफूल खेतीको परिचय र महत्व बताउन लगाउने र आवश्यक थप जानकारी दिने<br>• विद्यार्थीहरुलाई उनीहरुको घरमा पालन गरिने पशुपन्छी पालन ( कुखुरा, बाख्रा, गाइ, भैसी, बंगुर) को बारेमा जानकारी दिन लगाउने<br>• ती पालन गर्दा हुने फाइदाको बारेमा छलफल गराउने र पालन गर्ने तरिका र महत्वको बारेमा जानकारी दिने<br>• उक्त पालन गर्दा सहयोग गर्ने कुराको जानकारी दिने<br>• गैडहवाका विभिन्न स्थानमा खेती गरिने तरकारी तथा फलफूलमा पाइने पौष्टिक तत्वहरु पहिचान गर्न लगाउने र तरकारी र फलफूलको सूची बनाई प्रत्येकमा पाइने पौष्टिक तत्व (भिटामिन, फाइबरलगायत) को विवरण तयार गर्न लगाउने र शिक्षकले आवश्यक सहयोग गर्ने<br>• घरमा उत्पादन भएका वस्तुको विक्री वितरण कहाँ गरिन्छ ? त्यसबाट आर्थिक पक्षमा के फाइदा हुन्छ ? प्रश्नमा छलफल गराउने<br>• घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरीकाको जानकारी दिने<br>• दैनिक जीवनमा प्रयोग गरिने वस्तुहरु (पानी, साबुन, तेल, तरकारी आदि) को उपयोगमा मितव्ययिता अपनाउनुपर्ने कुराको जानकारी दिने | | |
| ४ | **गैडहवाको वातावरण** | • गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने पशुपन्छीको परिचय दिन र महत्व बताउन<br>• वडा क्षेत्रको वनमापाइने औषधिजन्य | • गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने पशुपन्छी (बाँदर, निलगाइ, बँदेल, सुँगा, स्याल, गिद्ध, लोखर्के, चमेरा, किलहट, ढुकुर, सेतीबिलार, सुनचरी, खरायो, | • विद्यार्थीहरुलाई स्थानीयस्तरमा देखेका वन्यजन्तु तथा चराहरुको नाम बताउन लगाउने<br>• गाउँपालिका भित्रका वनमा भएका वन्यजन्तु बाँदर, निलगाइ, बँदेल, सुँगा, स्याल, गिद्ध, लोखर्के, चमेरा, किलहट, ढुकुर, सेतीबिलार, सुनचरी, खरायो, न्याउरी मुसो, बँदेल, चितुवा, धनेस, चिल, भँगेरा, मैना, बकुला, लोखर्के, उल्लुको बारेमा अवलोकन/चित्र/भिडियो प्रदर्शन आदिको माध्यमबाट परिचय दिने<br>• गाउँपालिका भित्रका वनमा रहेका वन्यजन्तुको महत्व सम्बन्धमा छलफल गराउने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वनस्पतिहरू पहिचान गर्न<br>• विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुन<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न<br>• फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) र व्यवस्थापनमा सहयोग गर्न<br>• | न्याउरी मुसो, बँदेल, चितुवा, धनेस, चिल, भँगेरा, मैना, बकुला, लोखर्के, उल्लु आदि) को परिचय र महत्व<br>• वडा क्षेत्रको वनमापाइने औषधिजन्य वनस्पतिहरू (तुलसी, असुरो, चिराइतो, लहटोहरा, निम, बेल, अमला, हल्दी, गिलोय (गुर्जो), भाङ, धतुरो, बकाइनो, गुमा, बेसार, अदुवा, भटकोईया, सेहुँड, घिउकुमारी, बोझो, सिउँडी, चिचिहडा, मदार, अमर बेल, तितेपाती, धतुरो, अमरबेल, तेजपत्ता, कडीपत्ता, टोप्रेझार, पुदिना, केराको बुंगो) पहिचान<br>• विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागिता<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान<br>• फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) र | • आफू बस्ने वडाका वनहरुको पहिचान गराउने<br>• उक्त वडामा भएका वनहरुमा पाइने औषधिजन्य वनस्पतिहरु जस्तै : तुलसी, असुरो, चिराइतो, लहटोहरा, निम, बेल, अमला, हल्दी, गिलोय (गुर्जो), भाङ, धतुरो, बकाइनो, गुमा, बेसार, अदुवा, भटकोईया, सेहुँड, घिउकुमारी, बोझो, सिउँडी, चिचिहडा, मदार, अमर बेल, तितेपाती, धतुरो, अमरबेल, तेजपत्ता, कडीपत्ता, टोप्रेझार, पुदिना, केराको बुंगाको बारेमा चित्र, भिडियो, अवलोकनद्वारा पहिचान गराउने र तिनीहरुको उपयोगमा छलफल गराउने<br>• श्रव्यदृश्य वा चित्र वा अन्य सामग्रीको माध्यमबाट करेसाबारीमा परिचय दिने र यसको महत्व बताउने<br>• विद्यालयको करेसाबारी निर्माणमा विद्यार्थीहरुलाई सहभागी बनाउने<br>• विद्यार्थीहरुलाई विद्यालयमा बालबगैँचा निर्माणमा सहभागी गराउने<br>• विद्यालय भित्र तथा विद्यालय वरपर वृक्षरोपणमा विद्यार्थीहरुलाई सहभगाी गराउने र वृक्षरोपण गर्दा हुने फाइदाहरुको बारेमा जानकारी दिने<br>• घर तथा विद्यालय वरपर भएका वस्तुहरुको पहिचान गर्न लगाउने<br>• वरपर भएका सजीव र निर्जीव वस्तुहरुको समग्रतालाई वातावरणको रुपमा परिचय गराउने<br>• पर्यावरण सन्तुलनमा नखल्बल्याइ उपलब्ध वस्तुहरुको सही सदुपयोग, वृक्षरोपण, उपयोग, सामाजिक, आर्थिक, सांस्कृतिक भौतिक, प्राविधिक विकास गर्नुपर्ने पक्षमा छलफल गराउने र वातावरण र विकासबिच अन्योन्याश्रित सम्बन्ध रहेको जानकारी दिने<br>• घर, विद्यालय, अस्पताल, कारखानाबाट निस्कने फोहोरले स्थानीय स्तरमा पारेको असर (स्वास्थ्य, वातावरण, कृषि आदि) सम्बन्धमा श्रव्यदृश्य सामग्री, अवलोकन, चित्र आदिको माध्यमबाट छलफल गराउने<br>• घर, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण आदिको कारणले स्थानीयस्तरमा देखापरेका प्रदूषण (जल, जमिन, ध्वनि, हावा) को अवस्थामा छलफल गराउने<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण, प्रकोप आदिबाट हुने/निस्कने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरहरुलाई सामान्यतया ठोस (कुहिने र नकुहिने), तरल र ग्याँस (हावा) गरी तीन समूहमा वर्गीकरण गर्न सकिने कुरा बताउने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | व्यवस्थापनमा सहयोग | • यी विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरहरुलाई उचित तरिकाले विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा बताउने र व्यवस्थापनमा सहभागी गराउने<br>• वातावरण संरक्षणसँग सम्बन्धित चित्र, फोटो वा श्रव्यदृश्य सामग्री प्रदर्शन गरी आवश्यक जानकारी दिने र संरक्षणमा विद्यार्थीले गर्ने कार्यहरुमा छलफल गराउने | | |
| ५ | **दुर्घटना तथा विपद व्यवस्थापन** | • दुर्घटना एवम प्राकृतिक र मानव सिर्जित विपत्को परिचय दिन<br>• मानव सिर्जित वा गैरप्राकृतिक विपत्को कारण र असर र न्यूनीकरण तथा बच्ने उपायहरु बताउन<br>• दैनिक रुपमा प्रयोग गरिने घरायसी र पेसागत सामग्रीको सुरक्षित तरिकाले प्रयोग गर्ने तरिका बताउन र नमुना अभ्यास गर्न<br>• यात्राको समयमा हुनसक्ने सम्भावित जोखिम पहिचान र बच्ने उपायहरु अवलम्बन गर्न<br>• सडक दुर्घटना हुने कारण, असर र रोकथामका उपायहरुको खोज र अवलम्बन गर्न | • दुर्घटना एवम प्राकृतिक र मानव सिर्जित विपत्को परिचय<br>• मानव सिर्जित वा गैरप्राकृतिक विपत्को कारण र असर र न्यूनीकरण तथा बच्ने उपायहरु<br>➢ महामारी, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरंगीबाट हुने फ्लु,<br>• दैनिक रुपमा प्रयोग गरिने घरायसी र पेसागत सामग्रीको सुरक्षित तरिकाले प्रयोग गर्ने तरिका बताउने र नमुना अभ्यास<br>• यात्राको समयमा हुनसक्ने सम्भावित जोखिम पहिचान र बच्ने उपायहरु अवलम्बन | • मानिसको कारणले कस्ता कस्ता दुर्घटना र विपत् आउन सक्छन् र आएका छन् ? छलफल गराउने<br>• गैडहवामा विगतमा घटेका दुर्घटना र विपतको उदाहरणहरु दिएर मानव सिर्जित दुर्घटना र विपत्को परिचय दिने<br>• असिना, अतिवृष्टि, अनावृष्टि, बाढी, डुबान, भुस्खलन, आँधी, हुरी, बतास, चट्याङ, भूकम्प आदि प्राकृतिक विपतको पहिचान गराउने र परिचय दिने<br>• विभिन्न प्रकारका विपत् (मानव सिर्जितसमेत) तथा प्रकोपहरुको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र तिनीहरुको आधारमा प्राकृतिक र गैर प्राकृतिक विपत्हरुको बारेमा छलफल गराउने<br>• मानव सिर्जित विपत्मध्ये महामारी, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरंगीबाट हुने फ्लु, आदिको कारणले हुने विपत्को कारण, असर र न्यूनीकरणका उपायहरुमा छलफल, सिमुलेसन गराउने<br>• दैनिक रुपमा प्रयोग गरिने घरायसी र पेसागत सामग्री हरु ( हँसिया, खुर्पी, कुटो, कोदालो, फरुवा, हलो, लिडुल्को, गैती, बसुलो, फालो, बञ्चरो,चकक्कु, छुरा, चुलेसी, किला, ह्यामर आदि) को सुरक्षित तरिकाले प्रयोग गर्ने तरिका बताउने र नमुना अभ्यास गराउने<br>• यात्राको समयमा हुने सक्ने सम्भावित जोखिमहरु (गाडीमा उक्लदा, ओर्लदा, बाटो क्रस गर्दा, छतमा बस्दा, बाटो वा सडकमा हिड्दा आदि) बताउन लगाउने र बच्ने उपायहरुको बारेमा जानकारी दिने । यात्राको समयमा गाडीको छतमा बस्न नहुने कुरामा विशेष सतर्कता गराउने<br>• सडक दुर्घटना किन र कसरी हुन्छ होला ? प्रश्नमा छलफल गराउने<br>• सडक दुर्घटना हुने कारणहरु बताउन लगाउने र थप जानकारी दिने (जथाभावी बाटो खन्दा, वातावरण प्रभाव मूल्यांकन गाउँ सडक बनाउने, वृक्षरोपन नगर्ने, चालकको लापरवाही, सडक | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • सडक दुर्घटना हुने कारण, असर र रोकथामका उपायहरुको खोज र अवलम्बन | सम्बन्धी आचारसंहिता पालना नगर्नु, ओभरलोड, पुराना गाडीको परीक्षण गाउँ संचालनमा ल्याउने आदि)<br>• सडक दुर्घटना हुँदा पर्ने असरहरु बताउन लगाउने र आवश्यक जानकारी दिने (मानवीय क्षति, भौतिक क्षति, यातायात अबरुद्ध आदि)<br>• सडक दुर्घटनाबाट बच्ने उपायहरु सम्बन्धमा माथि उल्लिखित कारणमा छलफल गरी बच्ने उपायहरु बताउने | | |
| ६ | **हाम्रा व्यक्तित्व र संघ संस्थाहरुको परिचय तथा योगदान** | • बचत संस्कृतिको विकासमा सहयोग गर्न<br>• वडा भित्र सञ्चालित शैक्षिक संस्थाहरुको परिचय दिन<br>• गाउँपालिका क्षेत्रभित्रका विशिष्ट योगदान पुर्‍याउने समाज सेवीहरुको परिचय दिन र योगदानको चर्चा गर्न<br>• समाजसेवीहरुले गरेका कार्यहरुको सम्मान र अनुकरणीय पक्षहरु पहिचान गर्न<br>• वडाभित्र सञ्चालित स्वास्थ्य संस्थाको परिचयदिन र सेवाहरुको जानकारी दिन | • बचत संस्कृतिको विकास (चामल मुठिया, खुत्रुके)<br>• वडा भित्र सञ्चालित शैक्षिक संस्थाहरुको परिचय<br>• गाउँपालिका क्षेत्रभित्रका विशिष्ट योगदान पुर्‍याउने समाज सेवीहरुको परिचय र योगदान<br>• समाजसेवीहरुले गरेका कार्यहरुको सम्मान र अनुकरणीय पक्षहरु<br>• वडाभित्र सञ्चालित स्वास्थ्य संस्थाहरु र सेवाहरु | • बचन गर्न के के कार्य गर्न सकिन्छ ? प्रश्नमा छलफल गराउने र बचत संस्कृतिको विकासको लागि चामल मुठिया, खुत्रुके आदिको प्रयोग गर्न सकिने जानकारी दिने<br>• आफ्नो वडा भित्र सञ्चालित सम्पूर्ण शैक्षिक संस्थाहरुको जानकारी गराउँदै ती संस्थाहरुबाट प्रदान गरिने सेवाहरुको बारेमा सम्बन्धीत संस्थाको भ्रमण गराइ वा सम्बन्धीत संस्थाहरुको व्यक्तिलाई विद्यालयमा आमन्त्रित गरी जानकारी गराउन लगाउने<br>• आफ्नो वडा भित्र विभिन्न सामाजिक संस्थाहरुद्धारा गरिदै आएका कामहरुलाई अवलोकन गर्न सम्बन्धीत ठाउँमा भ्रमण गराई वा सम्बन्धीत संस्थाको व्यक्तिलाई आमन्त्रित गरी सो संस्थाबाट प्रदान गरिदै आएका कामहरु भन्न लगाउने<br>• गाउँसमाजमा अग्र पंतिमा रहेर समाजको विकासका निम्ति अहोरात्र खटिने व्यक्तिहरुको जीवनी र उनिहरुले गरेका प्रशंसनीय कार्यहरुको बारेमा कक्षा कोठामा छलपल गराउने<br>• गाउँसमाजको विकासका निम्ति प्रतिष्ठित व्यक्तिहरुले गरेका कार्यहरु भन्न लगाउने र त्यस्ता असल व्यक्तिले गरेका कामहरु समाजको विकासका लागि प्रेरणाको स्रोतहरु बन्छन भनि छलफल गराउने<br>• आफ्नो वडा भित्र रहेका स्वास्थ्य सस्थाहरुको भ्रमण गराई वा संस्थाको पदाधिकारीहरुलाई आमन्त्रित गरी उक्त संस्थाले प्रदान गर्दै आएका सेवाहरुको जानकारी गराउने र आवश्यकताअनुसार सेवा लिन अभिप्रेरित गर्ने | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | १३ |

कक्षा ५

| क्र.स. | एकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|---|
| १ | **गैडहवा गाउँपालिकाको परिचय** | • गैडहवा गाउँपालिकाको बनोट वर्णन गर्न<br>• गैडहवा गाउँपालिकाको नक्सांकन गर्न<br>• गैडहवा गाउँपालिकाको वडागत जनसंख्या र साक्षरता बताउन<br>• यातायात, विद्युत् र सञ्चार सेवाको विस्तार पहुँच भएका वडा र मुख्य ठाँउ र महत्व बताउन<br>• आफू बसोबास गरेको समुदायको विगत र वर्तमान अवस्था तुलना गर्न<br>• जातिय छुवाछुत र भेदभावले व्यक्तिगत तथा सामाजिक जीवनमा पार्ने प्रभावहरु पहिचान गर्न<br>• गैडहवा गाउँपालिकामा रहेका विभिन्न विकृतिहरु जस्तो धुम्रपान, | • गैडहवा गाउँपालिकाको बनोट : साविकका गाविसहरु (१) साँडी गाविस : ९ ओटा वडा (२) जोगडा गाविस : ९ ओटा वडा (३) विष्णुपुरा : ९ ओटा वडा र (४) सूर्य पूरा : ९ वडा<br>• गैडहवा गाउँपालिकाको नक्सांकन<br>• गैडहवा गाउँपालिकाको वडागत जनसंख्या र साक्षरता<br>• यातायात, विद्युत् र सञ्चार सेवाको विस्तार पहुँच भएका वडा र मुख्य ठाँउ र महत्व<br>• आफू बसोबास गरेको समुदायको विगत र वर्तमान अवस्था<br>• जातिय छुवाछुत र भेदभावले व्यक्तिगत तथा सामाजिक जीवनमा पार्ने प्रभावहरु<br>• गैडहवा गाउँपालिकामा रहेका विभिन्न विकृतिहरु जस्तो धुम्रपान, मधपान र लागू पदार्थ सेवन | • हालको गैडहवा गाउँपालिका साविकका गाविसहरु (१) साँडी गाविस : ९ ओटा वडा (२) जोगडा गाविस : ९ ओटा वडा (३) विष्णुपुरा : ९ ओटा वडा र (४) सूर्य पूरा : ९ वडा.) मिलि बनेको कुराको जानकारी दिने<br>• गैडहवा गाउँपालिकाको नक्सा प्रस्तुत गर्ने<br>• स्वतन्त्र विधि, टेम्प्लेट विधि, कार्बन विधि, वर्गविधि आदिबाट नक्सा कोर्ने अभ्यास गराउने, मुख्य मुख्य स्थानहरु नक्सामा उतार्न सहयोग गर्ने<br>• गाउँपालिकाका वडाअनुसारका घरधुरी संख्या, पेसागत विवरण, महिला र पुरुषको जनसंख्या, बालबालिकाको जनसंख्याको विवरण प्रस्तुत गर्ने<br>• यातायात, विद्युत् र सञ्चार सेवाको विस्तार पहुँच भएका वडा र मुख्य ठाँउको विवरण प्रस्तुत गर्ने र त्यसको महत्व बताउने<br>• गैडहवामा रहेका ऐतिहासिक तथा पुरातात्विक वस्तुहरुको चित्र वा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी जानकारी बनाउने र संरक्षणमा सहभागी हुन प्रेरित गराउने<br>• गैडहवा गाउँपालिकाको विगतको अवस्थाको बारेमा स्थानीय व्यक्तिलाई आमन्त्रित गरी जानकारी दिन लगाउने र वर्तमान अवस्थासँग तुलना गर्न लगाउने । तुलना गर्दा रहनसहन, चालचलन, संस्कृति, भूबनोट, विभिन्न किसिमको खेतीपाती, तरकारी, वनजंगल, शिक्षा, स्वास्थ्य, यातायाता, बिजुली, पानी आदिको आधारमा गर्ने<br>• यसको आधारमा आफू बसोबास गरेको समुदायको विगत र वर्तमान अवस्था बताउन लगाउने<br>• जातिय छुवाछुत र भेदभावले व्यक्तिगत तथा सामाजिक जीवनमा पार्ने प्रभावहरु पहिचान गर्न लगाउने र यस किसिमको विभेद गर्नुहुँदैन भन्ने कुराको जानकारी दिने र यस सम्वन्धमा अभिनयात्मक तथा नाटक क्रियाकलाप सांचलन गर्ने<br>• गैडहवा गाउँपालिकामा रहेका विभिन्न विकृतिहरु (धुम्रपान, | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मधपान र लागू पदार्थ सेवन गर्नुका कारण, असर र रोकथामका उपायहरु पहिचान गर्न<br>• सामाजिक कुरीतिको परिचय, कारण, असर र न्यूनीकरणका उपायहरु बताउन | गर्नुका कारण, असर र रोकथामका उपायहरु<br>• सामाजिक कुरीतिको परिचय, कारण, असर र न्यूनीकरणका उपायहरु (दाइजो, जुवातास, चोरी, घरेलु हिंसा, मानव बेचबिखन, अस्लिल नृत्य, लैंगिक हिंसा आदि आदि) | मधपान, लागूपदार्थ) कारण, असर र रोकथामका उपायहरुमा छलफल गराउने<br>• यस किसिमका विकृतिहरु हटाउने सचेतनामूलक क्रियाकलाप गराउने<br>• महिला हिंसाका उदाहरणहरु प्रस्तुत गर्दै यसबाट हुने असर र न्यूनीकरणका उपायहरुमा छलफल गराउने र आवश्यक जानकारी दिने<br>• सामाजिक कुरीतिहरु : दाइजो, जुवातास, चोरी, घरेलु हिंसा, मानव बेचबिखन, अस्लिल नृत्य, लैंगिक हिंसा आदि आदि) को परिचय, कारण, असर र न्यूनीकरणका उपायहरुमा छलफल गराउने र यस्ता कुरीतिहरु हटाउन सचेतीकरण कार्यक्रम संचालन गर्न लगाउने र आफूले समेत सहयोग गर्ने | | |
| २ | **गैडहवाका सम्पदाहरु** | • गैडहवामा भएका पर्यटकीय स्थलको परिचय दिन र महत्व बताउन<br>• जलसम्पदाको परिचय दिन र महत्व बताउन<br>• गैडहवा गाउँपालिका र छिमेकी गाउँपालिकामा हुने जात्राको परिचय दिन<br>• गैडहवा गाउँपालिकामा बसोबास गर्ने जातजातिको पहिचान गर्न र बेषभुषा बताउन | • गैडहवामा भएका पर्यटकीय स्थल ( शहिदपार्क, करबलहिया ताल, देउराली बाल उद्यान तथा वनभोज स्थल) को परिचय र महत्व<br>• गैडहवा गाउँपालिकामा रहेका जलसम्पदा (नदी, खोला, ताल, पोखरी) को परिचय र महत्व<br>• गैडहवा गाउँपालिका र छिमेकी गाउँपालिकामा हुने जात्रा<br>• गैडहवा गाउँपालिकामा बसोबास गर्ने जातजाति (मुस्लिम, गुप्ता, पासी, लोध, हरिजन (चमार), विश्वकर्मा, धोबी, चाई, नाउ, ढाडी, भर, माली, रजभर, थारु, कलवार, | • गैडहवामा भएका पर्यटकीय स्थल : शहिदपार्क, करबलहिया ताल, देउराली बाल उद्यान तथा वनभोज स्थलको चित्र वा श्रव्यदृश्य सामग्रीबाट प्रदर्शन गरी पहिचान गर्न लगाउने र तिनको महत्व बताउने<br>• उल्लिखित पर्यटकीय स्थलमध्ये विद्यालयको नजिकमा रहेको कुनै स्थलको भ्रमण गराई उक्त स्थलको नाम, विशेषता, महत्व, विकास र संरक्षण गर्ने तरिकालाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने र सोही आधारमा मूल्यांकन गर्ने<br>• स्थानीय स्तरमा रहेका जलसम्पदाहरु जस्तै : पोखरी, नदी, कुवा, ताल आदिको चित्र वा भिडियोद्वारा परिचय दिने र महत्व बताउने<br>• गैडहवा गाउँपालिका र छिमेकी गाउँपालिकामा हुने मुख्य मुख्य जात्रा, लोकगीत र लोकनृत्यको जानकारी गराउने र महत्व बताउने<br>• उक्त जात्रा, गायन र नृत्यमा विद्यार्थीहरुलाई सहभागी गराउने र जात्रामा गरिएका क्रियाकलापहरु बताउन लगाउने<br>• गैडहवा गाउँपालिकामा बसोबास गर्ने जातजातिहरु : मुस्लिम, गुप्ता, पासी, लोध, हरिजन (चमार), विश्वकर्मा, धोबी, चाई, नाउ, ढाडी, भर, माली, रजभर, थारु, कलवार, बरई, कुमाल, मुसहर, बढई, मुराउ, पाल, कोइरी, गुरुङ, थकाली, कामी, दमाइ, सार्की, भुज, मल्लाह) पहिरन, बेषभुषाको चित्र वा वास्तविक वस्तु वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट चिनारी | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन<br>• रुबिक्स<br>• रुजुसूची<br>• श्रेणीमापन<br>• क्षेत्रभ्रमण प्रतिवेदनको मूल्यांकन | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • गैडहवाका विशेष परिकारको परिचय दिन र महत्व बताउन | बरई, कुमाल, मुसहर, बढई, मुराउ, पाल, कोइरी, गुरुङ, थकाली, कामी, दमाइ, सार्की, भुज, मल्लाह) को पहिचान र बेषभुषा<br>• गैडहवाका विशेष परिकार : गुलगुला, खिरपुरी, रिकवच, चोखा, चुकाउनी, बिरयानी, सेवई, जिलपी, मालपुवा, दहीचिउरा, भुजा | गराउने र महत्व बताउने<br>• गैडहवाका विशेष परिकार : गुलगुला, खिरपुरी, रिकवच, चोखा, चुकाउनी, बिरयानी, सेवई, जिलपी, मालपुवा, दहीचिउरा, भुजा को परिचय, महत्व बताउने र हप्ताको एकदिन उक्त परिवार पकाएर खाजाको रुपमा खाने व्यवस्था मिलाउने<br>• यसरी स्थानीय स्तरमा उत्पादन भएका वस्तुबाट परिकार बनाइ खाँदा हुने फाइदाको बारेमा बताउने साथै जंकफुड खाना नहुने कुराको समेत जानकारी दिने | | |
| ३ | **गैडहवाका पेसा, व्यवसाय र प्रविधि** | • स्थानिय स्तरका व्यवसाय र निर्मित हस्तकलाका सामग्रीहरु (नाम, आवश्यक सामग्री र प्रयोजन बताउन<br>• गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रको पहिचान गर्न<br>• मौसमी तथा बेमौसमी तरकारी खेतीको परिचय र खेती कार्यमा सहयोग गर्न<br>• नगदेबालीको परिचय दिन र खेती कार्यमा सहयोग गर्न<br>• स्थानीय रैथाने बालीहरू खेती कार्यमा सहयोग गर्न | • स्थानिय स्तरका व्यवसाय र हस्तकलाका सामग्रीहरु (नाम, आवश्यक सामग्री र प्रयोजन : आरी, बञ्चरो, बसुला, हथौडा, कर्नी, फरुही, रुखान, दबिया, हाते बर्मा, गणासा, बेल्चा, मदानी, ठेकी, खुर्पी, किलो दाम्लो, डोण, टाटनो, चक्कु, छुरी, सुपा, चालनी, ढिकी, पिर्का लोहोरी, डेलिया, हेलुका<br>• गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रको पहिचान<br>• मौसमी तथा बेमौसमी तरकारी खेतीको परिचय र खेती कार्यमा सहयोग | • स्थानिय स्तरमा निर्मित हस्तकलाका सामग्रीहरु जस्तै : आरी, बञ्चरो, बसुला, हथौडा, कर्नी, फरुही, रुखान, दबिया, हाते बर्मा, गणासा, बेल्चा, मदानी, ठेकी, खुर्पी, किलो दाम्लो, डोण, टाटनो, चक्कु, छुरी, सुपा, चालनी, ढिकी, पिर्का लोहोरी, डेलिया, हेलुकाको नाम, आवश्यक सामग्री र प्रयोजनमा छलफल गरी आवश्यक जानकारी दिने<br>• डोको, डाला, नाम्ला, दाम्ला कृषि हलो,.फलामका औजारहरु ( हसिया, कुटो कोदालो) सम्बन्धी ज्ञान र सिप भएका स्थानीय स्रोत व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी उक्त सिप प्रदर्शन गर्न लगाउने र विद्यार्थीलाई समेत नमुना अभ्यास गराउने<br>• स्थानिय सिप र प्रविधिबाट निर्मित विभिन्न घरेलु सामानहरुको प्रयोग गर्ने तरिका र महत्व सम्बन्धमा जानकारी दिने<br>• गैडहवामा रहेका आधुनिक प्रविधिहरु जस्तै : पिठो मिल, मसला मिल, पिसानि मिल, मिक्चर आदिको जानकारी दिने र उक्त प्रविधिको अवलोकन गराई कार्य प्रक्रिया र महत्व बताउने<br>• गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रको पहिचान गराउने र भ्रमण गराई तिनको महत्वबोध गराउने<br>• मौसमी तथा बेमौसमी तरकारी खेतीको परिचय र खेती कार्यमा सहयोग लगाउने । | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन<br>• रुबिक्स<br>• रुजुसूची<br>• श्रेणीमापन | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • व्यावसायिक कृषिबाट हुने आर्थिक महत्व बताउन<br>• गैडहवामा उत्पादन हुने वस्तुहरु, बिक्री गर्ने बजारको विवरण प्रस्तुत गर्न<br>• गैडहवामा उत्पादित र निर्मित वस्तुको उपयोग गर्नुपर्छ भन्ने कुरामा सचेततीकरण हुन र उपयोग गर्न | • नगदेबालीको परिचय, खेती कार्यमा सहयोग<br>• स्थानीय रैथाने बालीहरू (मकै, जौ, कोदो, गहुँ, जुनेलो आदि) खेती कार्यमा सहयोग<br>• व्यावसायिक कृषिबाट हुने आर्थिक महत्व<br>• गैडहवामा उत्पादन हुने वस्तुहरु, बिक्री गर्ने बजार<br>• गैडहवामा उत्पादित र निर्मित वस्तुको उपयोग गर्नुपर्छ भन्ने कुरामा सचेततीकरण र उपयोग | • यस सम्बन्धमा बेमौसमी खेती गरिएको स्थानमा विद्यार्थीलाई भ्रमण गराई खेती गर्ने तरिका सिकाउने जस्तै : टमाटर खेति, काउली खेती, कार्को खेती, करेला खेती आदि ।<br>• तोरी, उखु, टमाटर, आलु, प्याज, लसुन आदि नगदेबालीको खेती गर्ने तरिकाको जानकारी दिने वा उक्त खेती गर्ने स्थानमा विद्यार्थीलाई भ्रमण गराइ खेती गर्ने विज्ञलाई खेती गर्ने तरिकाको बारेमा जानकारी गराउने<br>• विद्यार्थीहरुलाई उक्त भ्रमणको क्रममा सिकेका अनुभवलाई समेटी प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने र विद्यार्थीहरुलाई उक्त खेती गर्ने कार्यमा सहभागी हुन प्रेरित गर्ने<br>• स्थानीय रैथाने बालीहरू जस्तै : स्थानीय रैथाने बालीहरू (मकै, जौ, गहुँ, धान) को परिचय दिने र तिनको महत्व बताउने<br>• स्थानीय तहको प्रतिनिधिलाई आमन्त्रण गरी आर्थिक अवस्था सुधारमा स्थानिय तहले गर्ने क्रियाकलापहरुको जानकारी गराउन लगाउने<br>• व्यावसायिक कृषिबाट हुने आर्थिक महत्वको बारेमा चित्र, श्रव्यदृश्य तथा भ्रमण गराई जानकारी गराउने<br>• गैडहवा गाउँपालिकामा उत्पादन हुने वस्तुहरुको सूची तयार गरी बिक्री गर्ने बजारको विवरण तयार गर्न लगाउने र उत्पादित वस्तु बिक्री कार्यमा सहयोग गर्न विद्यार्थीहरुलाई प्रेरित गर्ने<br>• गैडहवामा उत्पादित र निर्मित वस्तुको उपयोग गर्नुपर्छ भन्ने कुरामा सचेततीकरण गराउने<br>• विषादी प्रयोग गरेका, मिति सकिएका खाद्यान्नको प्रयोग गर्न नहुने र आफ्नै ठाउँमा उत्पादित ताजा उत्पादित वस्तुको प्रयोग गर्नुपर्ने कुराको जानकारी गराउने | | |
| ४ | **गैडहवाको वातावरण** | • गाउँपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको उपयोग र महत्व बताउन<br>• विद्यालय तथा घरमा स्थानीय औषधिजन्य | • गाउँपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरू (तुलसी, असुरो, चिराइतो, लहटोहरा, निम, बेल, अमला, हल्दी, गिलोय ( गुर्जो), भाङ, धतुरो, | • गाउँपालिका भित्रका वनमा पाइने औषधीजन्य वनस्पतिहरुको अवलोकन गराएर वा चित्र वा भिडियो अवलोकन गराएर परिचय गराउने<br>• ती औषधीजन्य वनस्पतिहरु (तुलसी, असुरो, चिराइतो, लहटोहरा, निम, बेल, अमला, हल्दी, गिलोय (गुर्जो), भाङ, धतुरो, बकाइनो, गुमा, बेसार, अदुवा, भटकोईया, सेहुँड, घिउकुमारी, बोझो, सिउँडी, चिचिहडा, मदार, अमर बेल, तितेपाती, धतुरो, अमरबेल, तेजपत्ता, कडीपत्ता, टोप्रेझार, | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन<br>• रुबिक्स | **१५** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहयोग गर्न<br>• गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका बताउन<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरू (कम उपयोग, पुन प्रयोग र प्रशोधन) खोजी गर्न<br>• घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय दिन | बकाइनो, गुमा, बेसार, अदुवा, भटकोईया, सेहुँड, घिउकुमारी, बोझो, सिउँडी, चिचिहडा, मदार, अमर बेल, तितेपाती, धतुरो, अमरबेल, तेजपत्ता, कडीपत्ता, टोप्रेझार, पुदिना, केराको बुंगो) को उपयोग र महत्व<br>• विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहयोग<br>• गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरू (कम उपयोग, पुन प्रयोग र प्रशोधन) खोजी<br>• घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय | पुदिना, केराको बुंगा) को महत्व तथा उपयोग के के कामका लागि प्रयोग गरिन्छ होला ? भन्ने प्रश्नमा छलफल गराउने<br>• ती वनस्पतिहरुको प्रयोग सम्बन्धमा चित्रसहित प्रस्तुति गर्ने<br>• घर तथा विद्यालयमा ती औषधीजन्य वनस्पति तथा फलफूलको उत्पादन गर्नको लागि बगैंचा बनाउन सकिने कुरा बताउने<br>• घर तथा विद्यालयमा औषधीजन्य वनस्पति तथा फलफूल उत्पादन गर्न सकिने तरिकासहित श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र छलफल गर्ने, विद्यालयको बगैंचामा औषधीजन्य वनस्पति र फलफूल रोपन गर्न विद्यार्थीहरुलाई सहभागी गराउने<br>• अभिभावकको सहयोगमा घरमा सम्भव भएसम्म औषधीजन्य वनस्पति र फलफूल बगैंचा तयार गर्न लगाउने र यस कार्यमा अभिभावकहरुबिच अन्तर्किया कार्यक्रम सञ्चालन गर्ने<br>• गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने वनस्पति र जीवजन्तुको संरक्षण गर्नुको महत्व सम्बन्धमा छलफल गराउने<br>• उक्त क्षेत्रभित्रका वनस्पति र जीवजन्तुहरुको संरक्षणको लागि विद्यार्थी, समुदाय, विद्यालयको भूमिका सम्बन्धमा छलफल गराउने<br>• वातावरण (सजीव र निर्जीव वस्तुहरु) को संरक्षण भनेको के होला ? प्रश्नमा मस्तिष्क मन्थन गराउने र वातावरण संरक्षणको उदाहरणसहित प्रष्ट पार्ने (जीवजन्तुको संरक्षण, वनस्पतिको संरक्षण, वनसम्पदान, जलसम्पदाको संरक्षण)<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा भएको फोहोरमैला व्यवस्थापनमा विधिहरु (कम प्रयोग गर्ने, पुनः उपयोग गर्ने र पुनः चक्रण गर्ने) मा उदाहरणसहित छलफल गराउने<br>• घरपरिवार, विद्यालय तथा समुदायस्तरबाट फोहोरमैला व्यवस्थापनमा उपायहरु अवलम्बन गर्न लगाउने<br>• घर तथा विद्यालयमा उपयोग हुने ऊर्जाको बारेमा छलफल गर्ने र ती ऊर्जाको प्रयोग, सावधानी र मितव्ययी तरिकाले प्रयोग गर्नुपर्ने कुराको जानकारी दिने | • रुजुसूची<br>• श्रेणीमापन | |
| ५ | **दुर्घटना तथा विपत्** | • दुर्घटना एवम | • दुर्घटना एवम प्राकृतिक र मानव निर्मित | • महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरंगीबाट हुने फ्लु, विषाक्त ग्याँस, जल | • प्रश्नोत्तर<br>• छलफल | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **व्यवस्थापन** | प्राकृतिक र मानव निर्मित विपत्मा भिन्नता बताउन<br>• मानव सिर्जित वा गैरप्राकृतिक विपत्को कारण र असर र न्यूनीकरण तथा बच्ने उपायहरु बताउन<br>• प्राकृतिक विपत्को कारण र असर र न्यूनीकरण तथा बच्ने उपायहरु बताउन<br>• चाडपर्वको समयमा हुनसक्ने सम्भावित जोखिम पहिचान र न्यूनीकरणका उपायहरुको खोजी र अवलम्बन गर्न | विपत्मा भिन्नता<br>• मानव सिर्जित वा गैरप्राकृतिक विपत्को कारण र असर र न्यूनीकरण तथा बच्ने उपायहरु<br>➢ विषाक्त ग्याँस, विषाक्त खाद्य सेवन<br>• प्राकृतिक विपत्को कारण र असर र न्यूनीकरण तथा बच्ने उपायहरु<br>➢ असिना पानी, डुबान, चट्याङ, भूकम्प<br>• चाडपर्वको समयमा हुनसक्ने सम्भावित जोखिम पहिचान र न्यूनीकरणका उपायहरुको खोजी र अवलम्बन | दुर्घटना, विषाक्त खाद्य सेवन आदि मानव सिर्जित विपतको बारेमा जानकारी गराउने<br>• असिना, अतिवृष्टि, अनावृष्टि, बाढी, भुस्खलन, आँधी, हुरी, बतास, चट्याङ, भूकम्प आदि प्राकृतिक विपतको पहिचान गराउने र परिचय दिने<br>• विभिन्न प्रकारका विपत् (मानव सिर्जितसमेत) तथा प्रकोपहरुको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र तिनीहरुको आधारमा प्राकृतिक र गैर प्राकृतिक विपत्हरुबिच फरक छुट्याउन लगाउने<br>• मानव सिर्जित विपत्मध्ये विषाक्त ग्याँस, विषाक्त खाद्य सेवन आदिको कारणले हुने विपत्को कारण, असर र न्यूनीकरणका उपायहरुमा छलफल, सिमुलेसन गराउने<br>• प्राकृतिक विपत्मध्ये असिना पानी, डुबान, चट्याङ, भूकम्प जस्ता विपत्को कारण, असर र न्यूनीकरण तथा बच्ने उपायका बारेमा छलफल, सिमुलेसन गराउने<br>• चाडपर्वको समयमा कस्ता खालका जोखिमहरु देखापर्छन् ? प्रश्नमा छलफल गराउने<br>• चाडपर्वको समयमा हुन सक्ने जोखिमहरुको कारणहरु ( खानाको सन्तुलन नमिलाउने, पटक पट्काउने, मध्यपान, लागू पदार्थको सेवन गर्ने आदि) को बारेमा छलफल गराउने<br>• यस्ता जोखिमबाट बच्ने उपायहरुमा छलफल गराउने र आवश्यक जानकारी गराउने<br>• यस सम्बन्धमा चेतनामूलक कार्यक्रममा विद्यार्थीलाई सरिक गराउने | • अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन<br>• रुबिक्स<br>• रुजुसूची<br>• श्रेणीमापन | |
| ६ | **हाम्रा व्यक्तित्व र संघ संस्थाहरुको परिचय र योगदान** | • बचत संस्कृतिको विकास (लघुवित्ता, जीवन वीमा बैंक र सहकारी संस्थाहरु, समूह बचत) मा सहभागी हुन<br>• गाउँपालिकाको नमुना विद्यालयको | • बचत संस्कृतिको विकास (लघुवित्ता, जीवन वीमा बैंक र सहकारी संस्थाहरु, समूह बचत)<br>• गाउँपालिकाको नमुना विद्यालयको परिचय<br>• वडा भित्र सामाजिक संघ संस्थाहरुद्वारा | • बचत संस्कृतिको विकास गर्न के के कार्य गर्न सकिन्छ होला ? प्रश्नमा छलफल गराउने र लघुवित्ता, जीवन वीमा बैंक र सहकारी संस्थाहरु, समूह बचतको परिचय र महत्व तथा बचत गर्ने तरिकाको जानकारी दिने<br>• गाउँपालिकाअन्तर्गतका नमुना विद्यालयको भ्रमण गराउने वा उक्त विद्यालयको प्रधानाध्यापकलाई आमन्त्रण गरी उक्त विद्यालयबाट भएको शैक्षिक सेवा प्रवाहरुको बारेमा जानकारी दिन लगाउने<br>• वडा भित्रका सामाजिक संघ संस्थाहरुको विवतरण र उक्त | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन<br>• रुबिक्स<br>• रुजुसूची | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परिचय दिन<br>• वडा भित्र सामाजिक संघ संस्थाहरुद्धारा गरिएका कामहरु बताउन<br>• पालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवाहरुको जानकारी दिन<br>• स्थानीय क्षेत्रमा शिक्षामा योगदान गरेका व्यक्तिहरूको परिचय दिन र योगदानको सम्मान गर्न | गरिएका कामहरु<br>• पालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवाहरु<br>• स्थानीय क्षेत्रमा शिक्षामा योगदान गरेका व्यक्तिहरू | संस्थाको परिचय तथा संस्थाद्धारा समाजको विकासको लागि गरिएका कामहरु जानकारी गराउने । यसको लागि सामाजिक संस्थाहरुका प्रतिनिधिहरुलाई विद्यालयमा आमन्त्रण गरी जानकारी गराउन लगाएर वा विद्यार्थीहरुलाई उक्त सामाजिक संस्थाहरुमा भ्रमण गराई संस्थाले गरेका कार्यहरु र योगदानको बारेमा जानकारी गराउन लगाउने र विद्यार्थीहरुलाई टिपोट तयार गरी प्रस्तुतीकरण गर्न लगाउने<br>• पालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रतिनिधिलाई विद्यालयमा आमन्त्रण गरेर वा उक्त स्वास्थ्य संस्थामा विद्यार्थीहरुलाई भ्रमण गराई स्वास्थ्य सम्बन्धी जानकारी, स्वास्थ्य सेवाहरुको बारेमा जानकारी गराउन लगाउने र विद्यार्थीहलाई प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने<br>• स्थानीय क्षेत्रमा शिक्षामा योगदान गरेका व्यक्तिहरूलाई विद्यालयमा आमन्त्रण गरी शिक्षामा गरेका योगदानको बारेमा जानकारी गराउन लगाउने | • श्रेणीमापन<br>• क्षेत्रभ्रमण प्रतिवेदनको मूल्यांकन | |

कक्षा ६

| क्र. स. | एकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|---|
| १ | **गैडहवा गाउँपालिकाको परिचय** | • गैडहवा गाउँपालिकाको नक्सामा महत्वपूर्ण ठाँउहरु संकेतन गर्न<br>• गैडहवा गाउँ कार्यपालिकाको गठन प्रक्रिया र कार्यहरु बताउन<br>• गैडहवा गाउँपालिकाको शिक्षा नीति र ऐन नियमको सामान्य विशेषताहरु बताउन<br>• गाउँपालिकाको बालबालिका, युवा र खेलकुद सम्बन्धी कार्यक्रम र सेवाहरुको जानकारी दिन<br>• आफु बसेको वडाका मुख्य विद्यालयको परिचय र सञ्चालित कक्षा र तह बताउन<br>• आफ्नो गाउँपालिका रहेका कलेज/ | • गैडहवा गाउँपालिकाको नक्सामा महत्वपूर्ण ठाँउहरु संकेतन<br>• गैडहवा गाउँ कार्यपालिकाको गठन प्रक्रिया र कार्यहरु<br>• गैडहवा गाउँपालिकाको शिक्षा नीति र ऐन नियमको सामान्य विशेषताहरु<br>• गाउँपालिकाको बालबालिका, युवा र खेलकुद सम्बन्धी कार्यक्रम र सेवाहरु<br>• आफु बसेको वडाका मुख्य विद्यालयको परिचय र सञ्चालित कक्षा र तह<br>• आफ्नो गाउँपालिका रहेका कलेज/ क्याम्पसको परिचय<br>• गाउँपालिकामा | • स्वतन्त्र विधि/ट्रेसिङ विधि/वर्ग विधि/टेम्प्लेट विधि वा अन्य उपयुक्त विधिबाट गैडहवा गाउँपालिकाको नक्सा कोर्ने अभ्यास गराउने<br>• गाउँपालिकामा रहेका मुख्य स्थानहरु (ताल, पोखरी, विद्यालय, नदी, गाउँकार्यपालिकाको भवन, स्वास्थ्य संस्था आदि) उल्लेखित नक्सा वितरण गर्ने र त्यसका आधारमा उपयुक्त ठाउँमा उपयुक्त स्थान भर्ने र संकेत प्रयोग गर्ने अभ्यास गराउने<br>• गैडहवा गाउँकार्यपालिकाको प्रतिनिधि बोलाएर वा शिक्षकले गाउँकार्यपालिकाको गठन प्रक्रिया र कार्यहरुलाई चार्टद्वारा प्रष्ट पार्ने<br>• गैडहवा गाउँपालिकाका शिक्षा प्रमुख वा प्रतिनिधिलाई आमन्त्रण गरी गाउँसभाबाट स्वीकृत भएका शिक्षासम्बन्धी नीति र ऐन नियमको सामान्य विशेषताहरु बताउन लगाउने वा शिक्षक आफैले बताउने<br>• गाउँपालिकाले तय गरेका बालबालिका, युवा र खेलकुद सम्बन्धी कार्यक्रम र सेवाहरुको बारेमा गाउँपालिकाको उक्त शाखाको प्रतिनिधिलाई आमन्त्रण गरी प्रस्तुत गर्न लगाउने र टिपोट गर्न लगाउने वा विद्यार्थीहरुलाई गाउँ कार्यपालिकाको भ्रमण गराई शिक्षा, बालबालिका तथा युवाका लागि तय गरिएका कार्यक्रमहरु टिपोट गर्न सहयोग गर्ने, कक्षा कोठामा समूहमा छलफल गराउने र स्पष्ट हुनका लागि सहयोग गर्ने<br>• गैडहवा गाउँपालिकामा रहेका वडागत रुपमा रहेका विद्यालयको विवरण प्रस्तुत गर्ने र नमुना विद्यालयको परिचय दिने । उक्त नमुना विद्यालयमा पढाइ हुने विषयहरुको समेत जानकारी दिने<br>• आफ्नो गाउँपालिकामा रहेका कलेज/ क्याम्पसको सूची बनाई परिचय दिने । यसरी परिचय दिदाँ उक्त संस्थामा पढाइ हुने विषयहरु, ती विषयको पढाइ पश्चात हुने पेसागत अवसर र वृत्ति सम्बन्धमा जानकारी दिने<br>• गाउँपालिकामा रहेका स्वास्थ्य संस्था वा अस्पतालका डाक्टरलाई विद्यालयमा आमन्त्रण गरी वा विद्यार्थीहरुलाई नै उक्त संस्था वा अस्पतालमा भ्रमण गराई उक्त संस्था वा अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सम्बन्धी सेवाहरुको जानकारी दिन लगाउने<br>• यदि भ्रमण गरिएको भए सो सम्बन्धी विवरणहरु समावेश गरी | • अवलोकन<br>• क्षेत्रभ्रमण<br>• प्रश्नोत्तर<br>• परियोजना कार्य<br>• लिखित परीक्षा | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | क्याम्पसको परिचय दिन<br>• गाउँपालिकामा रहेका स्वास्थ्य केन्द्र तथा अस्पतालले दिने सेवाहरुको पहिचान र आवश्यकताअनुसार उपयोग गर्न<br>• जातिय भेदभाव र छुवाछुत जन्य व्यवहारका कारणहरु र न्यूनीकरणका उपायहरु बताउन | रहेका स्वास्थ्य केन्द्र तथा अस्पतालले दिने सेवाहरुको पहिचान र आवश्यकताअनुसार उपयोग<br>• जातिय भेदभाव र छुवाछुत जन्य व्यवहारका कारणहरु र न्यूनीकरणका उपायहरु | प्रतिवेदन तयार गर्न लगाई विद्यार्थीहरुलाई प्रस्तुत गर्न लगाउने<br>• जातीय भेदभाव वा छुवाछुत सम्बन्धमा विद्यार्थीहरुलाई उनीहरुले देखेको अनुभव बताउन लगाउने । यस्तो कार्य असल वा खराब के हो ? बताउन लगाउने<br>• जातिय भेदभाव र छुवाछुत जन्य व्यवहारका कारणहरु र यस किसिमको समस्या समाधान गर्न के के कार्य गर्न सकिन्छ ? छलफल गराउने र आवश्यक थप जानकारी दिने<br>• यस किसिमको समस्याहरु समाधानको लागि विद्यार्थीहरुको भूमिका के के हुन्छ ? छलफल गराई उक्त कार्यमा विद्यार्थीहरुलाई सहयोग गर्न लगाउने<br>• जातीय भेदभाव र छुवाछुत कुरीति हुन् हामी यस्तो कुरीतिलाई हटाउनुपर्छ भन्ने विषयवस्तुमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने | | |
| २ | **गैडहवाका सम्पदाहरु** | • धार्मिक सम्पदाको ऐतिहासिक पृष्ठभूमि, महत्व तथा संरक्षण र प्रवर्धनका उपायहरु पहिचान गर्न अवलम्बन गर्न<br>• सार्वजनिक स्थल स्थापनाको पृष्ठभूमि, उद्धेश्य, महत्व र संरक्षण तथा विकासका उपायहरुको खोजी गर्न र संरक्षणमा सहभागी हुन<br>• पर्यटकीय स्थलको ऐतिहासिक पृष्ठभूमि, महत्व, | • धार्मिक सम्पदाको ऐतिहासिक पृष्ठभूमि, महत्व तथा संरक्षण र प्रवर्धनका उपायहरु : हनुमान मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, मस्जिद, मन्ठधारी बाबा मन्दिर, चन्चाई माई, भैसासुर थान, समयमाइ थान<br>• सार्वजनिक स्थल स्थापनाको पृष्ठभूमि, उद्धेश्य, महत्व र संरक्षण तथा विकासका उपायहरु : देवीनगर खेलमैदान, हसनापुर खेलमैदान, यशोधारा पार्क, महेन्द्रनगर खेलमैदान | • विद्यार्थीहरुलाई गैडहवामा भएका विभिन्न धार्मिक, पर्यटकीय तथा सार्वजनिक स्थलहरुमा भएका कुन कुनको भ्रमण गर्नुभएको छ ? अनुभव आदानप्रदान गर्न लगाउने<br>• गैडहवामा भएका धार्मिक सम्पदा (हनुमान मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, मस्जिद, मन्ठधारी बाबा मन्दिर, चन्चाई माई, भैसासुर थान, समयमाइ थान), पर्यटकीय (गैडाताल, यशोधरा पार्क, सगरहवा ताल, तुलसीहवा ताल) तथा सार्वजनिक स्थलहरु (देवीनगर खेलमैदान, हसनापुर खेलमैदान, यशोधारा पार्क, महेन्द्रनगर खेलमैदान) को ऐतिहासिक पृष्ठभूमिसहित, महत्व र संरक्षण तथा प्रवर्धनका उपायहरुलाई चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने र ती मध्ये विद्यार्थीहरुले भ्रमण गरेका स्थलको बारेमा जानकारी दिन लगाउने र शिक्षकले थप जानकारी दिने<br>• माथि उल्लिखित स्थलहरु मध्ये विद्यालयबाट नजिकको कुनै एउटा धार्मिक स्थल, एउटा पर्यटकीय स्थल र एउटा सार्वजनिक स्थलको सुरक्षित तरिकाले विद्यार्थीहरुलाई भ्रमण गराउने र देखिएका र जानकारी हासिल गरेका पक्षहरुलाई समेटी प्रतिवेदन तयार गर्ने परियोजना कार्य गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र मूल्यांकन गर्ने | • अवलोकन<br>• क्षेत्रभ्रमण<br>• प्रश्नोत्तर<br>• परियोजना कार्य<br>• लिखित परीक्षा | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | संरक्षण र प्रवर्धनका उपायहरुको खोजी गर्न र सहभागी हुन<br>• गैडहवा गाउँपालिकाका चाडपर्वको महत्व, चाडपर्वमा सहभागिता र प्रतिवेदन लेखन गरी प्रस्तुती गर्न | • पर्यटकीय स्थलको ऐतिहासिक पृष्ठभूमि, महत्व, संरक्षण र प्रवर्धनका उपायहरु : गैडाताल, यशोधरा पार्क, सगरहवा ताल, तुलसीहवा ताल<br>• गैडहवा गाउँपालिकाका चाडपर्वको महत्व, चाडपर्वमा सहभागिता र प्रतिवेदन लेखन : दशैं, तिहार, तिला संक्रान्ति, लक्ष्मी पूजा, कृष्ण जन्माष्टमी, रामनवमी, माघे संक्रान्ती, फगुवा पर्व (होली), छैठ पर्व, सोमबारी, ईद, बकरिद, बड्की आइतवार, एकादशी आदि । | • विद्यार्थीहरुलाई आफ्नो घरमा कुन कुन चाडपर्व, पुजापाठहरु कुन समय र तिथिमा गरिन्छ ? बताउन लगाउने<br>• गैडहवा गाउँपालिकाका चाडपर्वहरुमध्ये दशैं, तिहार, तिला संक्रान्ति, लक्ष्मी पूजा, कृष्ण जन्माष्टमी, रामनवमी, माघे संक्रान्ती, फगुवा पर्व (होली), छैठ पर्व, सोमबारी, ईद, बकरिद, बड्की आइतवार, एकादशी आदिको बारेमा थाहा भएका विद्यार्थीहरुलाई जानकारी दिन लगाउने<br>• शिक्षकले त्यस्ता चाडपर्वहरुको बारेमा चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट थप जानकारी दिने<br>• उक्त चाडपर्व भएको समयमा विद्यार्थीहरुलाई सहभागी हुन प्रेरित गराई आवश्यक जानकारी दिन लगाउने र महत्व तथा संरक्षण र सम्बर्धन गर्ने तरिका बताउने<br>• माथि उल्लिखित चाडपर्वमा सहभागी हुँदाको अनुभव तथा सिकाइलाई समेटी निम्नलिखित ढाँचामा परियोजना कार्यको प्रतिवेदन तयार गर्न लगाई कक्षमा प्रस्तुत गर्न लगाउने<br>१. चाडपर्वको नाम<br>२. मनाइने तिथिमिति<br>३. चाडपर्वमा गरिएका क्रियाकलापहरु<br>४. चाडपर्वका असल पक्षहरु, महत्व र उपयोगिता<br>५. चाडपर्व मनाउँदा सुधार गर्नुपर्ने पक्षहरु<br>६. चाडपर्वका असल पक्षहरुलाई अनुसरण गर्नुपर्ने पक्षहरु | | |
| ३ | **गैडहवाका पेसा, व्यवसाय र प्रविधि** | • कृषि र पशुपालनको परिचय दिन र महत्व बताउन<br>• पंक्षीपालनमा सहभागी हुन<br>• मौरीपालनमा सहभागी हुन<br>• माछापालनमा सहभागी हुन<br>• घर तथा विद्यालयमा | • कृषि र पशुपालनको परिचय, महत्व<br>• पंक्षीपालन (कुखुरा, टर्की)<br>• मौरीपालन<br>• माछापालन : रहु, भाकुर, कामन, सिलबर, बिघेट, गैची, मगुरी, गिरयी, सिधरी, पढनी आदि । | • वृत्तचित्र, श्रव्यदृश्य सामग्रीको माध्यमबाट गैडहवाका विभिन्न स्थानमा गरिएको कृषि तथा पशुपालनको परिचय दिने<br>• कृषि तथा पशुपालनको के महत्व छ ? छलफल गराउने र उत्पादित वस्तु तथा पशुको आफैले विभिन्न प्रयोजनले प्रयोग गर्ने, बढी भएको बिक्री वितरण गरी अर्थोपार्जन गर्न सकिने कुराको जानकारी दिदै महत्व बताउने<br>• विद्यार्थीहरुलाई आआफ्नो घरमा कुन कुन पशुपालन गरिएको ? कसरी पालन गरिएको छ ? पालन गर्दा के के कुरामा ध्यान दिने गरिएको छ ? के के फाइदा भएको छ ? बताउन लगाउने<br>• विद्यार्थीहरुलाई क कसले आफ्नो घरमा पंक्षीपालन (कुखुरा, टर्की), मौरीपालन, माछापालन (रहु, भाकुर, कामन, सिलबर, बिघेट, गैची, | • अवलोकन<br>• क्षेत्रभ्रमण<br>• प्रयोगात्मक क्रियाकलाप<br>• छलफल<br>• परियोजना कार्य<br>• परियोजना कार्यको प्रतिवेदनको मूल्यांकन | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कम्पोस्ट मल र करेसाबारीको निर्माणमा सहयोग गर्न<br>• अन्नबाली खेती, उपयोग र बजारीकरणमा सहभागी हुन<br>• दलहन बाली खेती, आवश्यकतानुसार उपयोग र बजारीकरणमा सहभागी हुन<br>• तरकारी खेती र आवश्यकताअनुसार उपयोग, बिक्री वितरण गर्न<br>• फलफूल खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरण गर्न<br>• आँप खेतीको लागि कोरिडोर र शितभण्डारको उपयोगिता बनाउन<br>• स्थानीय व्यवसाय तथा स्थानिय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माणमा सहयोग र प्रयोग गर्न<br>• गैडहवाका विशेष परिकार बनाउन, प्रयोग गर्न र | • घर तथा विद्यालयमा कम्पोस्ट मल र करेसाबारीको निर्माण<br>• अन्नबाली खेती, उपयोग र बजारीकरण : गहुँ, मकै<br>• दलहन बाली खेती, आवश्यकतानुसार उपयोग र बजारीकरण (आलस, बदाम, सूर्यमुखी, मास, मसुरी, सिमी खेती मध्ये कुनै २ ओटा)<br>• तरकारी खेती र आवश्यकताअनुसार उपयोग, बिक्री वितरण (तोरी, करेला, फर्सी, आलु खेती, धनियाँ आदि)<br>• फलफूल खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरण (आँप खेती, अंगुर खेती, अनार खेती, केरा खेती)<br>• आँप खेतीको लागि कोरिडोर र शितभण्डार<br>• स्थानीय व्यवसाय तथा स्थानिय परम्परागत हस्तकलाका | मगुरी, गिरयी, सिधरी, पढनी) गर्नुभएको छ ? किन पालन गर्नुभएको हो ? अनुभव बताउन लगाउने र गाउँपालिकाभित्रका विभिन्न स्थानमा पालन गरिएका पंक्षीपालन, मौरीपालन, माछापालनको श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी दिँदै पालन गर्ने तरिका, ध्यान दिनुपर्ने कुराहरु, उपभोग गर्ने तरिका, पालनबाट हुने फाइदाहरु, बजारीकरण गर्ने तरिका सम्बन्धमा आफैं वा स्थानीय स्तरमा उल्लिखित पालन गर्ने व्यक्तिलाई आमन्त्रण गरी जानकारी दिन लगाउने वा विद्यार्थीहरुलाई पालन गरिएको स्थानमा भ्रमण गराई पालन गर्ने व्यक्तिलाई पालनको समग्र प्रक्रिया बारेमा जानकारी दिन लगाउने । भ्रमण गरिएकोमा पालनको सुरुदेखि बजारीकरणसम्मका समग्र पक्षलाई समेटी प्रतिवेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । उक्त प्रतिवेदनमा पालनको नाम, पालन गर्ने तरिका, पालनगर्दा ध्यान दिनुपर्ने पक्षहरु, त्यसबाट हुने फाइदा आदिलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने र मूल्यांकन गर्ने<br>• माथि उल्लिखित पालन मध्ये कुनै एउटाको (विद्यालय वा घरमा) पालन गरी पालन गर्दा गरिएका सम्पूर्ण विवरण समावेश गरी प्रतिवेदन पेस गर्न लगाउने र मूल्यांकन गर्ने<br>• कम्पोष्ट मल बनाउने तरिका प्रदर्शन गर्ने र घर तथा विद्यालय ( सामूहिक) मा कम्पोस्ट मल र करेसाबारीको निर्माण गर्न लगाउने र शिक्षकले आवश्यक सहयोग गर्ने<br>• शिक्षक आफै वा स्थानीय स्तरमा मकै, गहुँ गर्ने विज्ञलाई विद्यालयमा आमन्त्रण गरी खेती गर्ने, भण्डारण गर्ने, उपयोग गर्ने, बिक्री वितरण गर्ने आदि सम्बन्धमा जानकारी दिने, दिन लगाउने<br>• मकै, गहुँ मध्ये कुनै एकको घर वा विद्यालयमा खेती गर्न लगाउने, भण्डारण गर्न लगाउने र आफूले उपभोग गर्नुको साथै बढी भएको बजारीकरण गर्न सकिने कुराको जानकारी गराउने<br>• दलहन बाली जस्तै : आलस, बदाम, सूर्यमुखी, मास, मसुरी, सिमी खेती गर्ने विज्ञ वा शिक्षक आफैले खेती गर्ने तरिका, हुर्काउने तरिका, भण्डारण गर्ने तरिका र उपयोग तथा बजारीकरण गर्ने तरिकाको बारेमा जानकारी दिने, जानकारी दिन लगाउने<br>• माथि उल्लिखि दलहन बाली मध्ये कुनै दुईओटाको विद्यालय वा घरमा खेती गर्न लगाउने र गरिएका सम्पूर्ण विवरणहरु समावेश गरी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने (मूल्यांकनको लागि) | • लिखित परीक्षा<br>• आत्म मूल्यांकन<br>• रुब्रिकस<br>• रुजु सूची<br>• श्रेणीमापन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आवश्यकताअनुसार बिक्री वितरण गर्न | सामग्रीहरु निर्माणमा सहयोग र प्रयोग ( लोहोरो सिलौटो, ढिकी जाँतो, खलो, ओखल, आरी, बञ्चरो<br>• आधुनिक प्रविधिको परिचय र प्रयोग : ट्र्याक्टर, कम्पाइन ( धान काट्ने मेसिन), धान थ्रेसर,<br>• लोपोन्मुख पेसा र व्यवसाय : भुजा बनाउने, कपडा धुने, हातेपंखा, टपरी पतरी<br>• गैडहवाका विशेष परिकार : अचार, मुरब्बा, ढिकरी ( फारा), ठेकुवा | • माथिकै प्रक्रियाअनुसार तरकारी खेती जस्तै : तोरी, करेला, फर्सी, आलु खेती, धनियाँ), फलफूल खेती : आँप खेती, अंगुर खेती, अनार खेती, केरा खेती) र स्थानिय परम्परागत व्यवसाय र हस्तकलाका सामग्रीहरु (लोहोरो सिलौटो, ढिकी जाँतो, खलो, ओखल, आरी, बञ्चरो) र आधुनिक प्रविधिहरु : ट्र्याक्टर, कम्पाइन (धान काट्ने मेसिन), धान थ्रेसर) को बारेमा शिक्षक आफै वा स्थानीय विज्ञबाट जानकारी गराउने<br>• माथि उल्लिखित मध्ये एउटा तरकारी खेती, एउटा फलफूल खेती गर्न लगाउने परियोजना कार्य दिने र खेतीको सुरुवात देखि उपभोग र बिक्री वितरणसम्मका पक्षलाई समेटी प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने र मूल्यांकन गर्ने । हस्तकलाका सामग्री र आधुनिक प्रविधिको प्रयोग गर्न लगाउने र यसरी कार्य गर्दा हुने फाइदाहरुलाई समेटी र आफ्नो अनुभवलाई समेत समेटी प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने र सोहीआधारमा मूल्यांकन गर्ने<br>• लोपोन्मुख पेसा र व्यवसाय : पेसा र व्यवसाय : भुजा बनाउने, कपडा धुने, हातेपंखा, टपरी पतरी बनाउने सिप आफै वा स्थानीय उक्त व्यवसाय वा सिप भएको व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी उक्त सामग्री बनाउने वा प्रयोग गर्ने तरिकाको बारेमा बताउन लगाउने र विद्यार्थीलाई अभ्यास गर्न लगाउने र भएको सिकाइ अनुभव आदानप्रदान गर्न लगाउने<br>• गैडहवाका विशेष परिकार : अचार, मुरब्बा, ढिकरी (फारा), ठेकुवा बनाउने तरिका शिक्षक आफैं, विद्यार्थी वा उक्त परिकार बनाउने स्थानीय व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी विद्यालयमा परिकार बनाउन सिकाउने र खाने । यसरी बनाएको परिकारबाट हुने फाइदाहरुको जानकारी दिने । उल्लिखित परिकार मध्ये कम्तिमा एउटा परिकार विद्यार्थीलाई घरमा बनाउन लगाई आफूले बनाएको परिकार कक्षामा प्रदर्शन गर्न लगाउने । परिकार बनाउँदाको समग्र प्रक्रिया (परिकारको नाम, बनाउन चाहिने सामग्रीहरु, ध्यान दिनुपर्ने कुराहरु, उपभोग गर्ने तरिका, फाइदाहरु आदि) लाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने र सोको आधारमा मूल्यांकन गर्ने | | |
| ४ | **गैडहवाको वातावरण** | • वडा क्षेत्रमा वृक्षारोपण, हरियाली प्रवर्धनको परिचय दिन, महत्व बताउन तथा | • वडा क्षेत्रमा वृक्षारोपण, हरियाली प्रवर्धनको परिचय, महत्व तथा तरिका र सहभागिता | • वडामा भएका वनहरूको पहिचान गराउने र अवलोकन गराउने<br>• अवलोकन वा उक्त वनसम्बन्धी तयार गरेको भिडियो अवलोकन गराएर उक्त वनहरूमा पाइने वस्तुहरू पहिचान गर्न लगाउने ( पानीका स्रोतहरू, खोला, वन्यजन्तु, वनस्पतिहरू, पशु तथा पंक्षी, खनिज आदि) | • अवलोकन<br>• प्रश्नोत्तर<br>• छलफल<br>• परियोजना कार्य | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तरिका र सहभागी हुन<br>• हरित गृह/घरको अवधारणा/परिचय दिन<br>• विद्यालयमा करेसाबारीको निर्माणमा सहयोग गर्न<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण र जडीबुटी खेती गर्न र बजारीकरणमा सहयोग गर्न<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरू पहिचान गर्न<br>• गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरू (परम्परागतरुपमा उपयोग गरिने छान्ने, उमाल्ने, परम्परागत फिल्टर आदि) खोजी र | • हरित गृह/घरको अवधारणा/परिचय<br>• विद्यालयमा करेसाबारीको निर्माणमा सहयोग ( स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरूको खेती)<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण र जडीबुटी खेती र बजारीकरण<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरू पहिचान ( जल, वायु, ध्वनि, जमीन)<br>• गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरू ( परम्परागत रुपमा उपयोग गरिने छान्ने, उमाल्ने, परम्परागत फिल्टर आदि) खोजी र अवलम्बन<br>• गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका | • वडाक्षेत्रमा वृक्षरोपण गर्न विद्यार्थीहरूलाई लगाउने र सहयोग गर्ने<br>• हरित घर, हरित विद्यालय भनेको के होला ? विचार प्रस्तुत गर्न लगाउने<br>• घर वरपरको खाली जग्गा, कौसी, वा अन्य ठाउँमा आवश्यक बिरुवाहरू रोपेर स्वस्थ वातावरण सिर्जना गर्ने रुपमा हरितघरको परिचय दिने<br>• ऊर्जाको वचत र सही सदुपयोग गर्ने, वातावरणमैत्री व्यवहार गर्ने, वातावरण संरक्षण गर्ने, सुदृढ सिकाइ वातावरण भएको विद्यालयलाई हरित विद्यालय भनिन्छ भनी हरित विद्यालयको परिचय दिने<br>• विद्यालयमा करेसाबारी निर्माण गर्ने विधि, सामग्रीको जानकारी दिने र निर्माणमा विद्यार्थीहरूलाई सहभागी गराउने<br>• करेसाबारीमा स्थानीय मौसममा आधारित सागसब्जीको साथै दैनिक खानामा प्रयोग गर्न सकिने उपयोगी वनस्पतिहरूको खेती गर्नमा विद्यार्थीहरूलाई सहभागी गराउने<br>• विद्यालयमा जस्तै घरमा समेत करेशावारी निर्माण गरी आवश्यक पर्ने सागसब्जी तथा वनस्पति घरमा नै उत्पादन गर्न सकिने कुरा बताउने र विद्यार्थीहरूलाई घरमासमेत उत्पादन गर्न लगाउने<br>• घर, विद्यालय, सार्वजनिक स्थल, वनमा पाइने जडीबुटी र वनस्पतिको रोपन कार्य गर्न लगाउने र आवश्यक सहयोग गर्ने<br>• हरित घर तथा हरित विद्यालयको अवधारणालाई जोडेर हरियाली प्रवर्धनको परिचय दिने<br>• हरियाली प्रवर्धन गर्दा हुने महत्व, हरियाली प्रवर्धन गर्ने तरिका बताउने र विद्यार्थीहरूलाई सहभागी गराउने<br>• स्थानीय क्षेत्रमा हुने प्रदूषणका प्रकार पहिचान गर्न लगाउने (हावा, पानी, जमिन, ध्वनि आदि)<br>• उक्त प्रदूषण हुने कारण र असरमा छलफल गराउने<br>• जल, वायु, ध्वनि, जमिनको प्रदूषणलाई न्यूनीकरण गर्ने उपायहरूमा छलफल गराउने (फोहोरमैलाको उचित विसर्जन, व्यवस्थापन, कानूनी प्रावधान, सचेतना आदि)<br>• गाउँपालिका क्षेत्रमा भएका खानेपानीका स्रोतहरूको पहिचान गर्न लगाउने<br>• घर तथा विद्यालयमा आउने खाने पानीको वितरण प्रक्रिया तथा शुद्धीकरण विधिको बारेमा छलफल गराउने | • प्रयोगात्मक कार्य<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अवलम्बन गर्न<br>• गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरूको जानकारी दिन<br>• गाउँपालिकाले स्वच्छ वातावरण निर्माणका लागि गरेका अभ्यासहरुको जानकारी दिन | लक्ष्यहरूको जानकारी<br>• गाउँपालिकाले स्वच्छ वातावरण निर्माणका लागि गरेका अभ्यासहरुको जानकारी (फोहोरमैला व्यवस्थापनका कार्यहरु, वृक्षारोपण कार्यक्रमहरु, गुणस्तरीय तथा व्यवसायिक शिक्षा कार्यक्रम, नर्सरी खेती आदि) | • घर तथा विद्यालयमा प्रयोग गरिने पिउने पानीको शुद्धीकरण प्रक्रियामा छलफल गराउने । यस्ता विधिहरू अन्तर्गत विशेषतः छान्ने विधि, उमाल्ने विधि, सोडिस विधि आदि प्रयोग गर्न सकिने कुराको जानकारी दिने र प्रयोगात्मक रुपमा प्रदर्शन गर्ने<br>• दिगो विकास भनेको के होला ? विचार मन्थन गर्न लगाउने र विद्यार्थीहरूको अनुभवलाई समेटी दिगो विकासको अवधारणा प्रष्ट पार्ने<br>• दिगो विकासका लक्ष्यहरूको जानकारी गराउने गाउँपालिकास्तरबाट दिगो विकासको लक्ष्य पूरा गर्न सकिने लक्ष्यहरू पहिचान गराउने<br>• दिगो विकास र वातावरण संरक्षणबिचको अन्तरसम्बन्धमा छलफल गराउने<br>• वातावरण संरक्षण गर्ने तरिकाहरू श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने र वातावरण संरक्षणमा सहभागी गराउने<br>• गाउँपालिकाको प्रतिनिधिलाई आमन्त्रण गरेर गाउँपालिकाले स्वच्छ वातावरण निर्माणका लागि गरेका अभ्यासहरुको जानकारी दिन लगाउने (फोहोरमैला व्यवस्थापनका कार्यहरु, वृक्षरोपण कार्यक्रमहरु, व्यावसायिक खेती (कम्पोष्ट मल, गड्यौला खेती आदि)<br>• वातावरण संरक्षण गर्दा हुने फाइदाहरुको बारेमा छलफल गराउने र आवश्यक जानकारी गराउने | | |
| ५ | **विपत् व्यवस्थापन** | • स्थानिय स्तरमा घट्न सक्ने सम्भावित प्राकृतिक र मानवीय क्रियाकलाप लगायतका कारणवाट हुन सक्ने विपद्हरुको पहिचान र सुरक्षित रहने उपायहरु खोजी तथा अवलम्बन गर्न<br>• अपाङ्ता भएका बालबालीकालाई विपत्बाट सुरक्षित राख्ने तरिका | • स्थानिय स्तरमा घट्न सक्ने सम्भावित प्राकृतिक र मानवीय क्रियाकलाप लगायतका कारणवाट हुन सक्ने विपद्हरुको पहिचान र सुरक्षित रहने उपायहरु खोजी तथा अवलम्बन<br>• अपाङ्ता भएका बालबालीकालाई विपत्बाट सुरक्षित | • स्थानीयस्तरमा घटेका र घट्न सक्ने सम्भावित विपत्, महामारी र प्रकोपहरुको जानकारी गराउने । जस्तै : आगलागी, सडक दुर्घटना, कीटाणु (कोरोना आदि), महामारी, अतिवृष्टि, अनावृष्टि आदि ।<br>• उल्लिखित विपत्बाट सुरक्षित रहन गरिने उपायलाई चित्र तथा अनिभय तथा प्रदर्शन विधिको माध्यमबाट जानकारी गराउने<br>• स्थानीय विपत्का कारण उत्पन्न जोखिमहरुको बारेमा छलफल र अन्तरक्रिया गर्ने गराउने<br>• स्थानीय स्तरमा हुन सक्ने जोखिमबाट सजग रहन उत्प्रेरित गराउने<br>• जोखिमबाट सुरक्षित रहने उपायहरु सम्बन्धमा अभिनय प्रदर्शन गर्ने<br>• विपत् सम्बन्धि पूर्व अनुमान गर्ने तरिका बताउने<br>• समुदायमा विपत् व्यवस्थापन सम्बन्धि सचेतनामूलक कार्यक्रम तय गरी उक्त कार्यक्रम संचालन गर्ने र विपत्को समयमा आफूले सक्ने सहयोग गर्न अभिप्रेरित गर्ने<br>• विपत न्यूनीकरण र सुरक्षितका मापदण्डहरुको बारेमा जानकारी गराउने | • अवलोकन<br>• प्रश्नोत्तर<br>• छलफल<br>• परियोजना कार्य<br>• प्रयोगात्मक कार्य<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पहिचान गर्न<br>• विपत् व्यवस्थापनको परिचय दिन र विपद्को पूर्व अनुमान गर्न<br>• समुदायमा विपत् व्यवस्थापन सम्बन्धि सचेतना कार्यक्रममा सहभागी हुन<br>• विपत् न्यूनीकरण र सुरक्षित मापदण्डको जानकारी दिन<br>• विभिन्न प्रकारका महामारी बारेमा सामान्य जानकारी र सुरक्षाका उपायहरु बताउन<br>• विपद्का कारण उत्पन्न जोखिमहरुको जानकारी दिन<br>• जोखिमबाट सुरक्षित रहने उपायहरु पहिचान र अवलम्वन गर्न | राख्ने तरिका<br>• विपत् व्यवस्थापनको परिचय र विपद्को पूर्व अनुमान<br>• समुदायमा विपत् व्यवस्थापन सम्बन्धि सचेतना कार्यक्रममा सहभागी<br>• विपत् न्यूनीकरण र सुरक्षित मापदण्ड<br>• विभिन्न प्रकारका महामारी बारेमा सामान्य जानकारी र सुरक्षाका उपायहरु<br>• विपद्का कारण उत्पन्न जोखिमहरुको जानकारी<br>• जोखिमबाट सुरक्षित रहने उपायहरु पहिचान र अवलम्वन | • विभिन्न प्रकारका महामारी (कोरोना रोग, झाडापखाला आदि) बारेमा सामान्य परिचित भइ सुरक्षाका उपायहरुमा छलफल गराउने<br>• श्रव्यदृश्य सामग्रीको माध्यमबाट विपत्का कारण उत्पन्न जोखिमहरुको जानकारी गराउने<br>• विपत्का कारण उत्पन्न जोखिमबाट सुरक्षित रहने उपायहरुमा छलफल गराउने र यसबाट जोगिने उपायहरुमा सिमुलेसन गराउने<br>• विपत्मा अपाङ्गता भएका व्यक्तिको विषेश संरक्षण चाहिने कुरा शिक्षकले प्रष्ट्याउने<br>• विपत्को समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई हुन सक्ने जोखिमहरू समूहमा छलफल गराउने<br>• विपत्को समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई संरक्षण गर्ने उपायहरू कथा वा भिडियोको माध्यमबाट छलफल गराउने<br>• विपत्का विभिन्न घटनाहरु (आगलागी, सडक दुर्घटना, डुबान, शितलहर, भूकम्प आदि) लाई श्रव्यदृश्य सामग्रीबाट प्रदर्शन गर्ने र उक्त विप्त आउन नदिन विद्यार्थी, घर परिवार, विद्यालय, समुदायले निभाउनुपर्ने भूमिका बताउने | | |
| ६ | **हाम्रा व्यक्तित्व र संघ संस्थाहरुको परिचय र योगदान** | • गाउँपालिकाका समाजसेवी, प्रेरणादायी व्यक्ति र रुपन्देहीको विकासमा योगदान गर्ने व्यक्तिहरुको परिचय दिन र योगदानको सम्मान गर्न<br>• बाल क्लबको परिचय दिन र | • गाउँपालिकाका समाजसेवी, प्रेरणादायी व्यक्ति तथा रुपन्देहीको विकासमा योगदान गर्ने व्यक्तिहरुको परिचय र योगदान<br>• बाल क्लबको परिचय र कार्यहरु<br>• चरित्र निर्माण र | • गाउँपालिकाको सामाजिक क्षेत्रमा योगदान पुर्‍याएका समाजसेवीहरुको परिचय दिने वा समाजसेवीलाई नै विद्यालयमा आमन्त्रण गरी समाजका विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका पक्षहरुको बारेमा जानकारी दिन लगाउने<br>• गैडहवा गाउँपालिकामा रहेका विभिन्न क्षेत्रमा प्रेरणा प्रदान गर्ने, उत्साह जगाउने, परामर्श तथा गाइडेन्स प्रदान गर्ने व्यक्तिहरुको बारेमा चित्र वा वास्तविक व्यक्तिलाई नै विद्यालयमा आमन्त्रण गरी विद्यार्थीहरुलाई शिक्षामा उत्प्रेरणा दिन लगाउने<br>• रुपन्देहीको विभिन्न क्षेत्रमा विकासमा विशेष योगदान पुर्‍याएका व्यक्तिहरुलाई आमन्त्रण गरी उहाँले गरेका असल कार्य र अभ्यासहरुको बारेमा जानकारी दिन लगाउने र असल कार्यको सम्मान | • अवलोकन<br>• प्रश्नोत्तर<br>• छलफल<br>• परियोजना कार्य<br>• प्रयोगात्मक कार्य<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कार्यहरु बताउन<br>• चरित्र निर्माण र असल मूल्य मान्यता स्थापना गर्ने कार्यमा बालक्लबको भूमिका पहिचान गर्न | असल मूल्य मान्यता स्थापना गर्ने कार्यमा बालक्लबको भूमिका पहिचान | गर्ने वातावरण तयार गर्ने<br>• विद्यालयमा स्थापना भएका बाल क्लबको जानकारी गराउदै यस क्लबको भूमिका तथा कार्यहरुको बारेमा जानकारी गराउन क्लबका पदाधिकारीहरुलाई कक्षामा उपस्थित गराई सामाजिक विकासमा क्लबको भूमिका तथा योगदानहरुमा छलफल गराउने र विद्यार्थीहरुलाई क्लबप्रति सहभागिता गराउन उत्प्रेरणा गराउने<br>• बाल क्लबले गरेका असल अभ्यासको अनुभव आदानप्रदान गर्न लगाउने<br>• बालक्लबले चरित्र निर्माण, असल मूल्य मान्यताको विकास र कुरिती, कुप्रथा, भेदभाव, हिंसा हटाउने कार्य गर्नुपर्ने कुराको जानकारी दिने<br>• बालक्लबललाई उल्लिखित कार्य सम्बन्धी नाटक, कविता, निबन्ध प्रतियोगिता कार्यक्रम संचालन गर्न लगाउने | | |

**कक्षा ७**

| क्र. स. | एकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सामग्री | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **गैडहवा गाउँपालिकाको परिचय** | • रुपन्देही जिल्लाको नक्सांकन र गैडहवा गाउँपालिकालाई संकेतीकरण गर्न<br>• गैडहवा गाउँपालिकाका सिमाना र मुख्य नाकाको महत्व र विशेषता बताउन<br>• गाउँसभाको गठन प्रक्रिया र कार्य बताउन<br>• न्यायिक समितिको गठन र कार्य बताउन | • रुपन्देही जिल्लाको नक्सांकन र गैडहवा गाउँपालिकालाई संकेतीकरण<br>• गैडहवा गाउँपालिकाका सिमाना र मुख्य नाकाको महत्व र विशेषता<br>• गाउँसभाको गठन प्रक्रिया र कार्य<br>• न्यायिक समितिको गठन र कार्य<br>• गाउँपालिकाका विभिन्न विषयगत शाखाको परिचय र कार्य | • नेपालको नक्सा<br>• रुपन्देही जिल्लाको नक्सा<br>• गैडहवा गाउँपालिकाको नक्सा<br>• कार्बन पेपर<br>• टेम्प्लेट (कुट वा चप्पल)<br>• विभिन्न धार्मिक स्थलको चित्र<br>• गाउँसभाको गठन प्रक्रिया र | • जिआइएस, स्केचिङ, डिजिटल विधि, स्वतन्त्र, कार्बन, टेम्लेट, वर्गाकार आदि विधिबाट जिल्लाको नक्सा तथा आफ्नो गाउँपालिका र मुख्य मुख्य स्थान बाटो, नदी, धार्मिक स्थल संकेतका माध्यमबाट नक्सामा देखाउने अभ्यास गराउने<br>• गैडहवा गाउँपालिकाका छिमेकी पालिकाहरु र तिनीहरु कुन दिशामा रहेका छन् ? बताउन लगाउने<br>• गैडहवा गाउँपालिकाको नक्सा प्रदर्शन गरी यसको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा रहेका पालिकाको जानकारी दिने, यसको आधारमा यस पालिकाको मुख्य नाकाहरु र तिनको महत्व तथा विशेषताको जानकारी दिने<br>• चार्टको माध्यमबाट गाउँसभाको गठन प्रक्रिया तथा कार्यहरुको जानकारी दिने<br>• गाउँपालिकाको उपप्रमुखको संयोजकत्वमा गठन हुने न्यायिक समितिको गठन प्रक्रिया र यस | • अवलोकन<br>• रुजुसूची<br>• रुब्रिक्स<br>• श्रेणी मापन<br>• छलफल<br>• परियोजना कार्य<br>• क्षेत्रभ्रमणको अवलोकन र प्रतिवेदन प्रस्तुतीकरण<br>• आत्म मूल्यांकन<br>• लिखित परीक्षा | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • गाउँपालिकाका विभिन्न विषयगत शाखाको परिचय र कार्य बताउन<br>• गैडहवा गाउँपालिकाको स्वास्थ्य सम्बन्धी नीति तथा ऐनकानूनका सामान्य विशेषता बताउन<br>• गाउँपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रम र सेवाहरुको जानकारी दिन<br>• विद्युत् वितरणको अवस्था र वैकल्पिक ऊर्जाको सम्भावना खोजी गर्न<br>• छोराछोरीबिच देखिने लैङगिक विभेदका कारण उत्पन्न हुने समस्या र निराकरणको लागि सचेतनामूलक कार्यक्रम संचालन गर्न | • गैडहवा गाउँपालिकाको स्वास्थ्य सम्बन्धी नीति तथा ऐनकानूनका सामान्य विशेषता<br>• गाउँपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रम र सेवाहरु<br>• विद्युत् वितरणको अवस्था र वैकल्पिक ऊर्जाको सम्भावना<br>• छोराछोरीबिच देखिने लैङगिक विभेदका कारण उत्पन्न हुने समस्या र निराकरणको लागि सचेतनामूलक कार्यक्रम संचालन | कार्यहरुको चार्ट, न्यायिक समितिको गठन प्रक्रिया र कार्यसूचीको चार्ट, प्राविधिक विषयको पढाइ हुने विद्यालयको चित्र वा वृत्तचित्र, लैंगिक भेदभाव हटाउने खालका पर्चा | समितिले गर्ने कार्यहरुको जानकारी दिने<br>• विद्यार्थीहरुलाई गाउँकार्यपालिकाको भ्रमण गराई पालिकाभित्र रहने विषयगत शाखा प्रमुखसँग छलफल गराई उक्त शाखाले गर्ने कार्यहरु, विषयगत समितिहरुको गठन प्रक्रिया र कार्यहरुको बारेमा जानकारी दिन लगाउने वा गाउँपालिकाको कुनै प्रतिनिधिलाई आमन्त्रण गरी गाउँपालिकाका शाखाहरुले गर्ने कार्य विवरण र विषयगत समितिको गठन प्रक्रिया र कार्यहरु बताउन लगाउने<br>• गाउँकार्यपालिकाको स्वास्थ्य सम्बन्धी शाखा प्रमुखलाई आमन्त्रण गरी स्वास्थ्य सम्बन्धी गाउँसभाबाट निर्माण भएको नीति तथा ऐनकानून तथा स्वास्थ्य सम्बन्धी कार्यक्रम र स्वास्थ्य सेवाहरुको बारेमा जानकारी दिन लगाउने<br>• गाउँपालिकामा विद्युत तथा ऊर्जा सम्बन्धी कार्य गर्ने संस्थाको प्रतिनिधिलाई विद्यालयमा आमन्त्रण गरी विद्युत् वितरणको अवस्था र वैकल्पिक ऊर्जाको सम्भावना र प्रयोग सम्बन्धमा जानकारी दिन लगाउने<br>• छोराछोरीबिच हुने लैङगिक भेदभावका विभिन्न उदाहरणहरु दिएर भेदभाव गर्न नहुने कुराको जानकारी दिने<br>• यस किसिमको भेदभाव सिर्जना हुनुका कारणहरुमा छलफल गराउने, र उक्त भेदभाव हटाउनको लागि विद्यार्थीहरुको समूह बनाई चेतनामूलक कार्यक्रम संचालन गर्न लगाउने<br>• माझीले जाल फालेर माछा मार्ने, हजामहरुले गाम कमाउने, बडही जातिको काष्टकला, दुसाधको सलहेस पर्व, महफापालकीको परिचय दिने र उक्त विषयवस्तुसँग सम्बन्धि स्रोत व्यक्तिलाई आमन्त्रण गरी कार्य प्रदर्शन गर्न लगाउने र विद्यार्थीलाई सहभागी गराउने | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | **गैडहवाका सम्पदाहरु** | • धार्मिक सम्पदाको ऐतिहासिक पृष्ठभूमि, महत्व तथा संरक्षण र प्रवर्धनका उपायहरु पहिचान गर्न अवलम्बन गर्न<br>• सार्वजनिक स्थल स्थापनाको पृष्ठभूमि, उद्धेश्य, महत्व र संरक्षण तथा विकासका उपायहरुको खोजी गर्न र संरक्षणमा सहभागी हुन<br>• पर्यटकीय स्थलको ऐतिहासिक पृष्ठभूमि, महत्व, संरक्षण र प्रवर्धनका उपायहरुको खोजी गर्न र सहभागी हुन<br>• गैडहवा गाउँपालिकाका चाडपर्वको महत्व, चाडपर्वमा | • धार्मिक सम्पदाको ऐतिहासिक पृष्ठभूमि, महत्व तथा संरक्षण र प्रवर्धनका उपायहरु : कालीमाई थान, रामजानकी मन्दिर, जोगेश्वर महादेव मन्दिर, राधाकृष्ण मन्दिर, चर्च, मलवरदेवी थान, कोटहीमाइ थान, गणेश मन्दिर, कालिमाता मन्दिर, मणयै चौधरी मन्दिर<br>• सार्वजनिक स्थल स्थापनाको पृष्ठभूमि, उद्धेश्य, महत्व र संरक्षण तथा विकासका उपायहरु : सन्तघाट, शान्तीबजार खानेपानी, सालघारी खानेपानी, बालउद्यान<br>• पर्यटकीय स्थलको ऐतिहासिक पृष्ठभूमि, महत्व, संरक्षण र प्रवर्धनका उपायहरु : शहिदपार्क, करबलहिया ताल, देउराली बाल उद्यान तथा वनभोज स्थल<br>• गैडहवा गाउँपालिकाका चाडपर्वको महत्व, चाडपर्वमा सहभागिता र प्रतिवेदन लेखन : तिनछठ्ठी, करवा चौथ, एकादशी व्रत, मोहर्रम, नागपञ्चमी, रक्षावन्धन, कार्तिक पूर्णिमा नाहनको मेला, रामलिला, दुर्गापुजा, | • धार्मिक, पर्यटकीय, सार्वजनिक र ऐतिहासिक स्थलको चित्र वा वृत्तचित्र<br>• चाडपर्वको चित्र, फोटो, वृत्तचित्र | • विद्यार्थीहरुलाई गैडहवा गाउँपालिकामा रहेका धार्मिक, पर्यटकीय तथा ऐतिहासिक स्थलहरुमध्ये भ्रमण गरेका स्थलको अनुभव बताउन लगाउने<br>• गैडहवा गाउँपालिकाका धार्मिक सम्पदा (कालीमाई थान, रामजानकी मन्दिर, जोगेश्वर महादेव मन्दिर, राधाकृष्ण मन्दिर, चर्च, मलवरदेवी थान, कोटहीमाइ थान, गणेश मन्दिर, कालिमाता मन्दिर, मणयै चौधरी मन्दिर), सार्वजनिक स्थल (सन्तघाट, शान्तीबजार खानेपानी, सालघारी खानेपानी, बालउद्यान) र पर्यटकीय तथा पर्यटकीय स्थल (शहिदपार्क, करबलहिया ताल, देउराली बाल उद्यान तथा वनभोज स्थल) को चित्र वा वृत्तचित्र प्रदर्शन गर्ने र पहिचान गर्न लगाउने<br>• उक्त स्थलहरु मध्ये विद्यालय नजिक रहेका कुनै एउटा धार्मिक, एउटा सार्वजनिक र एउटा पर्यटकीय स्थलको भ्रमण गराई नाम, पृष्ठभूमि, अवस्था, महत्व, संरक्षण र प्रबर्धनका उपायहरु समेटी भ्रमण प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने<br>• गैडहवा गाउँपालिकाका चाडपर्व मध्ये तिनछठ्ठी, करवा चौथ, एकादशी व्रत, मोहर्रम, नागपञ्चमी, रक्षावन्धन, कार्तिक पूर्णिमा नाहनको मेला, रामलिला, दुर्गापुजा, लक्ष्मी पुजा, देउराली भुमी पुजा, कुलान पुजा, तीजमेला, क्रिसमस डे, बौद्ध पूर्णिमा आदि सम्बन्धमा विद्यार्थीको अनुभव बताउन लगाउने र शिक्षकले चित्र वा वृत्तचित्रको माध्यमबाट उक्त चाडपर्वको परिचय, महत्व बताइदिने<br>• उक्त चाडपर्वमध्ये आफ्नो अनुकूलको कुनै एउटा चाडपर्वमा सहभागी हुन लगाउने र चाडपर्वमा सहभागी हुँदाको अनुभवलाई समेटी प्रतिवेदन तयार गर्न लगाउने । उक्त प्रतिवेदनमा चाडपर्वको नाम, चाडपर्व मनाउने तरिका वा गरिने क्रियाकलाप, चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने पक्षहरु, चाडपर्वबाट हुने फाइदाहरु र सबल पक्षहरु, चाडपर्वका कमजोरी पक्षहरु र ती पक्षलाई हटाउने उपायहरु समेट्न | • अवलोकन<br>• क्षेत्रभ्रमणको अवलोकन र प्रतिवेदन प्रस्तुतीकरण<br>• आत्म मूल्यांकन<br>• लिखित परीक्षा | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सहभागिता र प्रतिवेदन लेखन गरी प्रस्तुती गर्न | लक्ष्मी पुजा, देउराली भुमी पुजा, कुलान पुजा, तीजमेला, क्रिसमस डे, बौद्ध पूर्णिमा आदि | | लगाइ प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने र सोका आधारमा मूल्यांकन गर्ने | | |
| ३ | **गैडहवाका पेसा व्यवसाय र प्रविधि** | • कृषि पेशा अवलम्बन गर्न चाहिने आधारभूत प्राविधिक ज्ञानको जानकारी दिन<br>• पशुपालनमा सहभागी हुन<br>• पंक्षीपालनमा सहभागी हुन<br>• कृषि उत्पादनमा मलखाद तथा सूक्ष्म खाद्य तत्वको परिचय दिन र आवश्यकता बताउन<br>• बेमौसी खेती गर्न (काँक्रा, करेला, टमाटर आदि)<br>• अन्नबाली खेती, उपयोग र बजारीकरण गर्न<br>• नगदेबाली खेती, आवश्यकताअनुसा र उपयोग र बजारीकरणमा सहयोग गर्न<br>• तरकारी खेती र आवश्यकताअनुसा | • कृषि पेशा अवलम्बन गर्न चाहिने आधारभूत प्राविधिक ज्ञानको जानकारी (नर्सरी निर्माण, पशुहरुको लागि औषधी उपचार आदि ।<br>• पशुपालनमा सहभागी हुन ( बाखापालन/सुगुर, बंगुरपालन, खरायोपालन)<br>• पंक्षीपालनमा सहभागी (हाँस, वटै)<br>• कृषि उत्पादनमा मलखाद तथा सूक्ष्म खाद्य तत्वको परिचय र आवश्यकता<br>• बेमौसी खेती : करेला, भिण्डी, बोडी, टमाटर, लौका, फूलगोबी, बन्दागोबी, धनिया, खुर्सानी, मुला, गाजर आदि<br>• अन्नबाली खेती, उपयोग र बजारीकरण : धान ( कालानिमक, लोकल साभा मन्सुरी, अनदी)<br>• दलहन बाली खेती, आवश्यकतानुसार | • कृषि पेसाको लागि चाहिने औजारहरु<br>• पशुपालन, पंक्षपालनको चित्र, वृत्तचित्र<br>• सूक्ष्म खाद्य तत्वको चार्ट<br>• तरकारी, फलफूल, नगदेबाली, अन्नबालीसँग सम्बन्धित चित्र, वृत्तचित्र<br>• हस्तकलाका सामग्रीहरु निर्माण : बिरिया, माटाको भाडो ढकिया, पटिया, कोनिया, मुजेला, डोरी, गोनेर, सपटा, डाला, चङेरी, | • कृषि पेसा अवलम्बन गर्दा के के कुराहरुको आवश्यकता पर्छ ? मस्तिष्क मन्थन गराउने र शैक्षणिक पाटीमा टिपोपट गर्ने<br>• विद्यार्थीहरुको प्रतिक्रियालाई समेट्दै कृषि पेशा अवलम्बन गर्न चाहिने आधारभूत प्राविधिक ज्ञानको जानकारी दिने वा कृषि कार्यालयको प्रतिनिधिलाई आमन्त्रण गरी जानकारी दिन लगाउने जस्तै : नर्सरी निर्माण, पशुहरुको लागि औषधी उपचार आदि ।<br>• पशुपालन (बाखा, सुगुर, बंगुर, खरायोपालन) तथा पंक्षीपालन (हाँस, वटै) सम्बन्धी ज्ञान भएका कृषि पशु कार्यालय वा स्थानीय तहको पशु शाखा, बागबानी शाखाका प्रतिनिधि बोलाइ उक्त पालनको परिचय, पालन गर्ने तरिका, ध्यान दिनुपर्ने पक्षहरु, महत्व सम्बन्धमा जानकारी गराउन लगाउने<br>• उल्लिखित पालनमध्ये कुनै एउटाको पालनमा विद्यार्थीहरुलाई सहभागी हुन लगाउने र पालन गर्दा गरेका समग्र पक्षलाई समेटी प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने र त्यसको आधारमा मूल्यांकन गर्ने<br>• चार्ट वा चित्रको माध्यमबाट कृषि उत्पादनको लागि चाहिने मलखाद तथा सूक्ष्म खाद्य तत्वको परिचय र आवश्यकता तथा महत्व बताउने<br>• अन्नबाली धान (कालानिमक, लोकल साभा मन्सुरी, अनदी), तरकारी खेती (बन्दागोबी, फूलगोबी, टमाटर, भन्टा, कर्कलो, रायोसाग, पर्बल, लौका, भिण्डी आदि), नगदेबाली (अदुवा, बेसार, ऊखु खेती, तोरी, भिण्डी, खुर्सानी) फलफूल खेती (बयर, लिची, अम्बा, मेवा, कागती, कटहर, अमला, सलगम, काँक्रा) र फलफूल खेती (करेला, भिण्डी, बोडी, टमाटर, लौका, फूलगोबी, बन्दागोबी, धनिया, खुर्सानी, मुला, गाजर आदि) सँग | • खेती वा पालन गरिएको कार्यको अवलोकन<br>• प्रश्नोत्तर<br>• छलफल<br>• आत्म मूल्यांकन<br>• रुब्रिक्स<br>• रुजुसूची<br>• श्रेणीमापन<br>• लिखित परीक्षा<br>• निर्माण गरिएको सामग्रीको मूल्यांकन | ३५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | र उपयोग, बिक्री वितरणमा सहयोग गर्न<br>• फलफूल खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरणमा सहयोग गर्न<br>• स्थानिय व्यवसाय तथा परम्परागत हस्तकलाका सामग्रीहरु निर्माणमा सहयोग र प्रयोग गर्न<br>• गैडहवाका विशेष परिकार बनाउन, प्रयोग गर्न र आवश्यकताअनुसार बिक्री वितरण गर्न<br>• | उपयोग र बजारीकरण (बदाम (मुमफली) मटर, केराउ, तोरी, बाक्ला, अरहर, लतरा, राज्मा, चना मध्ये कुनै तीन ओटा)<br>• नगदेबाली खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरण : अदुवा, बेसार, ऊखु खेती, तोरी, भिण्डी, खुर्सानी<br>• तरकारी खेती र आवश्यकताअनुसार उपयोग, बिक्री वितरण (बन्दागोबी, फूलगोबी, टमाटर, भन्टा, कर्कलो, रायोसाग, पर्बल, लौका, भिण्डी आदि)<br>• फलफूल खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरण (बयर, लिची, अम्बा, मेवा, कागती, कटहर, अमला, सलगम, काँक्रा)<br>• स्थानिय व्यवसाय तथा परम्परागत हस्तकलाका सामग्रीहरु निर्माणमा सहयोग र प्रयोग ( कोदालो, खुर्पी, हँसुवा, | जाबी, चाल्नो, डगरी, मौनी, चक्ला, बेलना | सम्बन्धित स्थानीय विज्ञलाई विद्यालयमा आमन्त्रण गरी वा विद्यार्थीहरुलाई उक्त खेती गरिएको स्थानमा भ्रमण गराई खेती गर्ने तरिका, चाहिने औजारहरु, ध्यान दिनुपर्ने पक्षहरु, उपयोग तथा भण्डारण र बजारीकरण सम्बन्धमा जानकारी दिन लगाउने<br>• माथि उल्लिखित मध्ये एउटा अन्नबाली, एउटा नगदेबाली, एउटा तरकारी खेती वा बेमौसी खेी र एउटा फलफूल खेती गर्ने परियोजना तथा प्रयोगात्मक कार्य दिने र यसको प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाई मूल्यांकन गर्ने<br>• गैडहवा गाउँपालिकामा परम्परागत हस्तकलाका सामग्री के के छन् ? आफ्नो घरमा कुन कुन सामग्री निर्माण र प्रयोग गरिएका छन् ? छलफल गराउने<br>• स्थानिय प्रविधिको प्रयोग जस्तै : कोदालो, खुर्पी, हँसुवा, खन्ती, खल, कुटो कोदालो, चुलेसी, खुकुरी, बसुला, हथौडा) प्रयोग सम्बन्धी जानकारी दिन लगाउने र ती सामग्रीको स्थानीय स्तरमा निर्माण गर्न सकिने र प्रयोग गरी सजिलै कार्य गर्न सकिने कुराको जानकारी दिने<br>• विद्यार्थीहरुलाई आफ्नो घरमा कुन कुन आधुनिक प्रविधिको प्रयोग के कामका लागि गर्ने गरिएको छ ? अनुभव बताउन लगाउने<br>• स्थानीय स्तरमा प्रयोग गरिएका रोडावेटर, घुम्तिमील, मिनी ट्रिलर, लेबलरको स्थानमा विद्यार्थीहरुलाई भ्रमण गराई आधुनिक प्रविधिको प्रयोग गर्ने तरिका, फाइदाहरुको बारेमा जानकारी दिने<br>• गैडहवा गाउँपालिकामा सञ्चालनमा रहेका लोपोन्मुख पेसा र व्यवसाय जस्तै : कोलहु, बैलगाँडा (गोरुगाडा) आदिको जानकारी दिने र यसबाट हुने फाइदाहरु तथा यसलाई आधुनिकीकरण गर्ने तरिकाको जानकारी दिने<br>• विद्यार्थीहरुलाई आफ्नो घरमा कुन कुन परिकार बनाई खाने गरिएको छ ? अनुभव बताउन लगाउने<br>• गैडहवा गाउँपालिकाका विभिन्न मानिसले बनाउँदै आएका विशेष परिकार जस्तै : सेलो, गोझिया, | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | खन्ती, खल, कुटो कोदालो, चुलेसी, खुकुरी, बसुला, हथौडा<br>• आधुनिक प्रविधिको परिचय र प्रयोग : रोडावेटर, घुम्तिमील, मिनी ट्रिलर, लेबलर<br>• **लोपोन्मुख पेसा र व्यवसाय** : कोलहु, बैलगाँडा (गोरुगाडा)<br>• **गैडहवाका विशेष परिकार** : सेलो, गोझिया, दालही रोटी, गुलगुला, खिरपुरी, रिकवच, चोखा | | दालही रोटी, गुलगुला, खिरपुरी, रिकवच, चोखा बनाउने तरिका सम्बन्धमा विद्यार्थीलाई अनुभव बताउन लगाउने र ती मध्ये कुनै परिकार विद्यालयमा बनाउन लगाउने, शिक्षकले सहयोग गर्ने, यसरी परिकार बनाउँदा हुने फाइदाहरु (स्वस्थ शरीर), आर्थिक फाइदा, स्थानीय उत्पादनको प्रयोग आदि सम्बन्धी जानकारी दिने । बजारमा पाइने जंकफुड खाना नहुने र आफ्नै घर तथा स्थानीय स्तरमा उत्पादन भएका खाद्य सामग्रीको उपभोग गर्नुपर्ने कुराको जानकारी दिने<br>• माथि उल्लिखित परिकारमध्ये कुनै एक परिकार घरमा बनाउन लगाई त्यसलाई कक्षाकोठामा प्रदर्शन गर्न लगाउने । उक्त परिकारको बारेमा निम्न लिखित पक्षहरुलाई समेटी प्रतिवेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने (परिकारको नाम, परिकार बनाउन चाहिने पदार्थहरु, परिकार बनाउने तरिका वा विधि, परिकारको उपभोग, बिक्री वितरण) | | |
| ४ | **हाम्रो वातावरण** | • वडाभित्रका सामुदायिक वनहरुको परिचय, महत्व, फाइदा र संरक्षणका उपायहरु बताउन<br>• वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानूनी व्यवस्थाको जानकारी दिन<br>• हरित गृह/घरको आवश्यकता तथा महत्व बताउन<br>• घर र विद्यालयमा करेसाबारी र फूलबारी/पुष्प | • वडाभित्रका सामुदायिक वनहरुको परिचय, महत्व, फाइदा र संरक्षणका उपायहरु<br>• वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानूनी व्यवस्थाको जानकारी<br>• हरित गृह/घरको आवश्यकता तथा महत्व<br>• घर र विद्यालयमा करेसाबारी र फूलबारी/पुष्प बगैंचाको निर्माण, उत्पादन, बजारीकरण | • सामुदायिक वनहरुको चित्र, वृत्तचित्र वा श्रव्यदृश्य सामग्री<br>• कुटो, कोदालो, फरुवा, गैती, करेसाबारी बनाउन मिल्ने जग्गा, कम्पोष्ट मल<br>• पुष्पखेती गर्न मिल्ने बिरुवाको फूलहरुको | • वडाभित्रका सामुदायिक वनहरुको विवरण बताउने<br>• वडाभित्रका सामुदायिक वनहरुको अवलोकन गराउने/भिडियो वा वनको वृत्तचित्रको अवलोकन गराउने उक्त वनहरुको परिचय दिने<br>• उक्त वनमा पाइने वनस्पति तथा वन्यजन्तुहरुको जानकारी गराउने, तिनीहरुको महत्व र उक्त वनबाट हुने फाइदाहरुमा छलफल गराउने र महत्व र फाइदा बताउने<br>• वनमा भएका वनस्पति र वन्यजन्तु तथा चराहरुको चोरी, पैठारी गर्ने कार्यलाई नियन्त्रण गर्नको लागि वनेका कानुनी प्रावधानहरुको जानकारी गराउने र यस्तो कार्य गर्न नहुने कुराको जानकारी गराउने<br>• सामुदायिक वनको संरक्षण गर्ने उपायहरुमा छलफल गराउने<br>• हरित घर तथा विद्यालयको अवधारणको पुनरावलोकन गराउने, यस सम्बन्धी अनुभव आदान प्रदान गर्न लगाउने<br>• घर तथा शैक्षिक संस्थाहरु र वरपरको क्षेत्रमा व्यापक हरियाली विकास मार्फत पृथ्वीको वहन क्षमता अभिवृद्धि | • आत्म मूल्यांकन<br>• प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• परियोजना कार्यको अवलोकन<br>• क्षेत्रभ्रमणको प्रतिवेदनको मूल्यांकन<br>• लिखित परीक्षा | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बगैंचाको निर्माण, उत्पादन, बजारीकरण र आर्थिक फाइदा ( स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरू र स्थानीय फूलहरूमा सहयोग गर्न<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण र जडीबुटी खेती र बजारीकरणमा सहयोग गर्न<br>• विद्यालय तथा घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन ( सोकपिट, रिचार्ज पोखरी, करेसाबारीमा उपयोग) गर्न<br>• विद्यालय तथा घरायसी ठोस फोहोरको व्यवस्थापन ( कम्पोष्टिङ - | र आर्थिक फाइदा ( स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरू र स्थानीय फूलहरूमा सहयोग<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण र जडीबुटी खेती र बजारीकरण<br>• विद्यालय तथा घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन ( सोकपिट, रिचार्ज पोखरी, करेसाबारीमा उपयोग)<br>• विद्यालय तथा घरायसी ठोस फोहोरको व्यवस्थापन (कम्पोष्टिङ -गँड्यौले मल बनाउने प्रक्रियाको अभ्यास)<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध | चित्र, श्रव्यदृश्य सामग्री<br>• फूल खेतीको लागि नर्सरी बनाउने जग्गा र आवश्यक सामग्री<br>• गड्यौला खेती गर्नको लागि आवश्यक सामग्री : माटो, प्लाष्टिक, ड्रम आदि | गर्न, वातावरण प्रदूषणबाट जैविक विविधतामा परेको अवसर न्यूनीकरण गर्दै पारिस्थतिक पद्धतिमा सन्तुलन कायम गर्न, स्वच्छ एवम् हरित पृथ्वी पुस्तालाई हस्तान्तरण गर्न, शिक्षाका माध्यमबाट विद्यार्थी तथा आम समुदायमा वातावरणमैत्री व्यवहार विकास गर्न, दिगो विकासको लक्ष्य हासिल हरित घर तथा हरित विद्यालयको आवश्यकता र महत्व रहेको कुरा उदाहरणसहित छलफल गराउने<br>• विद्यालयमा करेसाबारी निर्माण गर्ने विधि, सामग्रीको जानकारी दिने र निर्माणमा विद्यार्थीहरुलाई सहभागी गराउने । करेसाबारीमा स्थानीय मौसममा आधारित सागसब्जीको साथै दैनिक खानामा प्रयोग गर्न सकिने उपयोगी वनस्पतिहरुको खेती, फूल खेतीको खेती, नर्सरी), गर्नमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• विद्यालयमा जस्तै घरमा समेत करेशाबारी निर्माण गरी आवश्यक पर्ने सागसब्जी तथा वनस्पति, पुष्पखेती घरमा पनि उत्पादन गर्न सकिने कुरा बताउने र विद्यार्थीहरुलाई घरमासमेत उत्पादन गर्न लगाउने<br>• घर, विद्यालय, वनमा स्थानीय जडीबुटीहरु : लगाउन सहयोग गर्ने, लगाउन प्रोत्साहन गर्ने<br>• घर तथा विभिन्न विद्यालयहरुले सागसब्जी खेती, फलफूल खेती, पुष्पखेती गरेको, विक्रीवितरण गरेको र स्वावलम्वी बनेको र आर्थिक उपार्जन समेत भएको भिडियो प्रदर्शन गर्ने र सोही कार्य विद्यार्थीले गर्न उत्प्रेरित गराउने<br>• पानी किन आवश्यक छ ? प्रश्नमा छलफल गराउने<br>• घरायसी रुपमा उपयोग भइसकेको पानी के के काममा प्रयोग गर्न सकिन्छ होला ? विचार मन्थन गराउने<br>• विद्यालय तथा घरमा खानेपानीको प्रयोग हुँदा, हात धुँदा, काचो तरकारी पखाल्दा निस्केको पानीलाई सिधै बगैंचा वा करेसाबारीमा सिँचाइको रुपमा प्रयोग गर्न सकिने कुरा बताउने । यसका साथै हातधुँदा, नुहाउँदा, क्यान्टिनमा काँचो तरकारी पखाल्दा खेर गएको पानी भूमिगत जलभण्डार रिचार्ज गर्न प्रयोग गर्न सकिने जानकारी गराउने र यसको लागि खेर जाने पानीको मात्रा र जमिनको उपलब्धताको आधारमा आवश्यकताअनुसारको सोकपिट बनाइ रिचार्ज गर्न | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गँड्यौले मल बनाउने प्रक्रियाको अभ्यास) मा सहयोग गर्न<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध व्याख्या गर्न | | | सकिने कुराको जानकारी गराउने<br>• सोकपिट बनाउने विधिको जानकारी दिने र विद्यालयमा सोकपिट बनाउने कार्यमा विद्यार्थीहरुको सहभागिता गराउने । सोकपिटको माध्यमबाट जम्मा भएको पानीलाई आवश्यकतअनुसार विद्यालयको पुष्पखेती, करेसाबारी, जडीबुटी खेती, फलफूल खेतीमा आवश्यकताअनुसार प्रयोग गर्ने गराउने<br>• यो कार्य गर्दा भूमिगत पानी सुक्ने सम्भावना कम हुनुको साथै फोहोरको रुपमा निस्केको पानीको समेत दीर्घकालीन व्यवस्थापनमा सहयोग पुग्ने कुराको जानकारी गराउने<br>• घरायसी ठोस फोहोरलाई कसरी व्यवस्थापन गर्न सकिन्छ होला ? विचार मन्थन गराउने<br>• घरायसी फोहोरको व्यवस्थापन गर्ने विभिन्न विधि मध्ये कम्पोष्ट मल बनाउने, गड्यौला मल बनाउने पनि हो भन्ने कुराको जानकारी दिने<br>• गड्यौला मल कसरी बनाइन्छ होला ? भन्ने प्रश्नमा छलफल गराउने । गड्यौलाको सहायताले फोहोर जैविक पदार्थबाट मल बनाउने विधि नै गड्यौला मल हो भन्ने कुराको जानकारी दिने<br>• गड्यौला मल बनाउनको लागि आवश्यक सामग्री, स्थान, गड्यौलाको प्रकार, जैविक पदार्थहरुको छनोट आदिमा छलफल गराउने र गड्यौला मल बनाउने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराउने । गड्यौला मललाई प्रयोग गर्ने तरिका बताउने ।<br>• दिगो विकास र हरित विद्यालयको अवधारणाको पुनरावलोकन गराउने<br>• वर्तमान अवस्थामा उपयोग गरिने ऊर्जाको मितव्ययी उपयोग गर्न, वातावरणमैत्री व्यवहार गर्ने, वातावरणको संरक्षण गर्ने, पानीको सही र उचित तवरले प्रयोग गर्ने, जैविक विविधता ह्रास हुन नदिने, पर्यावरण सन्तुलनमा राख्ने, घर तथा विद्यालय र वरपरको वातावरण हरित बनाउने, वातावरण प्रदूषण हुन नदिने जस्ता कार्यहरुलाई जोडेर दिगो विकास र हरित विद्यालयबिचमा भएको अन्तरसम्बन्धलाई प्रष्ट पार्ने<br>• दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायले खेल्ने भूमिकामा छलफल, अन्तरर्क्रिया गराउने र खेल्नुपर्ने भूमिका बताउने | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **दुर्घटना तथा विपत् व्यवस्थापन** | • स्थानिय स्तरमा घट्न सक्ने सम्भावित प्राकृतिक र सबै प्रकारका विपद्बाट बच्न सक्ने उपायहरु अवलम्बन र समुदायका मानिसलाई सचेत गराउने कार्यमा सहभागी हुन<br>• विपद् सम्बन्धि पूर्व अनुमान र सुरक्षित रहने तरिका बताउन<br>• समदाय स्तरमा आइपरेका विपद् कार्यमा सहयोग गर्न<br>• विपद् न्यूनीकरण र सुरक्षित व्यवस्थापनमा सहयोग गर्न<br>• विभिन्न प्रकारका महामारी (कोभिड लगायत) बारेमा जनचेतना तथा यसको रोकथामका सामान्य उपायहरु जानकारी र अवलम्बन गर्न<br>• विपद् व्यवस्थापनमा व्यक्ति, संघ सस्थाको भूमिका निर्वाह गर्न | • स्थानिय स्तरमा घट्न सक्ने सम्भावित प्राकृतिक र सबै प्रकारका विपद्बाट बच्न सक्ने उपायहरु अवलम्बन र समुदायका मानिसलाई सचेत गराउने कार्यमा सहभागी<br>• विपद् सम्बन्धि पूर्व अनुमान र सुरक्षित रहने तरिका<br>• समदाय स्तरमा आइपरेका विपद् कार्यमा सहयोग<br>• विपद् न्यूनीकरण र सुरक्षित व्यवस्थापनमा सहयोग<br>• विभिन्न प्रकारका महामारी (कोभिड लगायत) बारेमा जनचेतना तथा यसको रोकथामका सामान्य उपायहरु जानकारी र अवलम्बन<br>• विपद् व्यवस्थापनमा व्यक्ति, संघ सस्थाको भूमिका<br>• विपद् व्यवस्थापनका अभिभावक र समुदायको भूमिका<br>• विपद्मा मनोपरामर्श गर्ने तरिका<br>• | • विभिन्न प्राकृतिक तथा मानव सिर्जित विप्तका घटनाहरु, उद्धार, राहत वितरणसम्बन्धी फोटो, भिडियो, वृत्तचित्र<br>• चेनामूलक कार्यक्रमको लागि कार्ड, पोष्टर | • स्थानिय स्तरका घट्न सक्ने सम्भावित प्राकृतिक र मानवीय विपत्हरुको सूची तयार गर्न लगाउने र सबै प्रकारका विपत्बाट बच्न सक्ने उपायहरुमा छलफल गराउने<br>• विपत्बाट बच्ने उपायहरुलाई अवलम्बन गर्न प्रेरित गर्ने र समुदायका मानिसलाई सचेत गराउने कार्यमा सहभागी हुने क्रियाकलाप गराउने<br>• विपत् सम्बन्धि पूर्व अनुमान गरी सुरक्षित रहने अभ्यास गराउने<br>• समदाय स्तरमा आइपरेका विपत् कार्यमा सक्दो सहयोग गर्नुपर्ने कुराको जानकारी गराउने र सहयोग गर्न लगाउने<br>• विपत्को समयमा सहयोग गरेका श्रव्यदृश्य सामग्री तथा घटना सुनाउने<br>• विपत् न्यूनीकरण र व्यवस्थापनमा सहभागी हुन लगाउने<br>• विगतमा घटेका विभिन्न प्रकारका महामारीहरु ( झाडापखला, : कोरोना भाइरसबाट प्रभावित मानिसलगायत) को जानकारी गराउने र ती विभिन्न प्रकारका महामारी बारेमा जनचेतना फैलाउने क्रियाकलाप गराउने तथा यसको रोकथामका सामान्य उपायहरु जानकारी गराउने<br>• विद्यार्थीहरुलाई चार समूहमा विभाजन गर्ने र विपत् व्यवस्थापनमा व्यक्ति, अभिभावक, समुदाय र संघ सस्थाको भूमिका छलफल गराई प्रस्तुत गर्न लगाउने र आवश्यक थप पृष्ठपोषण दिने<br>• विपत्मा मनोपरामर्श गर्ने तरिका अभिनयात्मक क्रियाकलाप गराउने | • आत्म मूल्यांकन<br>• प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• परियोजना कार्यको अवलोकन<br>• क्षेत्रभ्रमणको प्रतिवेदनको मूल्यांकन<br>• लिखित परीक्षा | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • विपद् व्यवस्थापनका अभिभावक र समुदायको भूमिका पहिचान गर्न<br>• विपद्मा मनोपरामर्श गर्ने तरिका अवलम्बन गर्न | | | | | |
| ६ | **हाम्रा व्यक्तित्व र संघ संस्थाहरुको परिचय र योगदान** | • गैडहवा गाउँपालिकाका स्थानिय ख्याति प्राप्त व्यक्ति, समाजसेविका राम्रा कामहरुको पहिचान गरी सम्मान गर्न<br>• स्काउटको परिचय दिन र योगदानको सम्मान गर्न<br>• आफ्नो वडा भित्र रहेका आमा समूह र उपभोक्ता समितिका कार्यहरु बताउन | • गैडहवा गाउँपालिकाका स्थानिय ख्याति प्राप्त व्यक्ति, समाजसेविका राम्रा कामहरु, योगदान र सम्मान<br>• स्काउटको परिचय र योगदान<br>• आफ्नो वडा भित्र रहेका महिला समूह, आमा समूह र यसका कार्यहरु<br>• वडामा गठन भएका उपभोक्ता समूहका कार्यहरु | • ख्याति प्राप्त व्यक्तिहरुको फोटो<br>• समाजसेवी को फोटो<br>• स्काउटसँग सम्बन्धित फोटो, स्काउटले गरेका कार्यहरुको वृत्तचित्र<br>• आमासमूहले गरका कार्यहरुको वृत्तचित्र | • गैडहवा गाउँपालिकाको विभिन्न क्षेत्रमा विशेष योगदान पुर्‍याएका ख्याति प्राप्त व्यक्तिहरुको जीवनी प्रस्तुत गर्ने र उनले पुर्‍याएको योगदान सम्बन्धमा छलफल गराउने र असल कार्यको अनुसरण गर्नुपर्ने कुराको जानकारी गराउने<br>• गाउँपालिका क्षेत्रभित्रका समाजसेवीले गरेका असल अभ्यासको जानकारी गराउने र अनुकरणयोग्य पक्षको सम्मान गर्नुपर्ने कुराको जानकारी गराउने<br>• शिक्षकले स्काउटको पृष्ठभूमि तथा स्थापना रोचक ढंगले प्रस्तुत गरी स्काउटको परिचय दिने<br>• स्काउटले गर्ने कार्यहरु : स्वास्थ्य, खोप, जेष्ठ नागरिकलाई सहयोग, अपांगता भएका नागरिकलाई सहयोग, सामाजिक, नैतिक, बौद्धिक आदिको जानकारी गराउने<br>• विद्यालयमा स्काउट गठन गर्नमा सहयोग गरी उक्त कार्यहरु गर्न अभिप्रेरित गर्ने<br>• उपभोक्ता समिति तथा वडाकाआमा समूहले गरेका असल कार्यहरुको बारेमा आमा समूहको प्रतिनिधिलाई आमन्त्रण गरी जानकारी गराउन लगाउने | • आत्म मूल्यांकन<br>• प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• परियोजना कार्यको अवलोकन<br>• क्षेत्रभ्रमणको प्रतिवेदनको मूल्यांकन<br>• लिखित परीक्षा | १० |

कक्षा ८

| क्र.स. | एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु र विस्तृतीकरण | सिकाइ सामग्री | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **गैडहवा गाउँपालिकाको परिचय** | • लुम्बिनी प्रदेशको नक्सांकन र रुपन्देही जिल्ला र गैडहवा गाउँपालिकालाई संकेतीकरण गर्न<br>• गाउँपालिकाको भौगोलिक र राजनीतिक विभाजनको परिचय दिन<br>• गाउँपालिका प्रमुख र उपप्रमुखको कार्यहरु बताउन<br>• गाउँपालिकाको विद्युत, यातायात, सिँचाइ, तथा प्राकृतिक सम्पदा सम्बन्धी कार्यक्रम र सेवाहरुको जानकारी दिन<br>• गैडहवा गाउँपालिकाको शिक्षा, स्वास्थ्य बाहेकका विकासका पूर्वाधार सम्बन्धी नीति, ऐनकानूनका सामान्य | • लुम्बिनी प्रदेशको नक्सांकन र रुपन्देही जिल्ला र गैडहवा गाउँपालिकालाई संकेतीकरण<br>• गाउँपालिकाको भौगोलिक र राजनीतिक विभाजन<br>• गाउँपालिका अध्यक्ष र उपाध्यक्षका कार्यहरु<br>• गाउँपालिकाको विद्युत, यातायात, सिँचाइ, तथा प्राकृतिक सम्पदा सम्बन्धी कार्यक्रम र सेवाहरु<br>• गैडहवा गाउँपालिकाको शिक्षा, स्वास्थ्य बाहेकका विकासका पूर्वाधार सम्बन्धी नीति, ऐनकानूनका सामान्य विशेषताहरु<br>• गाउँपालिकाबाट | • नेपालको नक्सा<br>• लुम्बिनी प्रदेशको नक्सा<br>• रुपन्देही जिल्लाको नक्सा<br>• गैडहवाको नक्सा<br>• सञ्चारका साधनहरुः मोबाइल, टिभि, टेलिफोन, कम्प्युटर, ल्यापटप, रेडियो आदि ।<br>• सुशासनका क्रियाकलाप सम्बन्धी समेटिएको वृत्तचित्र | • नेपालको नक्सा प्रदर्शन गरी ७७ जिल्ला र सात प्रदेशको चिनारी गराउने<br>• जिआइएस, स्केचिङ, डिजिटल विधि, स्वतन्त्र, कार्बन, टेम्लेट, वर्ग (ग्रिड) आदि विधिबाट लुम्बिनी प्रदेशको नक्सा निर्माण गर्ने र विभिन्न तथ्यहरु संकेतको प्रयोग गरी देखाउने अभ्यास गराउने र सहयोग गर्ने<br>• लुम्बिनी प्रदेशको नक्सामा रुपन्देही जिल्ला र गैडहवा पालिकालाई इन्टिकेट गरी रुपन्देही र गैडहवाका मुख्य मुख्य स्थानहरुको संकेत गर्न लगाउने र सहजीकरण गर्ने<br>• रुपन्देही र गैडहवाको नक्सा प्रदर्शन गरी गैडहवा गाउँपालिकाको राजनीतिक र भौगोलिक विभाजनको जानकारी दिने<br>• गाउँपालिकाको प्रमुख वा उपप्रमुखलाई आमन्त्रण गरी गाउँपालिका प्रमुख र उपप्रमुखका कार्यहरु, गाउँपालिकाको विद्युत, यातायात, सिँचाइ, तथा प्राकृतिक सम्पदा सम्बन्धी कार्यक्रम र सेवाहरु, गैडहवा गाउँपालिकाको शिक्षा, स्वास्थ्य बाहेकका विकासका पूर्वाधार सम्बन्धी नीति, ऐनकानुनका सामान्य विशेषताहरुको जानकारी दिन लगाउने<br>• गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी दिने र यस्ता सेवाहरुलाई प्रभावकारी बनाउने उपायहरु सोच्ने जोडी बनाउने र अनुभव आदानप्रदान गर्ने तकनिकी प्रयोग गरी निष्कर्ष तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने<br>• यातायाको विकास हुँदा हुने फाइदाहरुको बारेमा जानकारी गराउने । उदाहरणको लागि गैडहवा गाउँपालिकामा बस, ट्याक्टर, जिप, मोटरसाइकलको पहुँच हुँदा हुने फाइदाहरु । | • प्रश्नोत्तर<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• परियोजना कार्यको मूल्यांकन<br>• छलफल<br>• अन्तर्वार्ता | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विशेषताहरु बताउन<br>• गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुलाई प्रभावकारी बनाउने उपायहरु बताउन<br>• गैडहवाका गर्व गर्न सकिने विषयहरुको जानकारी दिन<br>• स्थानीय तहमा सुशासनको अवधारणा, महत्व र सुशासन कायम गर्ने उपायहरु बताउन | प्रदान गरिने सेवाहरुलाई प्रभावकारी बनाउने उपायहरु<br>• गैडहवाका गर्व गर्न सकिने विषयहरु (ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, सामाजिक, प्राकृतिक, शैक्षिक र राजनीतिक)<br>• स्थानीय तहमा सुशासन : अवधारणा, पक्षहरु, सुशासनको अवस्था, सुशासन कायम गर्ने उपायहरु | | • यातायातको पहुँचले पालिका र वडाको विकासमा पार्ने प्रभावको जानकारी दिने<br>• गैडहवा गाउँपालिकाका सञ्चार सेवाको अवस्थाको जानकारी दिने । जस्तै : पत्रपत्रिका, रेडियो, एफएम, टेलिभिजन, फोन, इन्टरनेट । यी विभिन्न साधनहरुको परिचय दिने ।<br>• इन्टरनेटको वितरण र पहुँचमा नेपाल सरकार, नेपाल टेलिकम तथा अन्य संस्थाको भूमिका उल्लेख गर्ने<br>• गैडहवाका गर्व गर्न सकिने विषयहरुमा छलफल गराउने र ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, सामाजिक, प्राकृतिक, शैक्षिक र राजनीतिक विषयमा भएका गर्व गर्न लायक पक्षहरुको बारेमा जानकारी गराउने<br>• शासनको सम्बन्धमा सोच्ने जोडी बनाउने र अनुभव आदानप्रदान गर्ने तरिकाबाट अनुभव आदानप्रदान गर्न लगाउने<br>• विद्यार्थीहरुको विचारलाई समेट्दै सुशासनको अवधारणा, पक्षहरु, सुशासनको अवस्था, सुशासन कायम गर्ने उपायहरुको बारेमा जानकारी दिने<br>• स्थानीय तहमा सुशासन कायम गर्न विद्यार्थी, शिक्षक, विव्यस, शिअसं, स्थानीय तहको भूमिकामा छलफल गर्ने | | |
| २ | **गैडहवाका सम्पदाहरु** | • गैडहवा गाउँपालिकाका धार्मिक सम्पदा र पर्यटकिय, धार्मिक तथा सार्वजनिक स्थलहरुको संरक्षण, संवर्धन र प्रवर्धनमा व्यक्ति, परिवार र समुदायको भूमिका पहिचान गर्न<br>• हिन्द धर्म, क्रिस्चियन धर्म, बौद्ध, मुस्लिम धर्मको परिचय दिन र | • गैडहवा गाउँपालिकाका धार्मिक सम्पदा र पर्यटकिय, धार्मिक तथा सार्वजनिक स्थलहरुको संरक्षण, संवर्धन र प्रवर्धनमा व्यक्ति, परिवार र समुदायको भूमिका<br>• हिन्द धर्म, क्रिस्चियन धर्म, | • धार्मिक सम्पदा, पर्यटकीय स्थल, धार्मिक स्थल र सार्वजनिक स्थलको चित्र, वृत्तचित्र<br>• हिन्दु, क्रिस्चियन, बौद्ध, मुस्लिम धर्मसँग | • धार्मिक सम्पदा र पर्यटकिय, धार्मिक तथा सार्वजनिक स्थलहरुको पुनरावृत्ति गराई तिनको संरक्षण, संवर्धन र प्रवर्धनमा व्यक्ति, परिवार र समुदायको भूमिकामा छलफल गराउने र भूमिका चार्ट तयार गरी प्रस्तुत गर्न लगाउने<br>• उल्लिखित स्थलहरु मध्ये कुनै एकको क्षेत्रभ्रमण गराइ प्रतिवेदन प्रस्तुत गर्न लगाउने र आवश्यक पृष्ठपोषण दिने<br>• हिन्द धर्म, क्रिस्चियन धर्म, मुस्लिम, वौद्ध धर्म..........मा विश्वास गर्ने विद्यार्थीहरुलाई उक्त धर्मअनुसार गरिने क्रियाकलापहरुको बारेमा जानकारी दिन लगाउने र शिक्षकले थप | • अवलोकन<br>• छलफल<br>• अनुगमन<br>• प्रश्नोत्तर<br>• परियोजना कार्य<br>• लिखित परीक्षा<br>• प्रयोगात्मक परीक्षा | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महत्व बताउन<br>• गैडहवा गाउँपालिकाका खोलानाला तथा जलाधार क्षेत्रको संरक्षण, सम्वर्धन तथा प्रवर्धनमा व्यक्ति, विद्यालय, समुदाय तथा स्थानिय तहको भूमिका बताउन<br>• गैडहवा गाउँपालिका र समग्र रुपन्देहीका चालचलन, चाडपर्व र रितीरिवाजहरुका सकारात्मक र नकारात्मक पक्षहरुको विश्लेषण गरी सकारात्मक पक्षको संरक्षण, विकास र अवलम्बन गर्न | वौद्ध, मुस्लिम धर्मको परिचय र महत्व<br>• गैडहवा गाउँपालिकाका खोलानाला तथा जलाधार क्षेत्रको संरक्षण, सम्वर्धन तथा प्रवर्धनमा व्यक्ति, विद्यालय, समुदाय तथा स्थानिय तहको भूमिका<br>• गैडहवा गाउँपालिका र समग्र रुपन्देहीका चालचलन, चाडपर्व र रितीरिवाजहरुका सकारात्मक र नकारात्मक पक्षहरुको विश्लेषण गरी सकारात्मक पक्षको संरक्षण, विकास र अवलम्बन | सम्बन्धित चित्र, फोटो वा वृत्तचित्र<br>• गैडहवाका खोलानाला, जलाधारको चित्र वा भिडियो<br>• साइनपेन, न्युज्प्रिन्ट पेपर, मार्कर, मास्किङ टेप | जानकारी दिई तिनको महत्व बताउने<br>• विद्यार्थीहरुलाई ४ समूहमा विभाजन गरी तपसिपलको समूहमा छलफल गरी प्रस्तुत गर्न लगाउने र आवश्यक पृष्ठपोषण दिने ।<br>• गैडहवा गाउँपालिकाका खोलानाला तथा जलाधार क्षेत्रको संरक्षण, सम्वर्धन तथा प्रवर्धनमा समूह (क) व्यक्तिको भूमिका (ख) विद्यालयको भूमिका (ग) समुदायको भूमिका र (घ) स्थानिय तहको भूमिका<br>• गैडहवा गाउँपालिका र समग्र रुपन्देहीका चालचलन, चाडपर्व र रितीरिवाजहरुका सकारात्मक र नकारात्मक पक्षहरुको विश्लेषण गरी सकारात्मक पक्षको संरक्षण, विकास र अवलम्बन गर्ने सम्बन्धमा वक्तृत्व कला प्रतियोगिता गराउने र आवश्यक पृष्ठपोषण दिने<br>• चित्र, वृत्तचित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट गैडहवा गाउँपालिकाका जातजातिको संस्कृतिको परिचय दिने र गैडहवा गाउँपालिकाको एकता एवम् समृद्धिमा उक्त संकृतिको भूमिका बताउन लगाउने र आवश्यक जानकारी दिने | | |
| ३ | **गैडहवाका स्थानीय पेशा व्यवसाय र प्रविधि** | • पशुपालनमा सहभागी हुन<br>• खेतिपातीमा प्रयोग गरिने विषादीको समुचित प्रयोगको तरिका पहिचान र प्रयोग गर्न<br>• जैविक खेती | • पशुपालनमा सहभागी (गाइपालन/भैसीपालन)<br>• खेतिपातीमा प्रयोग गरिने (किटनाशक, ढुशी नाशक) विषादीको समुचित | • गाइ र भैसीपालको चित्र र पालनसम्बन्धी वृत्तचित्र<br>• किटनाशक, ढुशी नाशक<br>• जैविक खेती गरिएको भिडियो | • गैडहवामा पालन गरिने विभिन्न पालनहरु मध्ये गाइपालन र भैसीपालनसँग सम्बन्धित स्थानीय विज्ञ व्यक्तिलाई आमन्त्रण गरी पालन गर्ने तरिका, ध्यान दिनुपर्ने पक्षहरु, महत्वबारेमा जानकारी दिन लगाउने र यी मध्ये कुनै एक पालन गर्न अभिप्रेरित गर्ने<br>• खेतीपाती गर्दा विभिन्न रोगहरुको निवारणको लागि प्रयोग गरिने किटनाशक, ढुशी नाशकलगायतका | • अवलोकन<br>• क्षेत्रभ्रमण<br>• छलफल<br>• प्रश्नोत्तर<br>• लिखित परीक्षा<br>• मौखिक प्रश्न | ३५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रणालीको महत्व र आवश्यकता बताउन<br>• जैविक विषादीको परिचय दिन र प्रयोग गर्न<br>• अन्नबाली खेती, उपयोग र बजारीकरणमा सहयोग गर्न<br>• नगदेबाली खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरणमा सहयोग गर्न<br>• तरकारी खेती र आवश्यकताअनुसार उपयोग, बिक्री वितरणमा सहयोग गर्न<br>• फलफूल खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरणमा सहयोग गर्न<br>• आधुनिक प्रविधिको महत्व र प्रयोग ( ट्र्याक्टर, थ्रेसर) बताउन<br>• स्थानिय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माणमा सहयोग र प्रयोग गर्न<br>• स्थानीय कृषि बजारको | प्रयोगको तरिका पहिचान र प्रयोग<br>• जैविक खेती प्रणालीको महत्व र आवश्यकता<br>• जैविक विषादीको परिचय र प्रयोग<br>• अन्नबाली खेती, उपयोग र बजारीकरण : जौ र जुनेलो<br>• नगदेबाली खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरण : मसला, लसुन खेती, प्याज खेती, सजीवन खेती, खिरा खेती, कटहर<br>• तरकारी खेती र आवश्यकताअनुसार उपयोग, बिक्री वितरण (परवर, खेक्सी, चिचिण्डो, तरोई, घुइया–बण्डा, पिँडालु, प्याज, लसुन, निउरो, आदि)<br>• फलफूल खेती, आवश्यकताअनुसार उपयोग र बजारीकरण ( खरबुजा/तरबुजा, | • जैविक विषादी<br>• मकै, जौ, गहुँ, धानको चित्र र खेती गरिएको वृत्तचित्र<br>• सजीवन खेती, घिरा खेती, भिमनी खेती, कदिमा खेती, कुमहर खेती, रामभुमनी खेती, ओल को चित्र र श्रव्यदृश्य सामग्री<br>• मसला, लसुन खेती, प्याज खेती, सजीवन खेती, खिरा खेती, कटहर को चित्र र भिडियो<br>• सलगम, अलुवा खेती, काँक्रा, खरबुजा/तरबुजा, तित्री, जामुन, कागती, भोगटेको चित्र र भिडियो<br>• आरन प्रविधिको चित्र र भिडियो<br>• कोदालो, खुर्पी, हँसुवा, खन्ती, कराम, खल, करिन, कुटीकट्टा, चुलेसी, खुकुरी को दराज/कोर्कोको | विषादीको समुचित प्रयोगको तरिका सम्बन्धमा स्थानीय कृषि विज्ञलाई आमन्त्रण गरी जानकारी दिन लगाउने र सुरक्षित तरिकाले प्रयोग गर्न लगाउने<br>• वृत्तचित्रको माध्यमबाट जैविक खेती प्रणालीको महत्व र आवश्यकता सम्बन्धमा जानकारी दिने र विषादीको प्रयोगलाई घटाई जैविक विषादीको प्रयोग गर्न अभिप्रेरित गर्ने । जैविक विषादीको प्रयोग गर्दा स्वास्थ्य, माटोलगायतमा पुग्ने फाइदाहरु बताउने<br>• अन्नबाली : जौ र जुनेलो, नगदेबाली : मसला, लसुन खेती, प्याज खेती, सजीवन खेती, खिरा खेती, कटहर खेती गर्ने व्यक्ति, विज्ञलाई विद्यालयमा आमन्त्रण गरी वा सम्बन्धित स्थानमा विद्यार्थीलाई भ्रमण गराई खेती गर्दा आवश्यक पर्ने औजारहरु, खेती गर्ने तरिका, भण्डरण गर्ने तरिका, उपयोग गर्ने तरिका र बजारीकरण गर्ने तरिकाको जानकारी दिन लगाउने । यी मध्ये एउटा अन्नबाली र एउटा नगदेबालीको खेती (विद्यालय वा घरमा) गर्ने परियोजना कार्य दिने । यसरी खेती गर्दा गरिएका सम्पूर्ण अनुभवलाई समेटी प्रतिवेदन तयार गर्न लगाई प्रतिवेदन र खेतीको अवलोकन गरी मूल्यांकन गर्ने<br>• तरकारी : परवर, खेक्सी, चिचिण्डो, तरोई, घुइया–बण्डा, पिँडालु, प्याज, लसुन, निउरो, आदि आदि, फलफूल खेती : खरबुजा/तरबुजा, जामुन, कागती, भोगटे, गाजर, चुकन्दर, कदम, बेल, डयागन, कुसुम, आतँ, बडहर, महुँवा, तरुल, सखरखण्ड आदि खेतीसँग सम्बन्धित स्थानीय विज्ञ, कृषि विज्ञलाई विद्यालयमा आमन्त्रण गरी वा सम्बन्धित स्थानमा विद्यार्थीलाई भ्रमण गराई खेती गर्दा आवश्यक पर्ने औजारहरु, खेती गर्ने तरिका, भण्डरण गर्ने तरिका, उपयोग गर्ने तरिका र बजारीकरण गर्ने तरिकाको जानकारी दिन लगाउने । यी मध्ये कम्तिमा एउटा अन्नबाली र एउटा नगदेबालीको खेती (विद्यालय वा घरमा) गर्ने | • खेती गरिएको अवलोकन<br>• हस्तकलाको सामग्री निर्माण गरेको अवलोकन<br>• प्रतिवेदनको मूल्यांकन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिचय र आवश्यकता बताउन<br>• उत्पादित वस्तुको उपभोग तथा बजारीकरणमा सहयोग गर्न<br>• गैडहवाका विशेष परिकार बनाउन, प्रयोग गर्न र आवश्यकताअनुसार बिक्री वितरण गर्न | जामुन, कागती, भोगटे, गाजर, चुकन्दर, कदम, बेल, डयागन, कुसुम, आतँ, बडहर, महुँवा, तरुल, सखरखण्ड आदि)<br>• स्थानीय व्यवसाय तथा स्थानिय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माणमा सहयोग र प्रयोग : कर्नी, फरुही, रुखान, दबिया, हाते बर्मा, गणासा, बेल्चा, मदानी, ठेकी, खुर्पी, किलो दाम्लो, डोण, टाटनो, चक्कु, छुरी, सुपा, चालनी, ढिकी, पिर्का लोहोरी, डेलिया, हेलुका<br>• आधुनिक प्रविधिको परिचय र प्रयोग : लेबलर, मल्चिङ प्रविधि, कल्टीवेटर, हार्भेस्टर, पंखी, चारामेसिन, | चित्र र भिडियो<br>• अलुवा, सुथनी, बैल गाडी, टाँगा, रिक्सा, पातको टपरी बनाउने, माटोको भाडा बनाउने (कुमाले) को चित्र र भिडियो | परियोजना कार्य दिने । यसरी खेती गर्दा गरिएका सम्पूर्ण अनुभवलाई समेटी प्रतिवेदन तयार गर्न लगाई प्रतिवेदन र खेतीको अवलोकन गरी मूल्यांकन गर्ने<br>• आधुनिक प्रविधि (ट्र्याक्टर, थ्रेसर) र परम्परागत पेशा व्यवसाय र प्रविधिको परिचय दिने र महत्व बताउने । जस्तै : आरन प्रविधि<br>• स्थानिय परम्परागत हस्तकला सामग्री : कर्नी, फरुही, रुखान, दबिया, हाते बर्मा, गणासा, बेल्चा, मदानी, ठेकी, खुर्पी, किलो दाम्लो, डोण, टाटनो, चक्कु, छुरी, सुपा, चालनी, ढिकी, पिर्का लोहोरी, डेलिया, हेलुका आदिको सिप भएका व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी परिचय दिन लगाउने र सम्भव भए आवश्यक सामग्रीको व्यवस्थापन गरी विद्यालयमा निर्माण गर्न सिकाउने र विद्यार्थीलाई अभ्यास गराउने । यी सामग्री मध्ये कम्तिमा एउटा सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्न लगाउने र यसको प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने<br>• विद्यार्थीहरुलाई आफ्नो घरमा के के आधुनिक प्रविधि प्रयोग गर्नुभएको छ ? प्रश्नमा छलफल गराई अनुभव बनाउन लगाउने र छरछिमेकमा के के आधुनिक प्रविधि प्रयोग गरेको देख्नुभएको छ ? प्रश्नमा छलफल गराउने ।<br>• आधुनिक प्रविधिअन्तर्गत गैडहवा गाउँपालिकामा प्रयोग गरिएका लेबलर, मल्चिङ प्रविधि, कल्टीवेटर, हार्भेस्टर, पंखी, चारामेसिन आदि प्रदर्शन गर्ने वा प्रयोग गरिएको सम्बन्धित क्षेत्रमा विद्यार्थीहरुलाई भ्रमण गराई ती प्रविधिको प्रयोग गर्ने तरिकाको जानकारी दिने र सम्भव भए प्रयोग गर्ने अभ्यास समेत गराउने<br>• स्थानीय कृषि बजारको परिचय र आवश्यकताका जानकारी दिई उत्पादित वस्तुको उपभोग तथा बजारीकरण गर्ने तरिका बताउने<br>• **स्थानीय तहमा भएका लोपोन्मुख पेसा र व्यवसाय** | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | • स्थानीय कृषि बजारको परिचय र आवश्यकता<br>• उत्पादित वस्तुको उपभोग तथा बजारीकरण<br>• **लोपोन्मुख पेसा र व्यवसाय** : माटाका भाँडा बनाउने, ढकिया (कासबाट)<br>• **गैडहवाका विशेष परिकार** : चुकाउनी, बिरयानी, सेवई, जिलपी, मालपुवा, दहीचिउरा, भुजा, | | **जस्तै** : माटाका भाडा बनाउने, ढकिया बनाउने तरिका आदिको परिचय दिने, महत्व बताउने र स्थानीय स्रोत व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी सिप सिकाउने वा माटाका भाडा बनाउने र ढकिया बनाउने ठाउँमा विद्यार्थीलाई भ्रमण गराई अभ्यास समेत गराउने<br>• **गैडहवाका विभिन्न स्थानमा बनाइने विशेष परिकार जस्तै** : चुकाउनी, बिरयानी, सेवई, जिलपी, मालपुवा, दहीचिउरा, भुजा आदि मध्ये क कसको घरमा कुन कुन परिकार कसरी बनाई प्रयोग गर्ने गरिएको छ अनुभव बताउन लगाउने र विद्यालयमा हप्ताको एकपटक एउटा परिकार बनाउने अभ्यास गर्न लगाउने र आवश्यक सहयोग गर्ने<br>• माथि उल्लिखित परिकार मध्ये कुनै एक परिकार घरमा बनाउने परियोजना तथा प्रयोगात्मक कार्य दिने र विद्यालयमा ल्याउन लगाइ प्रदर्शन गर्न लगाउने र उक्त परिकारको सुरुदेखि अन्तमा गरिएका कार्यहरुलाई समेटी प्रतिवेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र सोका आधारमा मूल्यांकन गर्ने | | |
| ४ | **गैडहवाको वातावरण** | • वडा क्षेत्रमा भएका वनहरूमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानूनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका पहिचान गर्न<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण र जडीबुटी | • वडा क्षेत्रमा भएका वनहरूमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानूनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा | • वनमा पाइने वनस्पति तथा जडीबुटीको चित्र वा खेती गरिएको भिडियो<br>• हरित विद्यालय निर्माणको लागि आवश्यक सामग्रीहरु : पानी, माटो, फोहोर राख्ने भाडो, बिरुवाहरु, कुटो, कोदालो, गैती, फरुवा आदि | • गैडहवा गाउँपालिकाअन्तर्गत रहेका वनहरुमा पाइने वनस्पति तथा वन्यजन्तु र चराहरुको संरक्षण तथा अपराध नियन्त्रण सम्बन्धी कानुनी व्यवस्था पालना गराउनको लागि विद्यार्थी, शिक्षक, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिकामा छलफल गराउने र पालना गर्ने गराउने<br>• घर, विद्यालय तथा वरपरको समुदाय र वनक्षेत्रको खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुराको जानकारी गराउने र उक्त कार्यमा विद्यार्थी र शिक्षक सहभागी हुने<br>• घर, विद्यालय तथा वरपरको समुदाय र वनक्षेत्रको खाली ठाउँमा जडीबुटी खेती गर्न सकिने कुराको जानकारी गराउने र जडीबुटी खेती गर्ने गराउने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• उत्पादित जडीबुटीबाट बजारीकरण, आर्थिक | • अवलोकन<br>• प्रश्नोत्तर<br>• लिखित परीक्षा<br>• छलफल<br>• आत्म मूल्यांकन<br>• परियोजना कार्य<br>• क्षेत्रभ्रमण<br>• प्रयोगात्मक कार्य | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | खेती र बजारीकरणमा सहयोग गर्न<br>• दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरू बताउन<br>• हरित गृह/घर निर्माणका लागि आवश्यक आधारभूत पक्षहरू र हरित गृह निर्माण योजना दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध प्रवर्धनका उपायहरुको प्रयोग गर्न<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरू खोजी गर्न र आकासे पानी सङ्कलन विधिको प्रयोग गर्न<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन (बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास) मा सहभागी हुन<br>• गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र गाउँपालिकाको | वृक्षारोपण र जडीबुटी खेती र बजारीकरण<br>• दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरू<br>• हरित गृह/घर निर्माणका लागि आवश्यक आधारभूत पक्षहरू र हरित गृह निर्माण योजना दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध प्रवर्धनका उपायहरुको प्रयोग<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरू र आकासे पानी सङ्कलन विधिको प्रयोग<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन (बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास)<br>• गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र | उपकरणहरु | उपार्जन गर्ने कुराको जानकारी गराउने<br>• यसको लागि विद्यालयमा नर्सरी निर्माण गर्ने, वेर्न उत्पादन गर्ने तथा आवश्यकतअनुसार स्थानीय स्तरमा भएको वन कार्यालयले तयार गरेका नर्सरीमा रहेका बेर्नाहरु वृक्षरोपणमा प्रयोग गर्ने<br>• वृक्षरोपण गरेका बिरुवाहरुको आवश्यकतानुसार रेखदेख गर्न लगाउने<br>• दिगो विकासका लक्ष्यहरु पुनः स्मरण गराउने र विद्यालय, समुदाय तथा स्थानीयस्तरबाट पूरा गर्न सकिने उक्त लक्ष्यहरुमा छलफल गराउने<br>• दिगो विकासका लक्ष्यहरु पूरा गर्नको लागि स्थानीय सरकारले गर्दै आएका प्रयासहरुमा छलफल गराउने<br>• हरत घर तथा विद्यालय निर्माणको लागि आवश्यक पर्ने पक्षहरु (हरियाली प्रवर्धन, इको क्लब, पानी व्यवस्थापन तथा सरसफाइ, फोहोरमैला व्यवस्थापन, ऊर्जामैत्री घर तथा विद्यालय, सिकाइ केन्द्रको विकास र सञ्चालन) को परिचय दिने<br>• यी कार्यहरुको विद्यार्थी तथा विद्यालयको भूमिका पहिचान गर्ने र सहभागी हुने<br>• हरित घर, विद्यालय तथा दिगो विकासबिचको अन्तरसम्बन्ध बताउन लगाउने र यस्तो सम्बन्ध प्रवर्धन गर्न विद्यार्थी, विद्यालय, समुदाय, स्थानीय तहले खेल्नुपर्ने भूमिकामा छलफल गर्ने<br>• पानीको दिगो व्यवस्थापन गर्ने उपायहरुमा छलफल गराउने जस्तो : पानीको मुहान संरक्षण गर्ने, वैकल्पिक पानीको व्यवस्थापन गर्ने (आकाशे पानी), भूमिगत जलभण्डारको रिचार्ज गर्ने, सरसफाइ व्यवस्थापन गर्ने, आकासे पानीको संकलन गर्ने आदि)<br>• आकासे पानीको संकलन गर्ने विधि भिडियोसहित प्रदर्शन गर्ने वा आकासे पानी संकलन गरेको अवलोकन गराउने (वर्षा, ट्यांकी, प्रशोधन, प्रयोग)<br>• घरायसी फोहोरमैलको व्यवस्थापन गर्ने विधिहरुमा छलफल गराउने<br>• घरायसी ठोस फोहोरमैलाको व्यवस्थापन अन्तर्गत | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | भूमिका पहिचान गर्न<br>• दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयास ( विद्यार्थी, विद्यालय र समुदायको भूमिका) को खोजी र अवलम्बन गर्न | फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र गाउँपालिकाको भूमिका<br>• दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयास ( विद्यार्थी, विद्यालय र समुदायको भूमिका) को खोजी र अवलम्बन | | विन कम्पोष्टिङ (भाडामा मल बनाउने विधि) र पिट कम्पोष्टिङ (खाडल र थुप्रो बनाएर मल बनाउने विधि) विधिको चित्र वा भिडियो वा प्रत्यक्ष अवलोकन गराएर जानकारी दिने<br>• उक्त विधिअनुसार विद्यालयमा विन र पिट कम्पोष्टिङ विधिबाट कम्पोष्ट मल बनाउने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• उक्त विधिहरुबाट तयार भएको मल आवश्यकताअनुसार तरकारी खेती, फलफूल खेती, पुष्पखेतीमा उपयोग गर्ने, गर्न लगाउने<br>• वडा तथा गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण गर्ने उपाय तथा फोहोरमैला व्यवस्थापन तथा दिगो विकासको लागि विद्यालय, स्थानीय समुदाय, संघसंस्था र गाउँपालिकाको भूमिकामा छलफल गराउने | | |
| ५ | **विपत् व्यवस्थापन** | • स्थानिय स्तरमा सम्भावित सबै प्रकारका विपद्बाट बच्ने प्रभावकारी उपायहरुको खोजी र अवलम्बन गर्न<br>• समुदाय स्तरमा आइपरेका विपत कार्यमा सहयोग र समन्वय गर्न बालक्बले गर्ने भूमिका निर्वाह गर्न<br>• विभिन्न प्रकारले स्थानीयस्तरमा हुन सक्ने दुर्घटना न्यूनीकरणका उपायहरु खोजी र अवलम्बन गर्न | • स्थानिय स्तरमा सम्भावित सबै प्रकारका विपद्बाट बच्ने प्रभावकारी उपायहरुको खोजी र अवलम्बन<br>• समुदाय स्तरमा आइपरेका विपत कार्यमा सहयोग र समन्वय गर्ने बालक्बले गर्ने भूमिका<br>• विभिन्न प्रकारले स्थानीयस्तरमा हुन सक्ने दुर्घटना न्यूनीकरणका उपायहरु खोजी र अवलम्बन<br>• स्थानीय स्तरमा | • थानीयस्तरमा विगतमा घटेका विपत्का श्रव्यदृश्य सामग्रीहरु<br>• वपत् व्यवस्थापन सम्बन्धी पोष्टर<br>• ेपालमा भएका विपत्का श्रव्यदृश्य सामग्रीहरु | • विद्यार्थीहरुलाई आफूले देखेका र भोगेका प्रकोप तथा विपत्हरु सम्बन्धमा अनुभव आदानप्रदान गर्न लगाउने<br>• स्थानीय स्तरमा के कस्ता विपत्हरु हुन सक्छन् मष्तिष्क मन्थन गराइ आकँलन गर्न लगाउने<br>• ती विपत्बाट बच्ने उपायहरुमा छलफल गराउने र आवश्यक पृष्ठपोषण दिने<br>• समुदाय स्तरमा आइपरेका विपत् कार्यमा सहयोग र समन्वय गर्न बालक्लबले गर्ने भूमिका पहिचान गर्न लगाउने र आवश्यक जानकारी दिने<br>• विभिन्न प्रकारले स्थानीयस्तरमा हुन सक्ने दुर्घटना न्यूनीकरणका उपायहरुमा छलफल गराउने र श्रव्यदृश्य सामग्रीको माध्यमबाट आवश्यक पृष्ठपोषण दिने<br>• स्थानीय स्तरमा घट्ना सक्ने विभिन्न प्रकारका महामारीका कारण, लक्षण र रोकथामका बारेमा जानकारी गराउने र सजग रहनुपर्ने कुराको | • अवलोकन<br>• छलफल<br>• प्रश्नोत्तर<br>• अभिनय<br>• लिखित परीक्षा<br>• मौखिक परीक्षा | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • स्थानीय स्तरमा घट्ना सक्ने विभिन्न प्रकारका महामारीका कारण, लक्षण र रोकथामका बारेमा जानकारी र सजगता अपनाउन<br>• विपद् व्यवस्थापन तथा महामारी रोकथाममा गाउँपालिकाले गरेका प्रयासहरुको जानकारी दिन<br>• विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण ऐन, २०७४ अनुसार विपद् व्यवस्थापनको लागि स्थानीय तह खेल्ने भूमिका वर्णन गर्न<br>• विपत्को समयमा सिकाइलाई निरन्तरता दिन अपनाउन सकिने उपायहरुको खोजी र अवलम्बन गर्न | घट्ना सक्ने विभिन्न प्रकारका महामारीका कारण, लक्षण र रोकथामका बारेमा जानकारी र सजगता<br>• विपद् व्यवस्थापन तथा महामारी रोकथाममा गाउँपालिकाले गरेका प्रयासहरुको जानकारी<br>• विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण ऐन, २०७४ अनुसार विपद् व्यवस्थापनको लागि स्थानीय तह खेल्ने भूमिका<br>• विपत्को समयमा सिकाइलाई निरन्तरता दिन अपनाउन सकिने उपायहरुको खोजी र अवलम्बन | | जानकारी गराउने । यस्ता महामारीहरु अन्तर्गत कोरोना भाइरसबाट फैलिएको रोग, जाजरकोटको झाडापखालाको जानकारी गराउने<br>• विपत् व्यवस्थापनमा गाउँपालिकाले गरेका प्रयासहरुका बारेमा चित्र तथा तालिकाको माध्यमबाट प्रष्ट पारिदिने वा गाउँपालिकाको विपत् सम्बन्धी काम गर्ने व्यक्तिलाई आमन्त्रणगरी सो सम्बन्धी आवश्यक जानकारी दिन लगाउने<br>• विपत् व्यवस्थापन तथा जोखिम न्यूनीकरण ऐन, २०७४ अनुसार विपत् व्यवस्थापनको लागि स्थानीय तहले खेल्ने भूमिकाको बारेमा छलफल गराउने<br>• विपत्को समयमा सिकाइलाई निरन्तरता दिन अपनाउन सकिने उपायहरु बताउने । जस्तै : रेडियो, एफएम, टेलिभिजन, इन्टरनेटको माध्यमबाट सिक्न सकिने, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले निर्माण गरेका डिजिटल सामग्रीहरुको अध्ययन गरी सिक्न सकिने, श्रव्यदृश्य सामग्रीको माध्यमबाट सिक्न सकिने, स्वअध्ययन गरी सिक्न सकिने आदि । | | |
| ६ | **हाम्रा व्यक्तित्व र संघ संस्थाहरुको परिचय र योगदान** | • गैडहवाका सहकारी संस्थाको परिचय दिन र समुदायमा पारेको प्रभाव व्याख्या गर्न<br>• जिल्ला भित्र रहेका विभिन्न सामाजिक संघ संस्थाहरुको परिचय दिन र तिनको योगदानको सम्मान | • गैडहवाका सहकारी संस्थाको परिचय र समुदायमा पारेको प्रभाव<br>• जिल्ला भित्र रहेका विभिन्न सामाजिक संघ संस्थाहरुको परिचय र तिनको योगदान<br>• रेडक्रस | • गाउँपालिकामा रहेका सहकारी तथा सामाजिक संस्थाहरुको चित्र, वृत्तचित्र<br>• रुपन्देही जिल्लाको विभिन्न पूर्वाधार विकासमा योगदान | • सहकारी संस्थाहरुको परिचय दिदै सहकारी संस्थाहरुले समुदायको विभिन्न क्षेत्रमा गरेको असल अभ्यासको बारेमा जानकारी दिने वा सहकारीको प्रतिनिधिलाई विद्यालयमा आमन्त्रण गरी संस्थाले गरेका कार्यहरुको बारेमा जानकारी दिन लगाउने<br>• बचत गर्ने बानीको विकास गराउन विद्यार्थीहरुलाई विभिन्न उदाहरण दिदै बचतप्रति उत्सुक बनाउने<br>• गाउँपालिको विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका सामाजिक संघ संस्थाहरुको फोटो देखाइ वा संघसंस्थाको प्रतिनिधिलाई नै विद्यालयमा आमन्त्रण गरी उनले पुर्‍याएको योगदान बताउन लगाउने | • अवलोकन<br>• छलफल<br>• प्रश्नोत्तर<br>• अभिनय<br>• लिखित परीक्षा<br>• मौखिक परीक्षा<br>• प्रतिवेदनको मूल्यांकन | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गर्न<br>• जुनियर रेडक्रस सोसाइटीको परिचय दिन र कार्य बताउन<br>• इको क्लबको गठन, हरित विद्यालय निर्माणमा इको क्लवको भूमिका पहिचान गरी निर्वाह गर्न | सोसाइटीको परिचय र कार्य<br>• इको क्लबको गठन, हरित विद्यालय निर्माणमा इको क्लवको भूमिका | पुर्‌याएका व्यक्तिहरुको चित्र, फोटो र श्रव्यदृश्य सामग्री<br>• रेडक्रस सोसाइटीसँग सम्बन्धित सामग्रीहरु<br>• इको क्लबको गठनको चित्र र गरेका कार्यहरुसम्बन्धी श्रव्यदृश्य सामग्री | • जिल्ला भित्र सञ्चालित विभिन्न सामाजिक विकृति तथा कुरीतिहरु हटाउन कार्यरत रहेका संघ संस्थाहरु खोजी गरी/गर्न लगाइ विद्यार्थीहरुलाई आफूले जाने सुनेका सामाजिक संघ संस्थाहरुको नाम र तिनीहरुले गर्ने कार्यहरु बताउने<br>• रुपन्देही जिल्ला भित्र रहेका शिक्षा, स्वास्थ्य, सडक, बाटोघाटो, पुल, विद्युत्, खानेपानी, तथा अन्य विकासका पूर्वाधारहरुको विकासमा योगदान दिने व्यक्तिहरुको चिनारी दिदै उनीहरुले गरेका असल कार्यहरुको खोजी गर्न लगाउने (शिक्षक तथा अभिभावकको पूर्ण सहयोगमा) र छलफल गर्ने<br>• रेडक्रस सोसाइटीको परिचय दिने र यसले गर्ने कार्यहरुको जानकारी दिने । जस्तै : राहत वितरण, संकट तथा विपत्‌को समयमा आपत्कालीन स्वास्थ्य उपचार, रक्तसञ्चयीकरण, बिरामीलाई बचाउनको लागि एम्बुलेन्स, आँखा उपचार, प्राथमिक उपचार आदि ।<br>• कक्षा ५ देखि १२ सम्मका विद्यार्थीहरु समावेश हुने गरी इको क्लबको गठन गर्न लगाउने र हरित विद्यालय निर्माणमा इको क्लवको भूमिकाको जानकारी दिने<br>• इकोक्लबले गर्ने काम, कर्तव्य र अधिकार तयार गर्न लगाई विद्यालयमा कार्य गर्न लगाउने र त्यसको प्रगतिको प्रतिवेदन तयार गर्न लगाई समूहगत रुपमा प्रस्तुत गर्न लगाउने | | |

## ६. प्रयोगात्मक तथा परियोजना कार्य

### कक्षा ४

1. गैडहवा गाउँपालिकामा रहेका विकृति/कुरिती जस्तै : बाल बिवाह, छुवाछुत, बोक्सी,  डायन, सोखइती (झारफुक) तामा तुलसी आदि मध्ये आफ्नो गाउँठाउमा घटेका घटनाहरुको विवरण तयार गर्नुहोस् । उक्त विकृति आइपर्नुका कारणहरु, त्यसबाट पर्ने असर र न्यूनीकरणका उपायहरुको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
2. गैडहवामा भएका पर्यटकीय स्थल (गैडाताल, यशोधरा पार्क, सगरहवा ताल, तुलसीहवा ताल) मध्ये कुनै एक पर्यटकीय स्थलको भ्रमण गर्नुहोस् र प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । उक्त प्रतिवेदनमा पर्यटकीय स्थलको नाम, रहेको ठाउँ, विशेषताहरु, महत्व, विकास र संरक्षणका उपायहरुलाई समेटनुहोस् ।
3. गैडहवा गाउँपालिकाका जातजातिहरु : मगर, यादव, कुर्मी, चौधरी, थारु चौधरी, केवट, कोहार, कहार, ब्राह्मण, क्षेत्री मध्ये कुनै एक जातजाति (आफ्नो जातजाति) को वेषभुषाको बारेमा प्रतिवेदन तयार गर्नुहोस् र प्रस्तुत गर्नुहोस् ।
4. स्थाानिय स्तरमा निर्मित हस्तकलाका सामग्रीहरु जस्तै : कोदालो, खुर्पी, हँसुवा, खन्ती, खल, कुटो कोदालो, चुलेसी, खुकुरी, लोहोरो सिलौटो, ढिकी जाँतो, खलो, ओखल मध्ये कुनै एकको अवलोकन गरी नाम, निर्माणको लागि आवश्यक सामग्री, चित्र र त्यसको प्रयोग सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
5. घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य वस्तु जस्तै : गोलभेडा, टमाटर, आलु, काउली, बन्दा, कागती मध्ये कुनै एकको खेती कार्यमा सहयोग गर्नुहोस् र त्यसबाट भएको सिकाइ अनुभवलाई प्रतिवेदनमा समावेश गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
6. कृषि सम्बन्धी व्यवसायिक पेशाहरू च्याउ, गहुँ, धान, मकै मध्ये कुनै एकको खेती कार्यमा सहयोग गर्नुहोस् र यसरी खेती गर्दा तपाइँमा भएको सिकाइलाई प्रतिवेदनमा समावेश गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
7. आफ्नो घर वा विद्यालयमा खेती गरिने फलफूल : आँप, मेवा, कटर, केरा वा अन्य कुनै) मध्ये कुनै एक कार्यमा सहयोग गर्नुहोस् र त्यसबा भएको उपलब्धिलाई प्रतिवेदनमा समावेश गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
8. पशुपन्छी पालन जस्तै : मौरी, माछा, कुखुरा, बाखा, गाइ, भैसी, बंगुर मध्ये कुनै पालनमा सहयोग गर्नुहोस् । यसरी उक्त पालनमा सहयोग गर्दा के के सिकाइ अनुभव हासिल गर्नुभयो ? छोटो विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
9. स्थानीय स्तरमा प्रयोग भएका परम्परागत प्रविधिहरु खोजी गरी नाम, निर्माण गर्न चाहिने सामग्रीहरु र तिनका कार्यहरु उल्लेख गर्नुहोस् ।
10. आफ्नो समुदायमा स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीहरु के के छन् ? सोधखोज तथा अवलोकन गर्नुहोस् र ती सामग्रीको नाम, प्रयोग र उपयोगिता लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।
11. आफ्नो घर तथा विद्यालयमा  भएका करेसाबारीमा फलफूल तथा तरकारीका बिरुवा संरक्षण गर्ने कार्यमा सहभागी भई आफुले गरेका कामको विवरण तयार गर्नुहोस् ।
12. घर वरपरको खाली जमीन वा विद्यालय वा करेशाबारीमा उपयोगी बोटबिरुवाको वृक्षरोपण गर्नुहोस् । बिरुवा हुर्कनको लागि आवश्यक पर्ने तत्वहरु (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब १ महिनामा

बिरुवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तनहरु आए ? अवलोकन गरी प्राप्त विवरणहरु टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

13. कक्षाका विद्यार्थीहरुले समूहगत रुपमा विद्यालयबाट निस्कने फोहोरहरुको वर्गीकरण (कुहिने, नकुहिने, तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिकाहरु अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालयबाट निस्कने तरल, क्यान्टिनबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस ( वायु) आदिको व्यवस्थापन गर्ने तरिकाहरु प्रयोग गर्नुहोस् । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के के प्रगति भयो ? संक्षेपमा प्रतिवेदन बनाउनुहोस् ।
14. आफु रहेको स्थान वर पर घटेका विपद्हरुमध्ये कुनै एकको अवलोकन गर्नुहोस् र उक्त घटनामा भएका क्षतिहरु, त्यसबाट परेको असर र प्रभाव तथा आगामी दिनमा यस्ता विपद्का घटनाबाट कसरी बच्न सकिन्छ ? त्यसको उपायहरु लेखी प्रतिवेदन तयार पार्नुहोस् ।
15. आफ्नो घरमा बनाइने विशेष परिकार मध्ये अचार, मुरब्बा, ढिकरी (फारा), ठेकुवा, सेलो, गोभिया, दालही रोटी मध्ये कुनै एक परिकार आफैंले तयार गर्नुहोस् र निम्न पक्षहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

    (क) परिकारको नाम

    (ख) परिकार बनाउन चाहिने कच्चा पदार्थहरु

    (ग) परिकार बनाउने तरिका : चित्रसहित

    (घ) परिकारको उपभोग गर्ने तरिका

    (ङ) परिकारको फाइदा तथा महत्व

**कक्षा ५**

1. गैडहवा गाउँपालिकामा रहेका विकृति/कुरिती जस्तै दाइजो, जुवातास, चोरी, घरेलु हिंसा, मानव बेचबिखन, अस्लिल नृत्य, लैंगिक हिंसा मध्ये आफ्नो गाउँठाउमा घटेका घटनाहरुको विवरण तयार गर्नुहोस् । उक्त विकृति आइपर्नुका कारणहरु, त्यसबाट पर्ने असर र न्यूनीकरणका उपायहरुको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
2. टेम्प्लेट वा कार्बन, ट्रेसिङ वा वर्ग मध्ये कुनै एक विधिबाट गैडहवा गाउँपालिकाको नक्सा कोरी कक्षामा प्रदर्शन गर्नुहोस् ।
3. गैडहवामा भएका पर्यटकीय स्थल : शहिदपार्क, करबलहिया ताल, देउराली बाल उद्यान तथा वनभोज स्थल) मध्ये विद्यालयको नजिकमा रहेको कुनै एक स्थलको भ्रमण (समूह वा अभिभावकसँग) गर्नुहोस् र उक्त स्थलको नाम, विशेषता, महत्व, विकास र संरक्षण गर्ने तरिकालाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
4. आफ्नो घरमा बनाइने विशेष परिकार मध्ये गुलगुला, खिरपुरी, रिकवच, चोखा, चुकाउनी, बिरयानी, सेवई, जिलपी, मालपुवा, दहीचिउरा, भुजा मध्ये कुनै एक परिकार आफैंले तयार गर्नुहोस् र निम्न पक्षहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

    (क) परिकारको नाम

    (ख) परिकार बनाउन चाहिने कच्चा पदार्थहरु

    (ग) परिकार बनाउने तरिका : चित्रसहित

    (घ) परिकारको उपभोग गर्ने तरिका

(ङ) परिकारको फाइदा तथा महत्व

5. घर वा विद्यालयमा खेती गर्न सकिने बमौसमी तरकारीहरु जस्तै : टमाटर खेति, काउली खेती, कार्को खेती, करेला खेती वा अन्य मध्ये कुनै एकको खेती कार्यमा सहयोग गर्नुहोस् । यसरी सहभागी के के कार्यहरु गरियो, उपलब्धि के भयो ? के के सिकियो ? आदि विवरणहरु समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

6. नगदेबाली जस्तै : तोरी, उखु, टमाटर, आलु, प्याज, लसुन वा अन्य मध्ये कुनै एक नगदेबालीको खेती (घर वा विद्यालयमा) कार्यमा सहयोग गर्नुहोस् । उक्त खेती कार्यमा सहभागी हुँदा सिकेका अनुभवलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

7. घर वा विद्यालयमा शिक्षक वा स्थानीय विज्ञको सहयोगमा आरी, बञ्चरो, बसुला, हथौडा, कर्नी, फरुही, रुखान, दबिया, हाते बर्मा, गणासा, बेल्चा, मदानी, ठेकी, खुर्पी, किलो दाम्लो, डोण, टाटनो, चक्कु, छुरी, सुपा, चालनी, ढिकी, पिर्का लोहोरी, डेलिया, हेलुका आदि मध्ये कुनै २ प्रविधिको निर्माण कार्यको अवलोकन गर्नुहोस् । सामग्रीको नाम, चित्र, चाहिने कच्चा पदार्थ, निर्माण गर्ने तरिका, प्रयोग गर्ने तरिका आदिलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

8. स्थानीय रैथाने बालीहरू जस्तै : मकै/जौ/गहुँ मध्ये कुनै एकको खेती कार्यमा सहयोग गर्नुहोस् । उक्त कार्यमा सहयोग गर्दा के के गरियो ? के के उपलब्धि हासिल भयो ? चित्रसहित विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

9. घर वरपरको खाली जमीन, विद्यालय वा करेशाबारीमा उपयोगी औषधीजन्य वनस्पतिहरु जस्तै : तुलसी, असुरो, चिराइतो, लहटोहरा, निम, बेल, अमला, हल्दी, गिलोय (गुर्जो), भाङ, धतुरो, बकाइनो, गुमा, बेसार, अदुवा, भटकोईया, सेहुँड, घिउकुमारी, बोझो, सिउँडी, चिचिहडा, मदार, अमर बेल, तितेपाती, धतुरो, अमरबेल, तेजपत्ता, कडीपत्ता, टोप्रेझार, पुदिना, केराको बुंगो वा अन्य जडीबुटीको वृक्षरोपण गर्नुहोस् । ती वनस्पतिहरु हुर्कनको लागि आवश्यक पर्ने तत्वहरु (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब ३ महिनामा बिरुवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तनहरु आए ? अवलोकन गर्नुहोस् । ती औषधीजन्य वनस्पतिहरु के के कामको लागि प्रयोग गरिए/गर्न सकिन्छ ? विवरण तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नहोस् ।

10. घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरु : कम प्रयोग, पुनः प्रयोग र पुनः चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरु अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

11. अभिभावक वा समुदायको व्यक्तिबाट गाउँपालिकामा विगतमा भएको कुनै एक प्राकृतिक वा गैर प्राकृतिक विपत्को बारेमा जानकारी संकलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

12. गाउँपालिकाको शिक्षा वा स्वास्थ्य क्षेत्रमा विशेष योगदान गर्ने व्यक्तिले गरेका असल कार्यहरुको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

13. सोधखोज तथा अवलोकनको माध्यमबाट आफ्नो गाउँसमाज वा विद्यालय वा सामाजिक संस्थाहरु मध्ये कुनै एकले गरेका असल कार्यहरुको सूची तालिकामा तयार गर्नुहोस् । साथै असल कार्यहरु मध्ये आफूले गर्न सक्ने कार्य छनोट गर्नुहोस् ।

**कक्षा ६**

1. गैडहवा गाउँपालिकाको नक्सा कोर्नुहोस र यस गाउँपालिका भित्र रहेका मुख्य मुख्य स्थान (विद्यालय, मन्दिर, नदी, खोला, बाटो) लाई नक्सामा संकेत गर्नुहोस् ।
2. गाउँपालिकामा रहेका स्वास्थ्य संस्था वा अस्पतालको भ्रमण (विद्यार्थीको समूह वा अभिभावकसँग) गर्नुहोस् । उक्त संस्था वा अस्पतालबाट प्रदान गरिने स्वास्थ्यासम्बन्धी सेवाहरुको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
3. गैडहवामा भएका धार्मिक सम्पदा र पर्यटकीय तथा सार्वजनिक स्थलहरु जस्तै : हनुमान मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, मस्जिद, मन्ठधारी बाबा मन्दिर, चन्चाई माई, भैसासुर थान, समयमाइ थान, देवीनगर खेलमैदान, हसनापुर खेलमैदान, यशोधारा पार्क, महेन्द्रनगर खेलमैदान, गैडाताल, यशोधरा पार्क, सगरहवा ताल, तुलसीहवा ताल मध्ये कुनै दुई स्थलको भ्रमण गर्नुहोस् र देखिएका तथा जानकारी हासिल गरेका पक्षहरुलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न गर्नुहोस् ।
4. आफ्नो घरमा कुन कुन पुजापाठहरु कुन समय र तिथिमा कसरी गरिन्छ ? समग्र विवरण समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
5. गैडहवा गाउँपालिकाका चाडपर्वहरु : दशैं, तिहार, तिला संक्रान्ति, लक्ष्मी पूजा, कृष्ण जन्माष्टमी, रामनवमी, माघे संक्रान्ती, फगुवा पर्व (होली), छैठ पर्व, सोमबारी, ईद, बकरिद, बड्की आइतवार, एकादशी मध्ये कुनै एकको बारेमा थाहा भएका (अभिभावक वा समुदायको अन्य थाहा भएको व्यक्ति) सँग विवरण संकलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
6. मौरी, कुखुरा, टर्की, माछापालन मध्ये कुनै एक पालनमा सहयोग गर्नुहोस् । उक्त पालन सम्बन्धी सम्पूर्ण विवरण (पालनको नाम, पालन गर्ने तरिका, पालन गर्दा ध्यान दिनुपर्ने पक्षहरु, त्यसबाट हुने फाइदा आदि) लाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
7. कम्पोष्ट मल बनाउने तरिका अनुसार घर तथा विद्यालय (सामूहिक) मा कम्पोस्ट मल तयार गर्नुहोस् र पुष्पखेती, बालीनाली, फलफूलखेतीमा प्रयोग गर्नुहोस् । यो कार्य गर्दा गरेका सम्पूर्ण अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
8. मकै, गहुँ मध्ये कुनै एक, दलहन बाली जस्तै : आलस, बदाम, सूर्यमुखी, मास, मसुरी, सिमी मध्ये कुनै एकको खेती गर्नुहोस् । उक्त खेती गर्दा गरिएका कार्यहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
9. तरकारी खेती (जस्तै : तोरी, करेला, फर्सी, आलु खेती, धनियाँ आदि मध्ये कुनै एक, फलफूल खेती जस्तै : आँप खेती, अंगुर खेती, अनार खेती, केरा खेती मध्ये कुनै एकको खेती गरी सिकाइका अनुभवहरु समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् । स्थानिय व्यवसाय तथा परम्परागत हस्तकलाका सामग्रीहरु : लोहोरो सिलौटो, ढिकी जाँतो, खलो, ओखल मध्ये कुनै एक व्यवसाय, हस्तकलाको सामग्री बनाई प्रदर्शन गर्न गर्नुहोस् ।
10. विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस् । नर्सरीबाट उत्पादित बेर्नाहरुलाई खाली ठाउँमा रोप्नुहोस् । कक्षाका विद्यार्थीहरु समूहगत रुपमा विभिन्न समूहमा बाँडिनुहोस् र बेर्ना हुर्कनाको लागि आवश्यक वस्तुहरुको नियमित रुपमा प्रवाह गर्नुहोस् । करिब २।३ महिनामा उक्त बेर्नाहरुको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरु र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

11. घर वरपरको खाली ठाउँ वा कौषी वा बरण्डामा सागसब्जी तथा दैनिक रुपमा घरमा प्रयोग गर्न सकिने अन्य वनस्पति खेती गर्नुहोस् । नियमित रुपमा उक्त सागसब्जी तथा वनस्पतिको उत्पादन हुन आवश्यक पर्ने वस्तुहरु (पानी, मल, गोडमेल) प्रदान गर्नुहोस् । उत्पादित वस्तुहरु उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्रा वितरण गर्नुहोस् । यी सबै कार्यहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
12. समुदायमा विपत् व्यवस्थापन सम्बन्धि सचेतनामूलक कार्यक्रम तय गरी उक्त कार्यक्रम संचालन गर्नुहोस् । यसरी क्रियाकलाप गर्दा के के उपलब्धि हासिल भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
13. गाउँपालिकाको सामाजिक तथा अन्य क्षेत्रमा योगदान पुर्‍याएका समाजसेवी मध्ये कुनै एकको बारेमा परिचय र योगदानको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
14. विद्यालयमा स्थापना भएका बाल क्लबको परिचय, भूमिका तथा कार्यहरुको विवरण तयार गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
15. बाल क्लबले गर्ने विभिन्न कार्यहरु मध्ये विद्यालयमा कुनै एक कार्यक्रम (चरित्र निर्माण, असल मूल्य मान्यताको विकास र कुरिती, कुप्रथा, भेदभाव, हिंसा हटाउने कार्य) संचालन गर्नुहोस् र गरिएका कार्यहरुको विवरणहरु तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**कक्षा ७**

1. स्वतन्त्र, कार्बन, टेम्लेट, वर्गाकार आदिमध्ये कुनै विधिबाट रुपन्देही जिल्लाको नक्सा कोर्नुहोस् । उक्त नक्सामा आफ्नो गाउँपालिका र मुख्य मुख्य स्थान बाटो, नदी, धार्मिक स्थल संकेतका माध्यमबाट नक्सामा देखाउनुहोस् ।
2. विद्यालयमा कक्षा ७ का विद्यार्थीहरुमध्येबाट छोराछोरीबिच हुने लैङगिक भेदभाव हटाउने सम्बन्धमा वक्तृत्वकला संचालन गर्नुहोस् । यस किसिमको कार्यक्रम गर्दा के के कुराहरु सिकियो ? सामूहिक प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
3. गैडहवा गाउँपालिकाका धार्मिक सम्पदा र पर्यटकीय तथा ऐतिहासिक स्थल (कालीमाई थान, रामजानकी मन्दिर, जोगेश्वर महादेव मन्दिर, राधाकृष्ण मन्दिर, चर्च, मलवरदेवी थान, कोटहीमाइ थान, गणेश मन्दिर, कालिमाता मन्दिर, मणयै चौधरी मन्दिर, सन्तघाट, शान्तीबजार खानेपानी, सालघारी खानेपानी, बालउद्यान, शहिदपार्क, करबलहिया ताल, देउराली बाल उद्यान तथा वनभोज स्थल) मध्ये कुनै दुई स्थलको भ्रमण गरी नाम, पृष्ठभूमि, अवस्था, महत्व, संरक्षण र प्रबर्धनका उपायहरु समेटी भ्रमण प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।
4. गैडहवा गाउँपालिकाका चाडपर्व : तिनछठ्ठी, करवा चौथ, एकादशी व्रत, मोहर्रम, नागपञ्चमी, रक्षावन्धन, कार्तिक पूर्णिमा नाहनको मेला, रामलिला, दुर्गापुजा, लक्ष्मी पुजा, देउराली भुमी पुजा, कुलान पुजा, तीजमेला, क्रिसमस डे, बौद्ध पूर्णिमा आदि मध्ये कुनै एकको विस्तृत विवरण (नाम, क्रियाकलाप, महत्व आदि) तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
5. बाखा, सुँगुर, बंगुर, खरायो मध्ये कुनै एउटाको पालनमा सहभागी हुनुहोस् र पालन गर्दा गरेका समग्र पक्षलाई समेटी प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।
6. अन्नबाली (धान (कालानिमक, लोकल साभा मन्सुरी, अनदी), नगदेबाली (अदुवा, बेसार, ऊखु खेती, तोरी, भिण्डी, खुर्सानी), तरकारी खेती (बन्दागोबी, फूलगोबी, टमाटर, भन्टा, कर्कलो, रायोसाग, पर्बल,

लौका, भिण्डी), फलफूल खेती (बयर, लिची, अम्बा, मेवा, कागती, कटहर, अमला, सलगम, काँक्रा) मध्ये एउटा अन्नबाली, एउटा नगदेबाली, एउटा तरकारी खेती र एउटा फलफूल खेती गर्ने कार्यमा पूर्णरुपमा सहयोग गर्नुहोस् र यसको प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

7. स्थानिय व्यवसाय तथा परम्परागत हस्तकलाका सामग्रीहरुको निर्माण जस्तै : कोदालो, खुर्पी, हँसुवा, खन्ती, खल, कुटो कोदालो, चुलेसी, खुकुरी, बसुला, हथौडा मध्ये कुनै दुईओटाको परिचय, प्रयोग गर्ने तरिका, प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु, प्रयोगबाट हुने फाइदाहरुलाई समेटी अनुभवसहितको प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
8. गड्यौला मल बनाउने विधिअनुसार घरमा वा विद्यालयमा गड्यौला मल बनाउने कार्यमा सहभागी हुनुहोस् । तयार भएको गड्यौला मललाई प्रयोग गर्ने विधिअनुसार तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
9. घर तथा विद्यालयमा करेसाबारी/बगैँचा निर्माण गरी वा कौसी वा वरण्डा वा गमलामा तरकारी खेती/पुष्पखेती/फलफूल खेती गर्नुहोस् । यसबाट उत्पादित वस्तुहरु, तिनीहरुको उपयोग, भएको फाइदा सम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
10. हरित घरको अवधारणाअनुसार घर वरपरको खाली ठाउँमा उपयोगी हुने वनस्पति रोप्नुहोस् । उक्त वनस्पति हुर्कनाको लागि आवश्यक पर्ने तत्वहरु नियमितरुपमा प्रदान गर्नुहोस् । वनस्पति हुर्केको अवस्थाको चित्र वा भिडियो तयार गरी कक्षामा देखाउनुहोस् ।
11. कक्षाका विद्यार्थीहरु पाँच समूहमा विभाजन हुनुहोस् र समूहगत रुपमा हरित विद्यालयको अवधारणाअनुसार विद्यालय वरपरको खाली ठाउँमा उपयोगी हुने वनस्पति रोप्नुहोस् । उक्त वनस्पति हुर्कनाको लागि आवश्यक पर्ने तत्वहरु नियमितरुपमा प्रदान गर्नुहोस् । वनस्पति हुर्केको अवस्थाको चित्र वा भिडियो तयार गरी कक्षामा समूहगत रुपमा प्रस्तुत गर्नुहोस् ।
12. स्थानीय स्तरमा भएका संघ संस्थाहरुको नाम र ती संस्थाहरुले विपद् व्यवस्थापनमा गर्न सक्ने भूमिका तालिकामा प्रस्तुत गनुहोस् ।

| क्र.सं | संघ संस्थाको नाम | संघ सस्थाको भूमिका |
|---|---|---|
| १ | रेडक्रस | |
| २ | | |
| ३. | | |
| ४. | | |
| ५ | | |
| ६ | | |
| ७ | | |

13. स्थानीय स्तरमा घटेको कुनै एक विपद् र त्यसको व्यवस्थापन गर्न गरिएका कार्यहरुको सम्बन्धमा घरका अभिभावक वा समुदायका व्यक्तिसँग सोधखोज गरी विवरण तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
14. गैडहवा गाउँपालिकाको विभिन्न क्षेत्रमा विशेष योगदान पुर्‍याएका ख्याति प्राप्त व्यक्तिहरुको जीवनी तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
15. स्काउटले गैडहवा पालिकामा गरेका कार्यहरु (स्वास्थ्य, खोप, जेष्ठ नागरिकलाई सहयोग, अपांगता भएका नागरिकलाई सहयोग, सामाजिक, नैतिक, बौद्धिक आदि) सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

कक्षा ८

1. लुम्बिनी प्रदेशको नक्सा निर्माण गरी रुपन्देही जिल्ला, गैडहवा गाउँपालिकाका मुख्य मुख्य ठाउँलाई नक्सामा भरी कक्षामा प्रदर्शन गर्नुहोस् ।
2. गाउँपालिकाबाट प्राप्त हुने सेवाहरु (शिक्षा, खेलकुद, स्वास्थ्यलगायत) को विवरणलाई चार्टमा प्रस्तुत गरी कक्षामा टाँस गर्नुहोस् ।
3. घरमा पालन गर्न सकिने जनावरहरु : गाईपालन, भैसीपालन मध्ये कुनै एकको पालनमा सहभागी हुनुहोस् र पालन गर्ने तरिका, ध्यान दिनुपर्ने पक्षहरु, महत्वबारेमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
4. किटनासक विषादीको प्रयोगलाई घटाई जैविक विषादीको प्रयोग गर्ने कुनै ५ ओटा तरिका लेखी विद्यालयको पाटीमा टाँस गर्नुहोस् ।
5. अन्नबाली (जौं र जुनेलो), नगदेबाली (मसला, लसुन खेती, प्याज खेती, सजीवन खेती, खिरा खेती, कटहर) मध्ये एउटा अन्नबाली र एउटा नगदेबालीको खेती (विद्यालय वा घरमा) गर्नुहोस् । यसरी खेती गर्दा गरिएका सम्पूर्ण अनुभवलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
6. तरकारी : रवर, खेक्सी, चिचिण्डो, तरोई, घुइया– बण्डा, पिँडालु, प्याज, लसुन, निउरो, आदि) फलफूल खेती : खरबुजा/तरबुजा, जामुन, कागती, भोगटे, गाजर, चुकन्दर, कदम, बेल, ड्र्यागन, कुसुम, आतँ, बडहर, महुँवा, तरुल, सखरखण्ड आदि) खेती मध्ये कुनै एक तरकारी र एक फलफूल खेती गर्नुहोस् र यसरी खेती गर्दा आवश्यक पर्ने औजारहरु, खेती गर्ने तरिका, भण्डरण गर्ने तरिका, उपयोग गर्ने तरिका र बजारीकरण गर्ने तरिकालाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
7. स्थानिय परम्परागत हस्तकला सामग्री : कर्नी, फरुही, रुखान, दबिया, हाते बर्मा, गणासा, बेल्चा, मदानी, ठेकी, खुर्पी, किलो दाम्लो, डोण, टाटनो, चक्कु, छुरी, सुपा, चालनी, ढिकी, पिर्का लोहोरी, डेलिया, हेलुका आदि मध्ये कुनै दुईको प्रयोग गर्नुहोस् । उक्त प्रयोग गरिएको प्रविधिको परिचय, निर्माण गर्ने तरिका, प्रयोग गर्ने तरिका, फाइदा तथा महत्व सम्बन्धी विवरण तयार गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
8. घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको प्रयोग गरी विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाउनुहोस् । आवश्यकताअनुसार उक्त तयारी मललाई तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
9. कक्षाका विद्यार्थीहरु समूहमा विभाजन हुनुहोस् र मल बनाउने विभिन्न विधिमध्ये विद्यालयबाट निस्कने कुहिने फोहोरको प्रयोगबाट विन कम्पोष्टिङ वा पिट कम्पोष्टिङ मध्ये कुनै एक विधिबाट मल तयार गर्नुहोस् र आवश्यकताअनुसार करेसाबारी, पुष्पखेती, जडीबुटी खेती वा अन्य खेतीमा प्रयोग गर्नुहोस् ।
10. आकासे पानी संकलन गर्ने विधिअनुसार विद्यालयका सम्बन्धित विषयका शिक्षकलाई अनुरोध गर्नुहोस् र आकाशे पानी संकलन गर्नुहोस् । संकलित पानीलाई आवश्यकताअनुसार सरसफाइ गर्न, सिँचाइ गर्न प्रयोग गर्नुहोस् । यस किसिमको कार्य गर्दा हुने फाइदाहरुको सम्बन्धमा विवरण तयार गरी प्रतिवेदन तयार गर्नुहोस् ।

11. पाँच समूहमा कक्षाका विद्यार्थीहरु विभाजन हुनुहोस् । तपसिलका कार्यहरु तपसिलका समूहले सम्पन्न गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

| **समूहको नाम** | **समूहले गर्नुपर्ने कार्यहरु** |
|---|---|
| ऊर्जा समूह | विद्यालयमा प्रयोग भएका ऊर्जाका प्रकार (सौर्य ऊर्जा, विद्युत आदि), ऊर्जाको प्रयोग (सिकाइ, प्रशासनिक कार्य, कम्प्युटर सञ्चालन आदि) |
| पानी समूह | विद्यालयमा प्रयोग भएको पानीको स्रोतहरु (धारा, कुवा, इनार, आकाशे पानी आदि), पानीको प्रयोग (सिँचाइ, पिउने, सफाइ गर्ने वा अन्य), पानीको संरक्षणका कार्यहरु |
| सरसफाइ समूह | विद्यालयको खेलमैदान, कक्षाकोठाको सरसफाइ आदि |
| फोहोरमैला व्यवस्थापन समूह | विद्यालयबाट निस्कने फोहोरको प्रकार (कुहिने, नकुहिने, तरल, ग्याँस वा अन्य), फोहोरमैला व्यवस्थापनका उपायहरु |
| सिकाइ व्यवस्थापन समूह | बँगैचाका, करेसाबारी, ऊर्जा (सौर्य, पानी) मा सिकाइको लागि प्रयोग |
| हरियाली प्रवर्धन समूह | 12. वृक्षरोपन, पुष्पखेती, जडीबुटी खेतीको कार्य |

13. इको क्लबको गठन गर्नुहोस् । इको क्लबले गर्ने कार्यहरुको चार्ट तयार गर्नुहोस् । कक्षा ८ का विद्यार्थीहरु ५ समूहमा बाँडिनुहोस् । हरित विद्यालय निर्माण (पानीको व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, सरसफाइ व्यवस्थापन, ऊर्जा व्यवस्थापन र हरियाली प्रवर्धन) मा सहयोग गर्नुहोस् । ३।३ महिनामा इकोक्लबले गरेका कार्यहरुको प्रगति समीक्षा गर्नुहोस् ।
14. गैडहवा गाउँपालिका क्षेत्रभित्र विगत ३ वर्षदेखि मुख्यतः के कस्ता विपद्हरु आइपरेका छन् ? यसबारे समुदायमा भएका अग्रज व्यक्तिसँग सोधखोज गरी यसका कारण तथा रोकथामका लागि भएका प्रयासहरुको सूची बनाइ कक्षामा प्रस्तुत गनुहोस् ।
15. सामूहिक रुपमा आफ्नो समुदायमा भएका सहकारी संस्थाहरुको भ्रमण गर्नुहोस् र ती संस्थाहरुले समुदायको आर्थिक विकास समुदायको जीवन स्तरमा पारेको प्रभावहरुबारे प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।
16. आफ्नो गाउँपालिका तथा जिल्ला भित्रका समाजसेवी व्यक्तिहरुले गरेका कार्यहरुको सूची तालिकामा तयार गर्नुहोस् र ती असल कार्य मध्ये आफूले गर्न सक्ने कार्य छनोट गरी तलको तालिकामा भरी कार्यान्वयन गर्नुहोस् ।

| **क्र.स.** | **समाजसेवी व्यक्तिको नाम** | **असल कार्यहरु** | **आफूले गर्न सक्ने कार्यहरु** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

## ७. सिकाइ सहजीकरण विधि र प्रक्रिया

### (क) कक्षा १-३

सिकाइ सहजीकरणलाई एक जीवन्त प्रक्रिया तथा रक्तसञ्चार प्रक्रियाको रुपमा लिइन्छ । पाठ्यक्रममा निर्धारण गरिएका सिकाइ उपलब्धि हासिल गराउने मुख्य तत्वको रुपमा सिकाइ सहजीकरण प्रक्रियालाई लिइन्छ । यस पाठ्यक्रममा राखिएका विषयवस्तु मात्रै पर्याप्त होइनन् । स्थानमा आधारित र सन्दर्भीकृत ढाँचामा यो पाठ्यक्रम बनेको हुनाले कुनै थिममा राखिएका विषयवस्तु तथा पाठको शिक्षण गर्दा यथासक्य दैनिक जीवनका विभिन्न घटनाक्रमलाई जोडेर सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । यसमा पाठ्यक्रमले विद्यार्थीहरुबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न/गराउन शिक्षक तथा विद्यार्थीहरुले गर्ने सम्पूर्ण क्रियाकलापहरु सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन् । एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्यांकन गर्ने गरी विद्यार्थी मूल्यांकनको खाका तय गरेको छ । दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा मूल्यांकनलाई प्रयोग गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रमले उल्लेख गरेकाले सोही बमोजिमका सिकाइ क्रियाकलापहरु अवलम्बन गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रमले सिकाईलाई प्रभावकारी र दिगो बनाई उनीहरुको स्थानीय विषयवस्तु र आवश्यकताअनुसारको ज्ञान, सिप र अभिवृत्तिको विकासको सुनिश्चितताको अपेक्षा गरेको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तरक्रियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि र रणनीतिहरुको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यस अनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरुलाई शैक्षणिक सामग्रीको रुपमा प्रयोग गर्नु पर्छ । समयको माग बमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनु पर्छ र वेभमा आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रुपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सिपको विकास गरी आवश्यकताअनुसार प्रविधिका साधनहरुको प्रयोग गर्नुपर्ने हुन्छ ।

कक्षा १-३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरुलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार स्थानीय विषयका क्षेत्रहरु र अन्य विषयहरु (नेपाली, अंग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तुहरु सहजीकरण गर्दा आवश्यकताअनुसार स्थानीय विज्ञहरुको ज्ञान र सिपलाई उपयोग गर्न उहाँहरुलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सिपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नु पर्ने छ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनु पर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तुहरु विद्यार्थीहरुको आफ्नै सेरोफेरोका रहेकाले सैद्धान्तिक भन्दा प्रयोगात्मक तरिकाले सिकाइ सहजीकरण गर्नेमा शिक्षकले ध्यान दिनुपर्ने हुन्छ । स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रितीरिवाज, पेसा, व्यवसाय, प्रविधिहरुको प्रयोग, संरक्षण, विकास गर्न स्वयम् विद्यार्थीहरुको प्रत्यक्ष उपस्थिति भएपछि मात्र उक्त विषयवस्तुहरुको ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ । सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारहरुलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाहरुले, अनुभव, खोज, चिन्तन, तर्कद्वारा सिकारुको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रुपान्तरण गर्न सहयोग गर्नुपर्छ ।

**यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नु पर्ने छ :**

- कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यस अन्तर्गत बहुविषयक (विषयहरु अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तरविषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुहरुमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्तअनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नुपर्ने छ ।
- पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरल देखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरुप एकीकृत सिकाइका लागि शिक्षकले एकिकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरुसँग समेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।
- कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरुको धारणा विकासमा सहयोग पुर्‍याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्ने छ ।
- सिकाउनु पर्ने विषयवस्तु/धारणालाई उनीहरुको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढंगले प्रस्तुत गर्नुपर्ने छ ।
- मनोरञ्जनपूर्ण सिकाईका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ ।
- बालबालिकाको दिगो सिकाईका लागि उनीहरुलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफै सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरुमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको विषयवस्तुहरुले स्थानीयतासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारुलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनु पर्ने छ ।
- सिकारुहरुले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरु एक आपसमा आदानप्रदान गरी सहपाठीहरुको सहयोग र सहकार्यमा सिक्न तरिकाहरु अवलम्बन गर्नुपर्ने छ ।
- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्व सिप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा लोड गर्ने, यस्तै चित्रहरु सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरुमा सहभागी गराउनुपर्ने छ ।
- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न तथा युग सापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरु, विद्युतीय सामग्रीहरु तथा वेभमा आधारित सामग्री र विधिहरुलाई सकेसम्म प्रयोग गर्ने कोशिस गर्नुपर्ने छ ।

## कक्षा ४-८ को सिकाइ सहजीकरण विधि र प्रक्रिया

गैडहवा गाउँपालिकाभित्रका सबै वडाहरुका स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटी यस पाठ्यक्रममा विषयवस्तुहरु राखिएको हुँदा उक्त विषयवस्तुको व्यावहारिक ज्ञान, सिप र अभिवृत्ति विकास लागि कक्षाभित्र वा बाहिर आफ्नो घर, समुदाय, संघसंस्था, धार्मिक स्थल, पेसा र व्यवसायस्थल, वन सम्पदा, जलसम्पदामा भ्रमण गरी पञ्चज्ञानेन्द्रीयद्धारा प्रत्यक्ष अवलोकन तथा प्रयोग गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गर्ने गरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ । पाठ्यक्रममा विषयवस्तु तथा सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, नमुना निर्माण, प्रयोग, फोटो जस्ता रोचक वस्तुहरू मार्फत् अपेक्षित उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ । विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु सिकाउँदा जीवन्त सिकाइ वातावरण तयार गर्नु पर्दछ । यसका लागि शिक्षण सिकाइको विधि, पद्धति तथा उपागमलाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित गर्दै प्रयोगात्मक क्रियाकलापबाट गरेर सिक्ने अवस्थाको सुनिश्चितता गर्नु पर्दछ । अझ स्थानीय विषय स्थानीय परिवेश, सन्दर्भ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढि नजिक तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइ मार्फत बालबालिकाहरुमा पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन प्रयत्नशील रहनुपर्छ ।

आधारभूत तहको कक्षा ४ देखि ८ सम्म राखिएका विषयवस्तुहरु सहजीकरण गर्न निम्न विधि र तरिकाहरुको प्रयोग गर्न सकिने छ ।

| क्र.स. | शिक्षण विधि | प्रयोग गर्न सकिने विषयवस्तुहरु |
|---|---|---|
| १ | प्रयोगात्मक विधि | गरेर सिक्ने क्रियाकलापहरु यस विधि अन्तर्गत पर्दछन् । जस्तै : बिरुवा तथा जनावरको हेरचाह, वृक्षरोपन, पशुपालन, पंक्षीपालन, तरकारी खेती, गायन, वादन, नृत्य, अभिनय, हस्तकला र चित्रकलाद्धारा प्रदर्शन आदि । |
| २ | अवलोकन र परियोजना विधि | गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ । जस्तै : स्थानीय सेवाहरुको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रीयहरुको प्रयोग द्धारा सिक्ने क्रियाकलापहरु यस अन्तर्गत पर्दछन् । |
| ३ | क्षेत्र भ्रमण विधि | कक्षाकोठा बाहिर रहेका वस्तुहरुको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तै : धार्मिक स्थल, वन, पोखरी, ताल, खेती, पालन आदि । |
| ४ | छलफल विधि | कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रुपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्व, संरक्षण गर्ने उपायहरु, धार्मिक सम्पदानको संरक्षणका उपायहरु, बालबगैंचाको महत्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरु आदि । |
| ५ | समस्या | कुनै समस्या दिई समाधानको लागि उपायहरु पहिचान गरी समाधान गर्ने कार्य यस |

| | | |
|---|---|---|
| | समाधान विधि | विधिमा गरिन्छ । जस्तो : पुष्प खेती गने, बासको चोयाबाट डालो बुन्ने, मकैको प्वाखबाट चकटी बुन्ने, वृक्षरोपण गर्ने, सरसफाइ गर्ने आदि । |
| ६ | प्रश्नोत्तर | जुन सुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्रभ्रमण वा कक्षा कार्य वा समूह कार्य गराउँदा, विषयवस्तुको प्रस्तुती अघि, प्रस्तुतीकरणको समय र अन्तमा, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । |
| ७ | घटना अध्ययन, मामला अध्ययन | वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाइ प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । बाढी, पहिरो, आगलागी, चट्यांग, तरकारी खेती, कुखुरापालन आदि । |
| ८ | प्रदर्शन विधि | कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो । सामग्रीको अभाव भएको बेला शिक्षकले वस्तु वा चित्र प्रदर्शन गरेर सिकाउने गर्दछन् । जस्तै : बराहताल गाउँपालिकाको नक्सा आदि । यसमा श्रव्यदृश्य सामग्रीको प्रदर्शन समेत पर्दछ । जस्तै : तरकारी खेती, पशुपालन, कुखुरापालको भिडियो आदि । |
| ९ | सोधखोज विधि | विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ । |
| १० | कथाकथन विधि | विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ । |

माथि उल्लेख गरिएका विधिहरुका अलावा विषयवस्तुको प्रकृतिअनुसार अन्य विधिहरुको समेत प्रयोग गर्न सकिन्छ । विधिहरुको साथै विद्यार्थीको सिकाइलाई थप आकर्षक, तार्किक, समालोचनात्मक, सहभागितात्मक बनाउन विभिन्न रणनीति तथा तरिकाहरुको प्रयोग गर्न सकिन्छ । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

अ) मष्तिष्क मन्थन (आ) जिग्सअ (इ) सोच-जोडीमा छलफल-आदान प्रदान (ई) जोडीमा पढाइ र जोडीमा सारांश (उ) संक्षिप्त लेखन ऊ) मान्यता (ए) घुलमिल/स्थिर/जोडी

## ८.विद्यार्थी मूल्याङ्कन

## (क) कक्षा १–३ मा विद्यार्थी मूल्याङ्कन

आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा १–३) (एकीकृत पाठ्यक्रम), २०७६ ले सिकाइका लागि मूल्यांकन लाई जोड दिएको छ । जसअनुसार शिक्षण सिकाइ प्रक्रियाकै एउटा अभिन्न अङ्गका रूपमा विद्यार्थीको नियमित रुपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे गाउँको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्नुपर्ने हुन्छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरुलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे गाउँको एकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठा र आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ ।

### (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य गाउँ कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कायको सही तरिकाले मूल्याङ्कन गर्ने साधन (Tools of Authentic task) समावेश गर्नु उपयुक्त हुने छ ।

### (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे गाउँको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरु अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गर्न सकिन्छ ।

(इ) **विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| **उपलब्धिस्तर** | **मापन** | **उपलब्धिस्तरको सामान्य व्याख्या** |
|---|---|---|
| सामान्यस्तरभन्दा कम (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

### (ई) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :

- प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फायलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिल मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश गाउँ उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग सकिन्छ :

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन
- अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधाार गर्न

विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फाराम

1= मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

2= हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दम बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

3= सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गनुपर्छ ।

4= सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

5= विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

**उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :**

| **क्र.स.** | **उपलब्धि प्रतिशत** | स्तरीकृत अङ्क | **अक्षरमा उपलब्धिस्तर** | **उपलब्धि स्तरको व्याख्या** |
|---|---|---|---|---|
| १ | **९० र सोभन्दा माथि** | ४.० | A+ | **सर्वोत्तम** (Outstanding) |
| २ | **८० र सोभन्दा माथि ९० भन्दा कम** | ३.६ | A | **अत्युत्तम** (Excellent) |
| ३ | **७० र सोभन्दा माथि ८० भन्दा कम** | ३.२ | B+ | **उत्कृष्ट** (Very Good) |
| ४ | **६० र सोभन्दा माथि ७० भन्दा कम** | २.८ | B | **उत्तम** (Good) |
| ५ | **५० र सोभन्दा माथि ६० भन्दा कम** | २.४ | C+ | **सन्तोषजनक** (Satisfactory) |
| ६ | **४० र सोभन्दा माथि ५० भन्दा कम** | २.० | C | **ग्राह्य** (Acceptable) |
| ७ | **३५ र सोभन्दा माथि ४० भन्दा कम** | १.६ | D | **आधारभूत** (Basic) |
| ८ | **३५ भन्दा कम** | - | NG | **अवर्गीकृत** (Not Graded) |

**६. कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषयक्षेत्रगतसमग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :**

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

## स्थानीय विषयको थिमगत उपलब्धि विवरण
## मूल्याङ्कन अभिलेखीकरण फाराम
## विद्यार्थी मूल्याङ्कन मापनका आधार

वर्तमान पाठ्यक्रमले सिकाइ उपलब्धि हासिल भए नभएको आधारमा विद्यार्थीले गरेका कार्यहरुको लेखाजोखा गरी प्राप्त उपलब्धिको अंकन गर्ने र यसको आधारमा उपलब्धि प्रतिशत पत्ता लगाउने कार्यलाई जोड दिएको छ । प्रत्येक सिकाइ उपलब्धिको अधिकतम स्तरमा ४ अंक प्रदान गर्ने प्रावधान रहेको छ । यसको लागि विद्यार्थीको सिकाइ स्तरको मापन १, २, ३ वा ४ गरी विषयक्षेत्र अर्थात् थिमममा उल्लिखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपब्धिस्तरको अङ्क चढाउनुपर्छ । सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अंकन महलमा चढाउनुपर्छ । फारामको कैफियत महलमा उल्लिखितबाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुपर्छ । अभिलेख फारममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चारओटा सूचक निर्धारण गरिएको हुनाले पुरा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ ।

थिमगतरुपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षा कार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ । तपसिलका फाराममा केही सम्भाव्य साधनमात्र उल्लेख गरिएका छन् । यी बाहेक कुन साधनद्धारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात र थप सहायता पश्चात । थिमअन्तर्गत रहेको प्रत्येक सिकाइ उपलब्धिसँग सम्बन्धित पाठ वा क्रियाकलाप सञ्चालन पश्चात मूल्यांकन गरी मूल्यांकन गरिएको मिति र अंक चढाउनुपर्छ । नियमित सिकाइ पश्चात कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायता पश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखित गर्नुपर्छ । थप सहायता गर्दा जुन विद्यार्थीको उपलब्धिस्तर १, २ वा ३ अंक प्राप्त गरे ती विद्यार्थीलाई बढी सहयोग गर्ने, अभिभावकलाई जानकारी दिई सहयोग गर्न लगाउने, कक्षाका ४ अंक प्राप्त गरेका विद्यार्थीलाई सहयोग गर्न लगाउने जस्ता क्रियाकलापहरु गर्न सकिन्छ ।

# अनुसूची १ स्थानीय विषयको थिमगत उपलब्धि विवरण
## मूल्याङ्कन अभिलेखीकरण फाराम : कक्षा १

**विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

### १. गैडहवा गाउँपालिकाको परिचय

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनको साधन** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
| 1. गाउँपालिकाको परिचय दिन | | | | | |
| 2. गैडहवा गाउँपालिकालाई चित्रमा पहिचान गर्न | | | | | |
| 3. गैडहवा गाउँपालिकाको सिमाना छुट्याउन | | | | | |
| 4. वडा कार्यालयको चित्र पहिचान गर्न | | | | | |
| 5. वडामा रहेका विद्यालय र स्वास्थ्य चौकी वा सेवा केन्द्रहरु पहिचान गर्न | | | | | |
| 6. सफा पिउने पानी, बिजुली, यातायात र सञ्चारको पहिचान गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### २. गैडहवाका सम्पदाहरु

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनको साधन** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
| 1. गैडहवा गाउँपालिकाको धार्मिक स्थलहरुको पहिचान गर्न | | | | | |
| 2. आफूले बोल्ने भाषा र जात पहिचान गर्न | | | | | |
| 3. स्थानीय गीत (होली गीत) गाउने कार्यमा सहभागी हुन | | | | | |
| 4. स्थानीय लोकगीतमा सामान्य नृत्य (झिझिया) अभ्यास गर्न | | | | | |
| 5. आफ्नो घर तथा छिमेकमा मनाइने चाडपर्वमा गरिने सामान्य क्रियाकलाप बताउन र सहभागी हुन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

३. गैडहवाका स्थानीय पेसा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. आफ्नो अभिभावकले गर्ने पेसा तथा व्यवसायको नाम बताउन | | | | | |
| 2. आफ्नो घरमा वर्षभरिमा उत्पादन हुने बालीनालीको नाम भन्न | | | | | |
| 3. घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली, फलफूलको चिनारी दिन | | | | | |
| 4. घरमा उत्पादित वस्तु बिक्री गर्ने स्थान बताउन | | | | | |
| 5. आफ्नो घर र छरछिमेकमा प्रयोग हुने स्थानिय प्रविधिहरुको पहिचान गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

४. **स्वस्थ जीवन, नैतिकता र जीवनोपयोगी सिप**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. स्वस्थ जीवनको लागि पशुजन्य पोषणको पहिचान गर्न | | | | | |
| 2. स्वस्थ जीवनको लागि स्थानीय अन्न/खाद्यको पहिचान गर्न | | | | | |
| 3. स्थानीय खेलको पहिचान र अभ्यास गर्न | | | | | |
| 4. व्यक्तिगत सरसफाइ गर्ने तरिका बताउन र सरसफाइ गर्न | | | | | |
| 5. घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग गर्न | | | | | |
| 6. घरायसी सामानको जतन गर्ने तरिका बताउन र उक्त कार्यमा सहभागी हुन | | | | | |
| 7. ठिक तरिकाले उठ्ने, बस्ने र कुरा गर्ने तरिका अभ्यास गर्न | | | | | |
| 8. दैनिक जीवनमा प्रयोग हुने सामानको नाम बताउन | | | | | |
| 9. आफ्ना दौतरीहरुसँग मिलिजुलि बस्ने अभ्यास गर्न | | | | | |
| 10. राम्रो, नराम्रो, असल, खराब बानी व्यवहारहरु पहिचान गर्न | | | | | |
| 11. आफु बस्ने ठाँउ तथा कोठाको सरसफाइ गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**५. गैडहवाको वातावरण**

<table>
<tr><th rowspan="2">सिकाइ उपलब्धि</th><th rowspan="2">मूल्याङ्कनको साधन</th><th colspan="2">नियमित पढाइपछिको मूल्याङ्कन</th><th colspan="2">थप सहायतापछिको मूल्याङ्कन</th></tr>
<tr><th>मिति</th><th>अङ्कन</th><th>मिति</th><th>अङ्कन</th></tr>
<tr><td>1. घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम बताउन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>2. घर तथा विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरूको नाम बताउन र चिनारी दिन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>3. स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको नाम बताउन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>4. घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग गर्न</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>5. घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग गर्न</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>6. फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह गर्ने कार्यमा सहयोग गर्न</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>7. फोहोरमैलाको पहिचान गर्न र उचित ठाउँमा राख्ने कार्यमा सहयोग गर्न</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति :</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

**६. दुर्घटना र विपत् व्यवस्थापन**

<table>
<tr><th rowspan="2">सिकाइ उपलब्धि</th><th rowspan="2">मूल्याङ्कनको साधन</th><th colspan="2">नियमित पढाइपछिको मूल्याङ्कन</th><th colspan="2">थप सहायतापछिको मूल्याङ्कन</th></tr>
<tr><th>मिति</th><th>अङ्कन</th><th>मिति</th><th>अङ्कन</th></tr>
<tr><td>1. दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>2. गाउँटोल वरपर घट्न सक्ने दुर्घटनाहरुको पहिचान गर्न</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>3. सडकमा हुन सक्ने दुर्घटनाहरुको पहिचान गर्न र सजगता अपनाउन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>4. विद्यालयमा हुने दुर्घटनाहरुको पहिचान गर्न र सजगता अपनाउन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति :</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

## अनुसूची २
## कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम

**विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

**१. गैडहवा गाउँपालिकाको परिचय**

<table>
<tr><th rowspan="2">सिकाइ उपलब्धि</th><th rowspan="2">मूल्याङ्कनको साधन</th><th colspan="2">नियमित पढाइपछिको मूल्याङ्कन</th><th colspan="2">थप सहायतापछिको मूल्याङ्कन</th></tr>
<tr><th>मिति</th><th>अङ्कन</th><th>मिति</th><th>अङ्कन</th></tr>
<tr><td>1. रुपन्देही जिल्लाको नक्सा अवलोकन र गैडहवा गाउँपालिका चिनारी दिन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>2. जाडो हुने महिना र धेरै गर्मी हुने महिना बताउन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>3. वडा समितिका प्रतिनिधिहरुको चिनारी दिन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>4. पालिकाका नदी, खोला, बाटा, सडक जानकारी दिन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>5. आफु बसेको वडामा भएका विद्यालय, स्वास्थ्य सेवा केन्द्र र खानेपानी तथा सरसफाइको अवस्था बताउन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>6. बिजुली बत्ती, यातायात र सञ्चारका साधनको सामान्य परिचय दिन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति :</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

**२. गैडहवाका सम्पदाहरु**

<table>
<tr><th rowspan="2">सिकाइ उपलब्धि</th><th rowspan="2">मूल्याङ्कनको साधन</th><th colspan="2">नियमित पढाइपछिको मूल्याङ्कन</th><th colspan="2">थप सहायतापछिको मूल्याङ्कन</th></tr>
<tr><th>मिति</th><th>अङ्कन</th><th>मिति</th><th>अङ्कन</th></tr>
<tr><td>1. गैडहवा गाउँपालिकाका धार्मिक स्थलहरुको परिचय दिन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>2. गैडहवा गाउँपालिकाको पुरानो र अहिलेको बजार स्थलको अवस्था बताउन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>3. गैडहवा गाउँपालिकामा बोलिने भाषाहरुको पहिचान गर्न</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>4. स्थानीय गीत (अल्हारुदल, सलहेस) र नृत्य अभ्यासमा सहभागी हुन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>5. गैडहवा गाउँपालिकाका चाडपर्वहरुको पहिचान गर्न</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>6. गैडहवा गाउँपालिकाका जातजातिको पहिचान गर्न र स्थानिय वेषभुषा बताउन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति :</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

### ३. गैडहवाका स्थानीय पेसा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. गाउँटोलका मानिसले गर्ने पेसा र व्यवसायको सामान्य परिचय दिन | | | | | |
| 2. स्थानीय पेशा तथा व्यवसायको परिचय दिन | | | | | |
| 3. स्थानीय स्तरमा उत्पादन हुने तरकारीको परिचय दिन र महत्व बताउन | | | | | |
| 4. स्थानीय स्तरमा उत्पादन हुने अन्नबाली (धान, मकै, गहुँ,) को परिचय दिन र महत्व बताउन | | | | | |
| 5. स्थानीय स्तरमा उत्पादन हुने नगदेबालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 6. स्थानीय स्तरमा उत्पादन हुने फलफूल बालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 7. स्थानीयस्तरमा उत्पादन हुने दलहन बालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 8. खेतिपातीमा प्रयोग गरिने औजारहरू पहिचान गर्न | | | | | |
| 9. स्थानिय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु पहिचान गर्न र परिचय दिन | | | | | |
| 10. दैनिक किनमेल गर्ने स्थानको नाम र सामानहरुको विवरण बताउन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### ४. स्वस्थ जीवन, नैतिकता र जीवनोपयोगी सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. पोषणको परिचय र महत्व बताउन | | | | | |
| 2. स्वस्थ जीवनको लागि स्थानीय अन्न/ खाद्यको परिचय दिन र महत्व बताउन | | | | | |
| 3. स्थानीय खेलको पहिचान र अभ्यास गर्न | | | | | |
| 4. आफुभन्दा ठुलालाई आदर सत्कार र सानालाई माया गर्न | | | | | |
| 5. परिवारको सदस्यहरुलाई घरको काममा सहयोग गर्न | | | | | |
| 6. घरायसी सामानहरुको उचित पहिचान र प्रयोग गर्न | | | | | |
| 7. सरसफाइमा प्रयोग हुने सामानको पहिचान र प्रयोग गर्न | | | | | |
| 8. व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी हुन | | | | | |
| 9. दैनिक जीवनमा प्रयोग हुने सामानको रेखदेख गर्न | | | | | |
| 10. उपयुक्त किसिमले बोल्न, हिडडुल गर्न र सन्तुलित खाना खाने बानीको विकास गर्न | | | | | |
| 11. छरछिमेकमा आफूले सक्ने काममा आपसी सहयोग गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**५. गैडहवाको वातावरण**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको वर्गीकरण गर्न | | | | | |
| 2. स्थानीय बोटबिरुवाहरूको परिचय दिन | | | | | |
| 3. बगैँचाको परिचय दिन | | | | | |
| 4. घर र विद्यालयमा वृक्षरोपणमा सहयोग गर्न र सहभागी हुन | | | | | |
| 5. बोटबिरुवाको संरक्षणमा सहयोग गर्न | | | | | |
| 6. फोहोरमैलाको परिचय दिन र प्रकार (कुहिने र नकुहिने) बताउन | | | | | |
| 7. घर तथा विद्यालयमा हुने फोहोर व्यवस्थापनमा आफूले सकेको सहयोग गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**६. दुर्घटना र विपत् व्यवस्थापन**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. आफु र आफ्नो समानको सुरक्षा गर्न | | | | | |
| 2. दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिकाहरुको पहिचान गरी अवलम्बन गर्न | | | | | |
| 3. घर, टोल वरपर, सडक र विद्यालयमा हुने दुर्घटनाप्रति सजगता अपनाउन | | | | | |
| 4. गैडहवा गाउपालिकामा हुन सक्ने दुर्घटना, प्रकोपहरु र महामारीको पहिचान गर्न | | | | | |
| 5. घर तथा विद्यालयमा घट्न सक्ने विपद्को नाम भन्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## अनुसूची ३
## कक्षा ३ को मूल्याङ्कन अभिलेखीकरण फाराम

**विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

**१. गैडहवा गाउँपालिकाको परिचय**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. लुम्बिनी प्रदेशको नक्सा अवलोकन र गैडहवा गाउँपालिका चिनारी दिन | | | | | |
| 2. गैडहवाको मौसमी अवस्था बताउन | | | | | |
| 3. वडाका प्रतिनिधिको कार्य | | | | | |
| 4. वडामा हुने विकास निर्माणका कार्यहरु | | | | | |
| 5. वडा कार्यालयमा जन्म, मृत्यु र विवाह दर्ता हुने जानकारी दिन | | | | | |
| 6. वडाअन्तर्गतका विद्यालय, स्वास्थ्य केन्द्रमा उपलव्ध सेवाको जानकारी लिन | | | | | |
| 7. विद्यालय, खानेपानी, बिजली, यातायात र सञ्चारको महत्व बताउन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**२. गैडहवाका सम्पदाहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. गैडहवा गाउँपालिकाका धार्मिक स्थलको परिचय दिन | | | | | |
| 2. गैडहवा गाउँपालिकाको पुरानो र अहिलेको बजारको भिन्नता छुट्याउन | | | | | |
| 3. गैडहवा गाउँपालिकामा बोलिने भाषाहरु बोल्ने सामान्य अभ्यास गर्न | | | | | |
| 4. स्थानीय गीत तथा नृत्य अभ्यास गर्न | | | | | |
| 5. गैडहवा गाउँपालिकामा मनाइने चाडपर्वको नाम, समय र मुख्य क्रियाकलापहरु | | | | | |
| 6. गैडहवा गाउँपालिकाका जातजातिको पहिचान गर्न र स्थानिय वेषभुषा बताउन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### ३. गैडहवाका स्थानीय पेसा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. आफ्नो वडा भित्रका मानिसले अपनाएका पेसा व्यवसायको परिचय दिन | | | | | |
| 2. स्थानीय पेसा व्यवसायको सम्मान गर्न | | | | | |
| 3. स्थानीय स्तरमा उत्पादन हुने तरकारीको परिचय दिन र महत्व बताउन | | | | | |
| 4. स्थानीय स्तरमा उत्पादन हुने अन्नबालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 5. स्थानीय स्तरमा उत्पादन हुने नगदेबालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 6. स्थानीय स्तरमा उत्पादन हुने फलफूल बालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 7. स्थानीयस्तरमा उत्पादन हुने दलहन बालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 8. स्थानिय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु पहिचान गर्न र परिचय दिन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### ४. स्वस्थ जीवन, नैतिकता र जीवनोपयोगी सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. पोषणको परिचय दिन र महत्व बताउन | | | | | |
| 2. स्वस्थ जीवनको लागि स्थानीय अन्न/ खाद्यको परिचय दिन र महत्व बताउन | | | | | |
| 3. स्थानीय खेलको पहिचान र अभ्यास गर्न | | | | | |
| 4. मान्यजनहरु, नातागोता र पाहुनाको सम्मान र सत्कार गर्न | | | | | |
| 5. दैनिक जीवनमा प्रयोग हुने सामानको उचित तरिकाले प्रयोग गर्न | | | | | |
| 6. व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास गर्न | | | | | |
| 7. घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता जनाउन | | | | | |
| 8. घरपरिवार, चर्पि, धारा, पाटीपौवा र वरपरको वातावरण सफा राख्न | | | | | |
| 9. अपाङ्ग, दृष्टिविहिन, बुढा र असहाय व्यक्तिलाई सम्मान र सहयोग गर्न | | | | | |
| 10. सञ्चारका माध्यम र साधनलाई चिन्न र उचित तरिकाले प्रयोग गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**५. गैडहवाको वातावरण**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको पहिचान गर्न | | | | | |
| 2. स्थानीय बोटबिरुवाको महत्व तथा उपयोग बताउन | | | | | |
| 3. विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन | | | | | |
| 4. घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न | | | | | |
| 5. फोहोरमैला व्यवस्थापनको परिचय दिन | | | | | |
| 6. विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) गर्न | | | | | |
| 7. वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान गर्न र सरसफाइ कार्यमा सहभागी हुन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**६. दुर्घटना र विपत् व्यवस्थापन**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. दैनिक प्रयोग गरिने घरायसी सामग्रीको सुरक्षित प्रयोग गरी यसबाट सुरक्षित रहन | | | | | |
| 2. घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीहरुको जानकारी दिन र अवलम्बन गर्न | | | | | |
| 3. गैडहवा गाउपालिका हुन सक्ने दुर्घटना, प्रकोप र महामारीको सामान्य परिचय दिन | | | | | |
| 4. दुर्घटना, प्रकोप र विपद्प्रति सजगता अपनाउन | | | | | |
| 5. घर तथा विद्यालयमा आउन सक्ने विपदहरुको पहिचान गरी सुरक्षाका उपाय अपनाउन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### (ख) विद्यार्थी मूल्याङ्कन (कक्षा ४-८)

पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्ने प्रक्रियाको रुपमा मूल्यांकनलाई लिइन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा उल्लेख भएबमोजिम कक्षा ४ देखि ८ सम्म नै मूल्यांकनमा एकरुपता गर्ने गरी आन्तरिक मूल्यांकन (प्रयोगात्मक, परियोजना कार्य, सहभागिता, त्रैमासिक परीक्षा) ५० प्रतिशत भार र बाह्य मूल्यांकन (संज्ञानात्मक क्षेत्रका सिकाइ उपलब्धि लेखाजोखा गर्न) ५० प्रतिशत भार छुट्याइएकोले यस हाम्रो गैडहवा हाम्रो गौरव पाठ्यक्रममा राखिएका सिकाइ उपलब्धिको लेखाजोखा गर्न समेत सोही प्रावधानलाई जोड दिइएको छ । पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक (आन्तरिक) र निर्णयात्मक (बाह्य) दुवै सिसिमका मूल्याङ्कन गरिनेछ । निर्माणात्मक मूल्यमान्यताको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

**(क) आन्तरिक मूल्याङ्कन**

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| **सि.नं.** | **मूल्याङ्कनका पक्ष** | **अंक भार** |
|---|---|---|
| १ | **सहभागिता** (उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता) | ४ |
| २ | **प्रयोगात्मक/परियोजना** | **३६** |
| | (क) प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन | २० |
| | (ख) प्रयोगात्मक तथा परियोजना कार्यको प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखीकरण | १० |
| | (ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| **३** | **त्रैमासिक परीक्षा** | **१०** |
| | जम्मा | ५० |

आन्तरिक मूल्यांकनको कुल भारको ५० प्रतिशत समावेश गरिनेछ भने अन्तिम तथा बाह्य परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।

**द्रष्टव्य :**

- सहभागिताअन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन् । यसअन्तर्गत उपस्थितिमा २ अंकभार र सिकाइ क्रियाकलापमा सक्रियता र सहभागिताबापत २ अकंभार गरी सहभागिताबापत् जम्मा ४ अंकभार कायम गरिनेछ ।
- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्ने छ । उक्त भारअनुसार नै अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट दिन सकिने छ ।
- त्रैमासिक परीक्षालाई ५० प्रतिशत अङ्कभारमा सञ्चालन गरी तोकिएको १० प्रतिशत अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ।
- त्रैमासिक परीक्षामा सुरु देखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ ।
- एक शैक्षिक सत्रमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ । उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्ने छ ।
- वार्षिक रुपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार (सहभागिता ४, परियोजना तथा प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १०) को छुट्टै ग्रेड तथा बाह्य परीक्षाको ५० अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड पोइन्ट (**Grade Point Average-GPA)** कायम हुने गरी ग्रेड सिट तयार गर्नुपर्ने छ । यसरी ग्रेडसिट तयार गर्दा लेटर ग्रेडिङ कार्यान्वयन सहयोगी पुस्तिका २०७९ अनुसार गर्नुपर्ने छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकताअनुसार दृश्य तथा ठुला मुद्रित सामग्री, स्पर्शात्मक सामग्रीलगायतको उपयोग गर्नुपर्ने छ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, टङ्कण, साङ्केतिक भाषा वा सङ्केत प्रयोग गर्न उत्प्रेरित गर्नुपर्ने छ । कठिन तहको अपाङ्गता भएका विद्यार्थीलाई उनीहरूको स्तर, रुचि र आवश्यकताका आधारमा समय तालिका बनाई सोअनुसार मूल्याङ्कन गर्नुपर्ने छ ।

**(ख) बाह्य मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले संज्ञानात्मक क्षेत्रका सिकाइ उपलब्धि हासिल गरे गाउँको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ । यस पाठ्यक्रममा कक्षा ६–८ को विशिष्टीकरण तालिका विकास गरिएको छ । यसलाई आधार मानेर विद्यालयले कक्षा ४ र ५ को विशिष्टीकरण तालिका निर्माण गरी अन्तिम परीक्षा (५० पूर्णाङ्कको परीक्षा) को प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

**विषयवस्तुको क्षेत्र/एकाइ र अनुमानित कार्यघन्टा (कक्षा १, २ र ३)**

| क्र.स. | क्षेत्र/एकाइ | अनुमानित कार्य घण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | गैडहवा गाउँपालिकाको परिचय | १५ | १५ | १५ |
| २ | गैडहवाका सम्पदाहरु | ३५ | ३५ | ३५ |
| ३ | गैडहवाका पेसा, व्यवसाय र प्रविधि | ४० | ४० | ४० |
| ४ | स्वस्थ जीवन,  नैतिकता र जीवनोपयोगी सिप | २० | २० | २० |
| ५ | गैडहवाको वातावरण | ३० | ३० | ३० |
| ६ | दुर्घटना र विपद् व्यवस्थापन | २० | २० | २० |
| जम्मा | | **१६०** | **१६०** | **१६०** |

**विषयवस्तुको क्षेत्र/एकाइ र कार्यघन्टा (कक्षा ४ र ५)**

| क्र.स. | क्षेत्र/एकाइ | अनुमानित कार्य घण्टा | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १ | गैडहवा गाउँपालिकाको परिचय | १५ | १५ |
| २ | गैडहवाका सम्पदाहरु | ३५ | ३५ |
| ३ | गैडहवाका पेसा, व्यवसाय र प्रविधि | ४० | ४० |
| ४ | गैडहवाको वातावरण | १५ | १५ |
| ५ | दुर्घटना तथा विपत् व्यवस्थापन | १० | १० |
| ६ | हाम्रा व्यक्तित्व र संघ संस्थाहरुको परिचय र योगदान | १३ | १३ |
| जम्मा | | **१२८** | **१२८** |

**विषयवस्तुको क्षेत्र/एकाइर अनुमानित कार्य घण्टा (कक्षा ६, ७ र ८)**

| क्र.स. | क्षेत्र/एकाइ | अनुमानित कार्य घण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | गैडहवा गाउँपालिकाको परिचय | २५ | २५ | २५ |
| २ | गैडहवाका सम्पदाहरु | २० | २० | २० |
| ३ | गैडहवाका पेसा, व्यवसाय र प्रविधि | ३५ | ३५ | ३५ |
| ४ | गैडहवाको वातावरण | २५ | २५ | २५ |
| ५ | विपत् व्यवस्थापन | १३ | १३ | १३ |
| ६ | हाम्रा व्यक्तित्व र संघ संस्थाहरुको परिचय र योगदान | १० | १० | १० |
| जम्मा | | **१२८** | **१२८** | **१२८** |

## अनुसूची ४ विशिष्टीकरण तालिका

### कक्षा ६–८

पूणाङ्क : ५० समय : २ घण्टा

| प्रश्न योजना तथा अङ्कभार वितरण | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **एकाइ** | **क्षेत्र/एकाइ** | कार्य घण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्चदक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
| | | | | अति छोटो | छो टो | ला मो | अति छोटो | छो टो | ला मो | अति छोटो | छो टो | ला मो | अति छोटो | छो टो | ला मो | अति छोटो | छोटो | ला मो | अति छोटो | छो टो | लामो | |
| १ | गैडहवा गाउँपालिकाको परिचय | २५ | १० | २ | १ | | | १ | | | | १ | | | | २ | २ | १ | २ | ४ | ४ | १० |
| २ | गैडहवाका सम्पदाहरु | २० | ८ | १ | | | १ | | | | | | | १ | १ | २ | १ | १ | २ | २ | ४ | ८ |
| ३ | गैडहवाका पेसा, व्यवसाय र प्रविधि | ३५ | १३ | १ | | | | | १ | | १ | १ | | १ | | १ | २ | २ | १ | ४ | ८ | १३ |
| ४ | गैडहवाको वातावरण | २५ | १० | १ | १ | | | १ | १ | १ | | | | | | २ | २ | १ | २ | ४ | ४ | १० |
| ५ | विपत् व्यवस्थापन | १३ | ५ | १ | | | | | | | १ | | | १ | | १ | २ | | २ | ४ | | ५ |
| ६ | हाम्रा व्यक्तित्व र संघ संस्थाहरुको परिचय र योगदान | १० | ४ | | | | | | १ | | | | | | | | | १ | | | ४ | ४ |
| जम्मा | | १२८ | ५० | ६ | २ | | १ | २ | ३ | १ | २ | १ | | ३ | १ | ८ | ९ | ६ | ८ | १८ | २४ | ५० |

**प्रश्न सङ्ख्या, अङ्कभार र समय तालिका**

| **क्र.स.** | **प्रश्नको प्रकार** | **प्रश्न सङ्ख्या** | **प्रति प्रश्न अङ्कभार** | **जम्मा अङ्कभार** | **समय** |
|---|---|---|---|---|---|
| १ | अति छोटो प्रश्न | ८ | १ | ८ | २ घण्टा |
| २ | छोटो प्रश्न | ९ | २ | १८ | |
| ३ | लामो प्रश्न | ६ | ४ | २४ | |
| जम्मा | | २३ | | ५० | |

**द्रष्टव्य :**

- सामान्यतया ज्ञान तहका प्रश्न २० प्रतिशत, बोध तहका प्रश्न ३० प्रतिशत, प्रयोग तहका प्रश्न ३० प्रतिशत र उच्च दक्षताका प्रश्न २० प्रतिशत हुने छन् । तर संज्ञानात्मक क्षेत्रका तहहरूभित्रसमेत ±२ हुने गरी प्रश्न निर्माण गर्न सकिने छ ।
- उच्च दक्षताअन्तर्गत विश्लेषण, मूल्याङ्कन र सिर्जना रहने गरी प्रश्न निर्माण गर्नुपर्ने छ ।
- अति छोटो प्रश्नको सट्टा बहुबैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्न, जोडा मिलाउने प्रश्न सोध्न सकिने छ ।